वर्ष २० | अंक १०४ | काठमाडौं | बिहीवार, २५ पुस २०८१ | Thursday, 9 January 2025 | पृष्ठ ८ | मूल्य रू. १०
ISSN No. 2822-1702
@abhiyannationaldaily
@aarthik_abhiyan
ग्राहक प्रति
www.abhiyandaily.com
आर्थिक अभियान
हरेक दृष्टि, आर्थिक कोण
राष्ट्रिय दैनिक



**उपभोक्ता हकको रक्षा गरौं !**

- खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति नराखु,
- मिति/म्याद समाप्त भएको वस्तु बिक्री गर्नु,
- कुनै पनि वस्तुको कृत्रिम अभाव सिर्जना गर्नु,
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्री गर्नु,
- खाद्य पदार्थमा अखाद्य रंग वा पदार्थको प्रयोग गर्नु,
- जस्ता कार्य उपभोक्ताको हक विरुद्धका कार्य हुन्,

यस्ता कार्य कानून बमोजिम दण्डनीय भएकोले त्यस्ता कार्य नगरौं नगराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

महालक्ष्मी विकास बैंकद्वारा अटिजम सिकाइ केन्द्रलाई सहयोग २
एनसेललाई आइएसओ २७००१ र २७७०१ मान्यता ३
आर्थिक गतिशीलताका लागि अचुक अस्त्रको खोजी ४
सिमेन्टको मूल्यमा 'कार्टेलिङ' भएको छैन ८

# किन मर्जरमा जान खोज्दैछन् बैंकहरू ?

यादव हुमागाई
काठमाडौं

नेपाल राष्ट्र बैंकले एक आपसमा गाभिने (मर्जर) र प्राप्ति (एक्विजिसन) का लागि दिएको छुट र सहुलियत सकिएको एक वर्षपछि बैंकहरूले फेरि यसमा चासो दिन थालेका छन् । बैंकहरूले वार्षिक साधारणसभाबाट विशेष प्रस्ताव पारित गर्दै मर्जर तथा एक्विजिसनको लागि तयार रहेको सन्देश दिएका हुन् ।

हालसम्ममा गत आर्थिक वर्ष २०८०/८१ को साधारणसभा सम्पन्न गरेका ८ वाणिज्य बैंकमध्ये सिटिजन्स बैंक इन्टरनेशनल, प्राइम, नबिल र नेपाल एसबीआई गरी ४ ओटा बैंकले मर्जर तथा एक्विजिसनको निर्णय गर्न सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गरेका छन् । प्रस्ताव पारित भएसँगै यी बैंकहरूलाई सञ्चालक समितिबाट निर्णय गरी मर्जर तथा एक्विजिसनमा जाने बाटो खुलेको छ ।

चालू आर्थिक वर्षमा सबैभन्दा पहिला सिटिजन्स बैंक इन्टरनेशनलले मर्जर तथा एक्विजिसन प्रस्ताव पारित गरेको हो । कात्तिक पहिलो साता भएको साधारणसभाबाट बैंकले 'सिटिजन्स बैंक इन्टरनेशनल र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकन गर्न राष्ट्रिय वा अन्तरराष्ट्रिय मान्यता प्राप्त मूल्यांकनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्नेसम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पूरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने' प्रस्ताव पारित गरेको छ ।

यसैगरी प्राइम कमर्सियल बैंकले पनि मङ्सिरमा साधारणसभा गरी 'यस बैंक र अन्य कुनै बैंक तथा वित्तीय संस्था एक आपसमा मर्ज हुने (गाभ्ने गाभिने) प्राप्ति (एक्विजिसन) गर्ने सन्दर्भमा आवश्यक सम्पूर्ण प्रक्रिया अवलम्बन गरी एक आपसमा मर्ज हुने (गाभ्ने/गाभिने) प्राप्ति (एक्विजिसन) गर्नका लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियार प्रदान गर्ने' विशेष प्रस्ताव पारित गरेको छ ।

मङ्सिरमै साधारणसभा गरेको नबिल बैंकले पनि साधारणसभाबाट मर्जर तथा एक्विजिसन र वैदेशिक साझेदारीमा जानेसम्बन्धी विशेष प्रस्ताव पारित गरेको छ । उक्त सभाबाट 'नबिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गर्न, गाभ्ने/गाभिने वा प्राप्ति गर्नेसम्बन्धी सम्झौता गर्न, वैदेशिक साझेदारीमा जानेसम्बन्धी निर्णय गर्न तथा सोसम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने' प्रस्ताव पारित भएको छ ।



**साधारणसभाबाट प्रस्ताव पारित हुँदैमा मर्जरमा गइहाल्ने योजना छैन । त्यस्तो अवस्था वा अवसर आयो भने खुला छौं भनेर प्रस्ताव पारित गरेका हौं ।**

उपेन्द्र पौड्याल
अध्यक्ष, नबिल बैंक



**अब पूँजी या अन्य कारणले बैंकहरू मर्जरमा जानुपर्ने बाध्यता छैन । बैंकले दिने प्रतिफल घटिरहेकाले राम्रो संस्थासँग मर्जर गरेर सञ्चालकहरू बाहिरिन खोजेको हुन सक्छ ।**

भुवनकुमार दाहाल
पूर्वअध्यक्ष, नेपाल बैंकर्स संघ

**गत आर्थिक वर्ष २०८०/८१ को साधारणसभा सम्पन्न गरेका ८ वाणिज्य बैंकमध्ये सिटिजन्स बैंक इन्टरनेशनल, प्राइम, नबिल र नेपाल एसबीआई गरी ४ ओटा बैंकले मर्जर तथा एक्विजिसनको निर्णय गर्न सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गरेका छन् ।**

हालसम्म कुनै मर्जर प्रक्रियामा सहभागी नभएको नेपाल एसबीआई बैंकले पनि साधारणभसाबाट मर्जर र एक्विजिसन गर्ने प्रस्ताव पारित गरेको छ । गत आइतवार सम्पन्न भएको उक्त बैंकको साधारणभाले 'बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरू गाभ्ने/गाभिने मर्जर वा प्राप्ति एक्विजिसन गर्न आवश्यक सहमति र सम्झौता गर्नेलगायत बैंक वित्तीय संस्थाहरू गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा प्रचलित नियम, कानूनबमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य गर्ने/गराउने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने' विशेष प्रस्ताव पारित गरेको छ ।

मर्जर प्रस्ताव पारित गर्ने बैंकमध्ये नबिलले गत वर्षमात्र एनबी बैंक प्राप्त (एक्विजिसन) गरेको थियो । 'बिग मर्जर' गरेको एक वर्षमै नबिलको साधारण सभाले पुनः मर्जरको एजेन्डा पारित गरेको हो । नबिल बैंकका अध्यक्ष उपेन्द्र पौडयाल तत्काल मर्जरमा गइहाल्ने योजना नभए पनि बाटो खुला राखेको बताउँछन् । 'साधारणसभाबाट प्रस्ताव पारित हुँदैमा मर्जरमा गइहाल्ने योजना छैन,' उनले भने, 'त्यस्तो अवस्था वा अवसर आयो भने खुला छौं भनेर प्रस्ताव पारित गरेका हौं ।'

बैंक, वित्तीय संस्थाको संख्या अत्यधिक भएसँगै अस्वस्थ प्रतिस्पर्धा हुन थालेपछि राष्ट्र बैंकले नयाँ लाइसेन्स बन्द गर्दै २०६८ सालमै मर्जर र एक्विजिसन नियमावली जारी गरी प्रोत्साहन दिन थालेको थियो । त्यसयता मर्जर तथा प्राप्तिमार्फत वाणिज्य बैंकको संख्या ३२ बाट २० ओटामा, विकास बैंक १७ ओटामा र फाइनान्स कम्पनी ७९ ओटाबाट १७ ओटामा झरेको छ । राष्ट्र बैंकले पनि मर्जर गर्ने संस्थालाई दिँदै आएको सहुलियत गत असारबाट लघुवित्त संस्थाहरूलाई मात्र दिइरहेको छ ।

नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवनकुमार दाहाल भने बैंकहरूको मर्जर एजेन्डालाई लगानीकर्ताहरू बाहिरिन खोजेको संकेतका रूपमा पनि लिनुपर्ने बताउँछन् । 'अब पूँजी या अन्य कारणले बैंकहरू मर्जरमा जानुपर्ने बाध्यता छैन,' उनले आर्थिक अभियानसँग भने, 'बैंकले दिने प्रतिफल घटिरहेकाले राम्रो संस्थासँग मर्जर गरेर सञ्चालकहरू बाहिरिन खोजेको हुन सक्छ ।' यसैगरी बैंकहरू ठूलो हुँदै गएकाले साधारणसभा गर्न खर्चिलो हुने भएकाले पनि नियमित साधारणसभाबाटै प्रस्ताव पारित गराएको हुन सक्ने उनले बताए ।

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको अन्तरिम प्रतिवेदन

# उधारो भुक्तानीसम्बन्धी कानून ल्याउन सुझाव

विजय दमासे
काठमाडौं

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले उधारो भुक्तानीसम्बन्धी कानून ल्याउन सरकारलाई सुझाव दिएको छ । व्यावसायिक कारोबार उधारोमा गरिने तर उधारो उठाउन गाह्रो हुन भएकोले उद्योगी, व्यापारीले लामो समयदेखि यससम्बन्धी कानून आवश्यक रहेको बताउँदै आएका छन् ।

भारतमा साना तथा मझौला उद्योगलाई तिर्नुपर्ने उधारो कि सम्झौता मितिभित्र त्यो नभए सम्झौता भएको दिनबाट ४५ दिनभित्र तिर्नुपर्ने व्यवस्था गरिएको छ । सम्झौता भएको छैन भने कारोबार भएको १५ दिनभित्र उधारोको रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उधारो भुक्तानी तोकिएको अवधिभित्र नगरे उक्त रकम आफ्नो करयोग्य आयबाट घटाउन नमिल्ने कानूनी व्यवस्था गरिएको छ ।

उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेललाई बुधवार अन्तरिम सुझाव पेश गर्दै पूर्वअर्थसचिव रामेश्वर खनाल नेतृत्वको आयोगले यससम्बन्धी कानून बनाउन सुझाव दिएको हो । त्यसैगरी, आयोगले समस्यामा परेका बैंक, वित्तीय संस्थाका ऋणीलाई ऋण तिर्न सहज वातावरण बनाउन सुझाव दिएको आयोगका एक सदस्यले आर्थिक अभियानलाई बताए ।

कोभिड-१९ अगाडि राम्रो अवस्थामा रहेको व्यवसाय अहिले समस्यामा परेको तर पछि सुधार हुने स्थिति रहेमा विषय हेरिकन एक वर्षसम्म कर्जा पुनर्तालिकीकरण गर्न अवसर दिनुपर्ने सुझाव पनि आयोगको छ ।

घरजग्गाको बजार शिथिल रहेको र बैंकहरूको गैरबैंकिङ सम्पत्ति बढ्दै गएको सन्दर्भमा सार्वजनिक-निजी साझेदारीमा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न आवश्यक कानून जारी गर्न आयोगले भनेको छ । प्रतिवेदनमा सरकारले विभिन्न क्षेत्रमा प्रदान गरेको अनुदानले उत्पादन र रोजगारीमा पारेको प्रभावको आधारमा स्रोतको उपलब्धतालाई मध्यनजर गर्न र सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यक्रम पुनरवलोकन गर्न पनि सुझाइएको छ ।

सहकारी क्षेत्रमा देखिएको समस्या समाधान गर्न बचत तथा ऋण सहकारी संस्थाको कार्यक्षेत्र एक स्थानीय तहको भौगोलिक क्षेत्रभन्दा बढी हुन नदिने गरी कानूनी व्यवस्था गर्ने, सहकारी संस्थाले कम्पनी वा संगठित संस्थालाई सदस्य बनाउन नपाउने र प्राकृतिक व्यक्ति मात्र सदस्य हुन पाउने व्यवस्था गर्ने, बचत तथा ऋण सहकारी संस्थामा वित्तीय संस्थामा जस्तै एकल कर्जा सीमाको कानूनी व्यवस्था गर्ने, तत्कालको लागि एकै व्यक्तिलाई एउटा वा एकभन्दा बढी तमसुकबाट हुने कुल ऋण लगानी संस्थाको कुल शेयर पूँजीको १० प्रतिशतभन्दा बढी हुन नदिने व्यवस्था गर्नेलगायत सुझाव आयोगले दिएको छ ।

आयोगले चालू आर्थिक वर्षको बाँकी अवधिमा पूँजीगत खर्च वृद्धि गर्न १० करोड रुपैयाँभन्दा बढी रकम विनियोजन भएका सबै आयोजनाको नियमित अनुगमन र स्थलगत रूपमा समस्याको समाधान गर्न अधिकारसम्पन्न टोली परिचालन गर्नुपर्ने सुझाव दिएको छ । चालू आर्थिक वर्ष नयाँ ठेक्का नलगाई निर्माण सम्पन्न कामको भुक्तानीलाई प्राथमिकता दिने, बहुवर्षीय ठेक्का लागेर सृजित दायित्व पूरा गरेर बजेट उपलब्ध हुन सक्ने भएमात्र आउने वर्षको बजेटमा नयाँ आयोजना राख्न पनि सुझाइएको छ ।

सरकारले अर्थतन्त्रबारे सुझाव दिन गत असोज तेस्रो हप्ता विज्ञ र निजीक्षेत्रको समेत प्रतिनिधित्व रहने गरी उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गरेको थियो । प्रतिवेदनमा स्वास्थ्य बीमाको प्रिमियम बढाउन र को-पेमेन्ट अर्थात बिरामीले पनि निश्चित अनुपातको खर्च बेहोर्ने प्रणालीको अनुपात बढाउन आयोगले सिफारिश गरेको छ ।

प्रतिवेदन बुझ्दै उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले आयोगले दिएका सुझाव यथाशक्य छिटो कार्यान्वयन गर्न सरकार कटिबद्ध रहेको बताए ।

## प्रमुख सुझाव

- वित्तीय क्षेत्रका वास्तविक समस्याग्रस्त ऋणीलाई सहजीकरण गर्नु
- बजेट उपलब्ध हुन सक्ने भएमात्र नयाँ आयोजना आउने वर्षको बजेटमा राख्नु
- सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यक्रम पुनरवलोकन गर्नु
- व्यापारिक उधारो नियमन गर्न कानून निर्माण गर्नु
- समस्याग्रस्त सहकारीमा देखिएको समस्या सम्बोधन गर्नु
- सार्वजनिक-निजी साझेदारीमा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न आवश्यक कानून बनाउनु
- पूँजीगत खर्च वृद्धि गर्न १० करोड रूपैयाँभन्दा बढी रकम विनियोजन भएका सबै आयोजनाको नियमित अनुगमन र स्थलगत रूपमा समस्याको समाधान गर्न अधिकारसम्पन्न टोली परिचालन गर्नू

जर्मनीको फ्र्याङ्फर्टमा एम्बियन्ते व्यापार मेला

# करीब दुई दर्जन नेपाली उद्यमी सहभागी हुने

प्रशान्त खड्का
काठमाडौं


जर्मनीको फ्र्याङ्फर्टमा हुने एम्बिएन्टे व्यापार मेलामा यस वर्ष नेपालबाट २२ उद्यमीले सहभागिता जनाउन लागेका छन् ।

आगामी फेब्रुअरी ७ देखि ११ सम्म सञ्चालन हुने उक्त मेलामा नेपालसहित करीब ७० देशका उद्यमी, व्यवसायीको सहभागिता रहने आयोजकले जानकरी दिएको छ । । मेस्से फ्र्याङ्फर्टले आयोजना गर्दै आएको उक्त व्यापार मेला नेपालका लागि पनि निर्यात प्रवर्द्धन गर्ने उपयुक्त प्लेटफर्म मानिन्छ । नेपालका लागि मेस्से फ्र्याङ्फर्टको आधिकारिक प्रतिनिधि मेस्से फ्र्याङ्फर्ट नेपालका प्रमुख विनोद मल्लका अनुसार विगतमा झैं यस वर्ष पनि उक्त मेलाले नेपाली उत्पादनको निर्यात प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने मानिएको छ ।




एम्बिएन्टे मेला 'मेस्से फ्र्याङ्फर्ट'को एउटा ब्रान्ड हो, जुन लिभिङ, गिभिङ र डायनिङका सामग्रीका लागि विश्वकै प्रख्यात व्यापार मेला मानिन्छ । हरेक वर्ष फेब्रुअरीमा फ्र्याङ्फर्टमै आयोजना हुने उक्त मेलामा नेपाली उद्यमी/व्यवसायीले पनि घरायसी फर्निचर, भान्सामा प्रयोग हुने सामग्रीसहित गिफ्ट आइटम, मूर्तिकला, कार्पेट, पस्मिना, फेल्टलगायत हस्तकलाका विभिन्न सामाग्री प्रदर्शनी गर्ने गर्छन् । प्रदर्शनीपश्चात् विश्वभरका थोक व्यवसायीको मागबमोजिम नेपालबाट आफ्नो उत्पादन निर्यात गर्ने गर्छन् । 'मेस्से फ्र्याङ्फर्ट'ले जर्मनीको फ्र्याङ्फर्ट' शहरमा ८०० वर्षदेखि यस्तो व्यापार मेला आयोजना गर्दै आएको छ । » बाँकी पृष्ठ ५ मा


नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




# कुनै पनि परियोजनामा लगानी सुनिश्चित भएन

हिमा वि.क
काठमाडौं

गत वैशाख १६ र १७ आयोजना गरिएको तेस्रो लगानी सम्मेलनमा सरकारले प्रस्ताव गरेको कुनै पनि परियोजनामा विदशी लगानीकर्ता आकर्षित भएनन् । स्वदेशी लगानीकर्ताले २ ओटा परियोजनाका लागि हालेको आशयपत्र पनि मूल्यांकनाको क्रममा योग्यता नपुगेर अस्वीकृत भएका छन् ।

यससँगै सरकाले तयार पारेको लगानीयोग्य परियोजनामा कुनै पनि स्वदेशी तथा विदेशी लगानी सुनिश्चित हुन सकेन । एकपछि अर्को सरकार परिवर्तन भइरहेको समयमा आयोजना गरिएको लगानी सम्मेलनबाट ठूलो परिणाम आउने अपेक्षा कमै थियो । कतैबाट लगानी सुनिश्चित हुन नसक्दा उक्त लगानी सम्मेलनको उपादेयतामाथि प्रश्न उब्जिएको छ ।

तामाझाम सहित आयोजना गरिएको सम्मेलनमा ८०० भन्दा बढी विदेशी प्रतिनिधिसहित २ हजार ५०० भन्दा बढीको सहभागितामा थियो । लगानी बोर्ड स्रोतका अनुसार उक्त सम्मेलन गर्न करीब ८ करोड रुपैयाँ खर्च भएको थियो । लगानी बोर्ड नेपालले १२ ओटा परियोजनाको सूची राखेर लगानीकर्तालाई आशयपत्र (एक्सप्रेसन अफ इन्ट्रेस्ट) पेश गर्न आह्वान गरेको थियो । तर, बोर्डले २ पटक आशयपत्र आह्वान गर्दासमेत एउटै विदेशी लगानीकर्ताले पेश गरेनन्।

लगानी बोर्डका अनुसार जानकी हेरिटेज होटेल एन्ड कल्चरल भिलेज र बबरमहल प्रशासनिक प्लाजा निर्माणका लागि स्वदेशी निजीक्षेत्रका २ ओटा कम्पनीले आवेदन दिए पनि ती मूल्यांकन चरणबाटै बाहिरिएका छन् ।




**लगानी सम्मेलन असफल ?**

- लगानी बोर्डले प्रस्तुत गरेका कुनै पनि परियोजनामा विदेशी लगानीकर्ता आएनन्
- दुईओटामा स्वदेशी लगानीकर्ताले आशयपत्र पेश गरे पनि मूल्यांकनको क्रममा अयोग्य सावित

प्रस्तावित २ अर्ब २५ करोड रूपैयाँ लगानीको जानकी हेरिटेज परियोजनाका लागि सोल्टी शिवक्रिम प्रालि काठमाडौं र प्रस्तावित १० अर्ब २ करोड रूपैयाँ लागतको बबरमहल प्रशासनिक प्लाजा परियोजनामा गंसु-एसएस-ल्यान्डमार्क ब्लुबर्ड मल काठमाडौंले आशयपत्र पेश गरेका थिए । बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले मूल्यांकनको चरणमा ती कम्पनीका प्रस्ताव योग्यता नपुगेको हुँदा रद्द भएको जानकारी दिए ।

'उनीहरूले प्रस्तुत गरेका कागजात र कम्पनीका विभिन्न योग्यता हेर्दा र हामीले राखेको परियोजना छनोटको मापदण्ड मेल नखाएपछि प्रस्ताव रद्द गरिएको हो,' उनले भने, 'अब पुनः नयाँ तरिकाले आशयपत्र आह्वान गर्नुपर्ने हुन्छ । उनीहरूले पनि योग्यता पुऱ्याएर पुनः प्रस्ताव हाल्न पाउँछन् ।'

उपाध्यायका अनुसार पुनः आशयपत्र माग गर्ने तयारीमा बोर्ड छ । अब आह्वान गरिने आशयपत्रमा यी १२ ओटा परियोजना पर्न पनि सक्ने र कतिपय परियोजना नपर्न पनि सक्ने भन्दै उनले थपे, 'यो सूचीमा परिमार्जन पनि हुन सक्छ, थप नयाँ परियोजना पनि राख्न सकिन्छ ।'

सरकारले तेस्रो लगानी सम्मेलन आयोजना गरेर जलाशययुक्त जलविद्युत् आयोजना, औद्योगिक क्षेत्र, प्रसूति अस्पतालदेखि एक्सप्रेस वे र सम्मेलन केन्द्रका लागि लगानी जुटाउन विभिन्न १२ ओटा परियोजनामा आशयपत्र माग गरेको थियो । » बाँकी पृष्ठ ५ मा

# स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड
Swarojgar Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बनेपा- ५, काभ्रेपलाञ्चोक,
फोन नं.: ०११-६६१०६०, ६६५३४८
ईमेल : Info@slbbl.com.np, वेबसाईट : www.slbbl.com.np

## ऋणी सदस्यहरूलाई कर्जा चुक्ता/भुक्तान गर्ने आउने बारेको ३५ (पैतिस) दिने सूचना

प्रकाशन मिति : २०८१/०९/२५

यस लघुवित्त वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले तमसिलमा उल्लेखित धितो सुरक्षण राखि/सामूहिक जमानीमा कर्जा लिनु भएकोमा ऋणीले लिएको ऋण कर्जाको साँवा, व्याज लगायत अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको सर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण/कर्जा सम्बन्धी सर्त बन्देज उल्लङघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखि यस वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नुहोला अन्यथा प्रचलित ऐन, कानुन तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखत बमोजिम ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सुचना केन्द्रको कालोसूचीमा नाम समावेश गरिनुका साथै धितोमा रहेका वा नरहेका चलअचल सम्पत्ती लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ।

| क.स. | शाखा कार्यालय | ऋणीको नाम | ठेगाना | ना.प्र.न. | जारी मिति | ऋणीको ३ पुस्ते विवरण पति/पिता/ससुरा | व्यक्तिगत जमानिकर्ताको नाम/ठेगाना/ना.प्र.प.न. |
|---|---|---|---|---|---|---|---|
| १ | अमृतगंज | सगिता देवी | पटेर्वा-९, बारा | ३३३०१२/३१३ | २०६३/११/२५ | अनिल कुमार कुशवाहा/मुनीलाल कुशवाह/विधानन्द महतो | सुरेन्द्र कुमार कुशवाहा/पटेर्वा-०९, बारा/३३२००४/०६९५/८९२९ |
| २ | अमृतगंज | सोशिला कुमारी | पटेर्वा-९, बारा | ३३३०१२/५९२७ | २०६३/११/२५ | चन्द्र शेखर महतो कोइरी/रामेएकलाल महतो/भोला महतो कोइरी | चन्द्र शेखर महतो कोइरी/पटेर्वा-०९, बारा/३३३०१२/५८१० |
| ३ | अमृतगंज | प्राणी देवी | कुडवा-७, बारा | ३३१०३२/१८२३२ | २०६८/०४/०९ | तेजलाल पैसवान/चलितर हजारा/भौर हजारा | तेजलाल पैसवान/कुडवा-०७, बारा/३३३०३२/६०१० |
| ४ | वरहथवा | चिन्ता कुमारी | धनगढा-५, सर्लाही | १९३०७५/५६७ | २०६३/१०/२४ | सन्तलाल हजारी/भरथ पासवान/बन्टी हजारी दुसाद | सन्तलाल हजारी/धनगढा-०५, सर्लाही/२६०४३३२१ |
| ५ | वरहथवा | दौलतिया देवि दास | वरहथवा-७, सर्लाही | २०७९/१६३ | २०६८/१०/१८ | बृज किसोर दास/भिखारी दास/केकन दास | बृज किसोर दास/बरहथवा-०७, सर्लाही/२०७९/३९९ |
| ६ | वरहथवा | फुलो देवी | धनकौल-२, सर्लाही | १९३०७१/६५० | २०६३/१२/२३ | दशै ठाकुर/हेमन ठाकुर लोहार/राम आशिष ठाकुर | दशै ठाकुर/धनकौल-०२, सर्लाही/१९३०७१/२३ |
| ७ | वरहथवा | पवित्रा गिरी | हजारिया-९, सर्लाहि | १९३०८३/१७ | २०६३/१२/३० | सुरेश गिरी/नर बहादुर गिरी/गोपाल गिरी | सुरेश गिरी/हजारिया-०९, सर्लाहि/३५१७००८० |
| ८ | धनौजी | ललिता कुमारी देवी | पौडेश्वर-३, धनुषा | १७३०६५/६६६ | २०६३/११/२८ | दिप नारायण चौधरी/विश्व नाथ चौधरी/बौरु लाल चौधरी | दिप नारायण चौधरी/पौडेश्वर-०३, धनुषा/७११२२७३२ |
| ९ | धनौजी | परमसिल देवी | पौडेश्वर-१, धनुषा | १७३०६५/८४७ | २०६३/१२/०२ | सुरजा सहनी/करिया सहनी/सिर्गुन सहनी | सुरजा सहनी/पौडेश्वर-०१, धनुषा/१७३०६५/८२३ |
| १० | धनौजी | पवन देवी | जनकपुर-११, धनुषा | १७११०२/१८४ | २०६४/०१/१६ | तेजनारायण चमार/चलितर महरा/जुगेश्वर चमार | कुकुल्ती देवी महरा/जनकपुर-०१, धनुषा |
| ११ | धनौजी | सिता देवी सहनी | पौडेश्वर-१, धनुषा | १७३०६५/१३५ | २०६३/१२/०१ | विषैत सहनी/प्रभु सहनी/भौली सहनी | विषैत सहनी/पौडेश्वर-०१, धनुषा/१७३०६५/६३५ |
| १२ | गादी | भागिया माझी | कौवावन कटैया-९, पर्सा | ३४१०४२/२७० | २०६९/०१/०४ | विशुन माझी/आसा माझी मुसहर/भगेल माझी | विशुन माझी/कौवावन कटैया-०९, पसा/३४३०४२/०३९ |
| १३ | गादी | सनपतीया देवी | कौवावन कटैया-९, पर्सा | ३४१०४२/२३२ | २०६८/०८/१३ | जुनेसर माझी/भोकट माझी मुसहर/दशै माझी | जुनेसर माझी/कौवावन कटैया-०९, पर्सा/३४३०४२/२७२ |
| १४ | गादी | रुकमिणी देवी | सखुवा प्रसौनी-२, पर्सा | ३४-०१-७४-०४२९७ | २०७४/०४/०४ | राजकुमार माझी मुसहर/भुलन माझी मुसहर/पलट माझी मुसहर | राजकुमार माझी मुसहर/सखुवा प्रसौनी-०६, पर्सा/३४१०६९/६७७ |
| १५ | गादी | सुनीता देवी | पचरुखी-२, पर्सा | ३४१०५८/८१९ | २०६९/०१/१८ | जोखु माझी/कुंवर माझी मुसहर/मोहन माझी मुसहर | जोखु माझी/पचरुखी-०२, पर्सा/३४१०५८/८१८ |
| १६ | गादी | अपिस देवी | कौवावन कटैया-९, पर्सा | ३४-०१-७१-०००७८ | २०७१/०१/०४ | भेङ्गराज माझी/नारायण माझी/रतन माझी | राधेश्याम माझी/कौवावन कटैया-०९, पर्सा/३४-०१-७४-१५३३७ |
| १७ | गादी | रुकमिन देवी | कौवावन कटैया-९, पर्सा | ३४१०४२/२२३ | २०६८/०८/१४ | मोटर माझी/रतन माझी मुसहर/दशै माझी | मोटर माझी/कौवावन कटैया-०९, पर्सा/३४३०४२/२७१ |
| १८ | गादी | रजिया देवी | सखुवा प्रसौनी-३, पर्सा | ३४-०१-७५-०७०७१ | २०७५/०६/१६ | पल्टन माझी/सावन माझी/महादेव माझी | पल्टन माझी/कौवावन कटैया-०९, पर्सा/३४३०४२/०४२ |
| १९ | गादी | चन्दा कुमारी देवी | पर्सागढी-२, पर्सा | ३४-०१-७४-११६०९ | २०७४/०९/०९ | जगरनाथ माझी मुसहर/शकंर माझी/मोहन माझी मुसहर | जगरनाथ माझी मुसहर/पर्सागढी-०१, पर्सा/३४-०१-७४-०२१०१ |
| २० | गंजभवानीपुर | राम दुलारी महतो | महागढीमाई-१, बारा | ३३-०१-७५-०५१९० | २०७५/०५/२६ | कृण्णा महतो/जलन्धर महतो कोइरी/असर्फी महतो | हिरामन कुशवाहा/महागढीमाई-०१, बारा/३३-०१-७४-०६९३४ |
| २१ | गंजभवानीपुर | शैल कुमारी देवी | पधरा-८, बारा | ३३३०१४/३९५९ | २०६३/११/०४ | अमिरी महरा चमार/मंगनी राम चमार/गादी महरा चमार | अमिरी महरा चमार/पधरा-०८, बारा/३३३०१४/३८७९ |
| २२ | गंजभवानीपुर | सोन कुमारी अहिरीन | करैया-६, बारा | १४७९/१२६९ | २०४५/०२/२५ | रामचन्द्र राउत/हिरा राउत/थाहा नभएको | सविना देवी यादव/करैया-०६, बारा/३३३०३१/१३४६ |
| २३ | गंजभवानीपुर | पुजा देवी | नरही-६, बारा | ३३३०३८/५६ | २०७०/०२/२४ | नन्दु पटेल/मनोज राउत/मौजेलाल राउत कुर्मी | नन्दु पटेल/नरही-०६, बारा/३३१०३८/१९५५ |
| २४ | गंजभवानीपुर | मन्जु देवि गुप्ता | गढीमाई-१०, बारा | ३३-०१-७२-०७१९६ | २०७२/१२/१४ | नन्दकिशोर शाह/जोगिन्द्र प्रसाद गुप्ता/राम वृक्ष साह | नन्दकिशोर शाह/गंजभवानीपुर-०२, बारा/२२६/०५५४ |
| २५ | गंजभवानीपुर | जानकी देवि | करैयामाइ-३, बारा | ३३-०१-७६-०२७९९ | २०७६/०२/२८ | परमेश्वर राउत अहिर/बिसुन राउत/रामचन्द्र अहिर | परमेश्वर राउत अहिर/करैया-०६, बारा/३३४६८६/१९१२/१८७९ |
| २६ | गंजभवानीपुर | विनिता देवि कानु | कलैया-९, बारा | ३३३०३३/३९८ | २०६३/१०/०८ | राम अधार प्रसाद शाह कानु/मथु शाह कानु/किरित भन्ने शाह कानु | राम अधार प्रसाद शाह कानु/गंजभवानीपुर-०२, बारा/१७४०/२३२४ |
| २७ | जलेश्वर | पुनम देवी | नैन्ही-६, महोत्तरी | १८३००२२९६ | २०६३/१२/०२ | विरेन्द्र मंडल/लक्ष्मी मंडल/गोपाल मंडल | विरेन्द्र मंडल/नैन्ही-०६, महोत्तरी/१८३००२४१८ |
| २८ | जलेश्वर | रुपा कुमारी | जलेश्वर-१२, महोत्तरी | १८-०१-७६-००७१९ | २०७६/०१/२३ | विपिन राउत/बेचन राउत अमात/बेचन राउत | लाल निया देवी/नैन्ही-०६, महोत्तरी/१८३००२३०३ |
| २९ | जलेश्वर | संन्जु देवि | अनकार-७, महोत्तरी | १८३००३७२ | २०७३/१२/२२ | श्री मंण्डल/बिलट मंण्डल/हरिवंश मंण्डल | श्री मंण्डल/अनकार-०२, महोत्तरी/०१२३२८३४ |
| ३० | जलेश्वर | मिना देवि | अनकार-२, महोत्तरी | १८३००३५५६ | २०६३/१२/२९ | राम नाथ चौधरी/गोसाई चौधरी/जुगेश्वर चौधरी | राम नाथ चौधरी/अनकार-०२, महोत्तरी/१७६ |
| ३१ | जलेश्वर | समुद्री देवि | अनकार-५, महोत्तरी | १८३००३१३० | २०६३/१०/१९ | अनुगर सदा/सिता राम मण्डल/सोगन सदा | अनुगर सदा/अनकार-०२, महोत्तरी/०१२३१५७४ |
| ३२ | जलेश्वर | बच्चिदेवि भुनिहानि | भमरा-७, महोत्तरी | १४८४ | २०४६/०२/२६ | भरत ठाकुर/बलि पाण्डे/खखनदेव थाकुर भुमिहार | भरत ठाकुर/नैन्ही-०६, महोत्तरी/१८६४३००१९० |
| ३३ | जलेश्वर | माया कुमारी मण्डल | धनुषा-१, धनुषा | २५३४३६०९ | २०५८/०५/१२ | नागेन्द्र मण्डल/शम्भु मण्डल धानुक/गोपाल मण्डल | रमेश कुमार मण्डल/नैन्ही-०६, महोत्तरी/१८३००२/९३ |
| ३४ | जनकपुरधाम | जहानी खातुन | बसहिया-०१, धनुषा | १७३०८०/२३३ | २०६३/१०/१७ | शेष जमसैद/शेष वारिम/शेष मोर्सलम | समिदा खातुन/बसहिया-०१, धनुषा/१७१०८०/१९१४ |
| ३५ | जनकपुरधाम | चान्दनी देवि | पिपरा-०७, महोत्तरी | १८३०३४/४२ | २०७१/०१/२१ | राम अनेक झा/सुशिल झा/अशेश्वर झा | राम अनेक झा/बनौली दनौली-०३, महोत्तरी/०४३३३२४८ |
| ३६ | जनकपुरधाम | बेगम खातुन | बसहिया-०१, धनुषा | १७३०८०/५०८ | २०६३/१०/२० | सविरुल सेख मियाँ/शेष हन्ताप/सैदुल मिया | मो.मोताबुल शेष/बसहिया-०२, धनुषा/०९९४१९६० |
| ३७ | जनकपुरधाम | रहना खातुन | बसहिया-०१, धनुषा | १७३०८०/४ | २०७०/०२/२० | फैजले शेष/मो.ऐनुल/शेष इनताप | मोसिला खातुन/बसहिया-०१, धनुषा/३०८०/२ |
| ३८ | जनकपुरधाम | रिना देवि तुरहा | लाहान-०५, सिराहा | २४८ | २०५७/०३/२३ | राम कुमार साह तुरहा/राजकुमार तुरहा/प्रभु प्रसाद तुरहा | राम कुमार साह तुरहा/लाहान-०५, सिराहा/३२६०८०६३ |
| ३९ | जनकपुरधाम | अनिता देवि ठाकुर | जनकपुर-१५, धनुषा | १७-०१-०७४-०३८९० | २०७४/०३/२५ | ब्रहमदेव ठाकुर हजाम/बुलन ठाकुर/सुर्यनारायण ठाकुर हजाम | ब्रहमदेव ठाकुर हजाम/जनकपुर-१५, धनुषा/१७११०२/८४३७ |
| ४० | जनकपुरधाम | ममता कुमारी राउत | जनकपुर-२, धनुषा | १७३०७४६१५ | २०६३/१२/०९ | अनिल कुमार राय/रामवृक्ष राउत कुर्मी/कैलाश कुर्मी | अनिल कुमार राय/जनकपुर-०२, धनुषा/३९६९७०११ |
| ४१ | कठौना | दरोदनी खातुन | कल्याणपुर-०२, सप्तरी | ४३८५५११२ | २०६२/०२/२६ | नजिन मियाँ/मोतीलाल मियाँ/अब्दुल रहिम मियाँ | नजिन मियाँ/कल्याणपुर-०२, सप्तरी/९३८५४२७८ |
| ४२ | कठौना | गिना देवि राम | शम्भुनाथ-०५, सप्तरी | १६१०८४/२७३ | २०६७/०२/१३ | राज कुमार राम/गुजन राम चमार/रामजी राम | राज कुमार राम/शम्भुनाथ-०६, सप्तरी/१६३०८४/४६२ |
| ४३ | कठौना | सुमन कुमारी चौधरी | महादेवा पोलेदा-०८, सिराहा | ५७१९१४१४ | २०६२/०९/२० | सतिस चन्द्र लेखी/विकाउ चौधरी थारु/सीताराम चौधरी | सतिस चन्द्र लेखी/सीतापुर-०८, सप्तरी/१६३०२९/२२९ |
| ४४ | कठौना | जमिला खातुन | कल्याणपुर-०२, सप्तरी | ४९४७ | २०५७/०५/१२ | मो.अकबर मियाँ/लतिफ मिया/नदु मियाँ | मों अकबर मियाँ/कल्याणपुर-०२, सप्तरी/५१७९ |
| ४५ | कठौना | सुलेखा कुमारी मंडल | बोदे बसोहन-०५, सप्तरी | १६-०६-०७८-०३१८० | २०७८/०९/१२ | उमेश कुमार मंडल/मोहन मंडल/राम अवतार मंडल | उमेश कुमार मंडल/बोदे बसोहन-०५, सप्तरी/१६११०४/२३१ |
| ४६ | कठौना | बबिता कुमारी चौधरी मंडल | बनरझुला-०१, सप्तरी | १६-०१-०७०-०३२०३ | २०७०/०४/३० | यशोदा नन्द मण्डल/गोपाली चौधरी मंडल/जय नारायण मंडल | यसोदा नन्द मंडल/बनरझुला-०१, सप्तरी/४३०९ |
| ४७ | कठौना | सर्मिला खातुन | कल्याणपुर-०२, सप्तरी | ०६३०७९/१९९ | २०६६/१०/०४ | महम्मद भजबुल/जिबरिल मियाँ/प्रतिक मियाँ | महम्मद भजबुल/कल्याणपुर-०२, सप्तरी/५१६८ |
| ४८ | कठौना | घुरनी देवि बार्बनी | रामपुर-०५, सप्तरी | ७७६२३०२८ | २०४५/०१/१० | बालक सरदार/अकि सरदार/मानपुर सरदार | बालक सरदार/रामपुर-०५, सप्तरी/७७६२२९६१ |
| ४९ | कठौना | श्रीदेवि चौधरी | कविलासा-०१, सप्तरी | १६३०८२/३८ | २०६३/११/२८ | अशोक कुमार चौधरी/पतिलाल चौधरी/देवनारायण चौधरी | सोमित्रा देवि थरुनी/इनर्वा फुलबडिया-०१, सप्तरी/३८२३१८६८ |
| ५० | कठौना | बिना देवि साह | भंगाहा-०६, सप्तरी | १६१०७०/३७३ | २०६८/०४/२७ | राजलाल साह/कामेश्वर साह तेली/बुधु साह | राज लाल साह/भंगाहा-०६, सप्तरी/९३५४ |
| ५१ | कठौना | पुनिता कुमारी यादव | बोदे बसोहन-०७, सप्तरी | १६२१०४/१३३७ | २०६८/०४/२७ | बबलेस यादव/राम कुमार यादव/हरि यादव | बबलेस यादव/मानराजी-०४, सप्तरी/१६२११३/२२ |
| ५२ | कठौना | पबिता कुमारी चौधरी | भगुपट्टी-०४, सप्तरी | ,२१२६ | २०५९/०९/०३ | शशिकान्त चौधरी/शत्रुघन चौधरी/अचमित लाल | शोभा देवि चौधरी/कल्याणपुर-०५, सप्तरी/२०७८ |
| ५३ | कठौना | रुकसना खातुन | मधुवन-५,सुनसरी | १६-०१-७५-०४४८८ | २०७५/०४/१५ | आजाद अंसारी/लाल महमद अंसारी/कासिम अंसारी | आजाद अंसारी/कल्याणपुर-०३, सप्तरी/०६१०७९/३०८ |
| ५४ | कठौना | रौशन खातुन | खडक-७, सप्तरी | १६-०१-७६-०८७२१ | २०७६/०९/११ | सैयद अन्सारी/मो. ताहिर/मुस्लीम अन्सारी | सैयद अन्सारी/कल्यानपुर-०३, सप्तरी/१६१०७९/३०२ |
| ५५ | कठौना | गुजि खातुन | विधवा जन्डोल-५, सप्तरी | ०५९०४७३७ | २०४६/०२/१५ | रोजित मिया/ऐनुल मिया/रोजिन मिया | रोजित मिया/विधवा जन्डोल-०५,सप्तरी/०५९०४६६२ |
| ५६ | कठौना | रमिता देवि मण्डल | मानराजा-९, सप्तरी | १६२११३/७८ | २०६३/१२/३० | सिव कुमार मण्डल/फुलेश्वर मण्डल/विकाउ थारु मण्डल | सिव कुमार मण्डल/मानराजा-०९, सप्तरी/१६११३/३९ |
| ५७ | कठौना | रोशन खातुन | कृष्णासवरन-१, सप्तरी | १३-०१-७५-०५३६४ | २०७५/०५/१२ | जिवरील मिया/ऐनुल मिया/रसुल पंजावी | जिवरीन मिया/जण्डोल-०५, सप्तरी/१६३०२७/१९३ |
| ५८ | कठौना | रिता कुमारी यादव | मानराजा-८, सप्तरी | १६३१०४/३१९ | २०६३/११/११ | कपिल देव यादव/झवर धामि यादव/चुनचुन यादव | कपिल देव यादव/बवसाइन-०७, सप्तरी/७६७८३४९६ |
| ५९ | खोलेसिमल | डिल कुमारी थापा मगर | दाहखानी-०९, चितवन | ३५-०१-७३-००६७८ | २०५९/०९/०३ | चोक बहादुर थापा मगर/भक्त बहामदुर मगर/नर बहादुर थापा मगर | तारा थापा मगर/इच्छाकामना-०७, चितवन/३५-०१-७५-०४८० |
| ६० | खोलेसिमल | सुनिता तामाङ्ग | कालिका-०८, चितवन | ३५-०१-७३-१२८६३ | २०७३/११/१८ | दिपेन्द्र तामाङ्ग/मिन बहादुर थापा मगर/जगत बहादुर तामाङ्ग | सबिना थापा मगर/इच्छाकामना-०७, चितवन/३५-०१-७४-०१२७९ |
| ६१ | खोलेसिमल | राज कुमारी पुन मगर | इच्छाकामना-०७, चितवन | २०६१२ | २०४५/११/१७ | मिन बहादुर थापा मगर/मन बहादुर पुन/नर बहादुर थापा मगर | मिन बहादुर थापा मगर/जाहाखानी-०७, चितवन/३५ -३४९९ |
| ६२ | खोलेसिमल | शोभा चेपाङ्ग | दाहखानी-०७, चितवन | ३५३०१८/१५४ | २०६३/११/०३ | सुकुमान योन्जन/सन्त बहादुर प्रजा/काले योन्जन | सुकुमान योन्जन/जाहाखानी-०९, चितवन/३५-०१-७३-०९७८६ |
| ६३ | खोलेसिमल | जलमाया चेपाङ्ग | दाहखानी-०९, चितवन | ३५३०१८/१३३ | २०६३/११/०१ | अक्कल बहादुर पुजार/स्रोताराम/बुद्धि बहादुर पुजार | चन्द्र बहादुर चेपाङ्ग/दाहखानी-०९, चितवन/३५-०१-७३-०९७७३ |
| ६४ | खोलेसिमल | इन्द्र कुमारी मगर | देवघाट-०४, तनहुँ | ४३३०१३/४८१ | २०६३/११/१९ | सोम बहादुर मगर/चोक बहादुर थापा मगर/अम्बर बहादुर मगर | निरमाया मगर/इच्छाकामना-०७, चितवन/३५-०१-७८-०९४३८ |
| ६५ | खोलेसिमल | फुलमाया योञ्जन | डाँडाखर्क-०५, मकवानपुर | १६७ | २०४६/०२/२७ | सन्त बहादुर योञ्जन/पोटन योञ्जन/बाबुराम योञ्जन | श्री सन्त बहादुर योञ्जन/डाँडाखर्क-०६, मकवानपुर/१२७६ |
| ६६ | खोलेसिमल | जलिमाया चेपाङ्ग | पिप्ले-०६, चितवन | ४४३७/०६२ | २०६२/०७/२४ | आइत सिँह प्रजा/नाती प्रजा/अमर बहादुर प्रजा | आइत सिंह प्रजा/पिप्ले-०६, चितवन/१५५१/०६० |
| ६७ | खोलेसिमल | रेलिना चेपाङ्ग | पिप्ले-०६, चितवन | ४४३५/०६२ | २०६२/०७/२४ | अनिस प्रजा चेपाङ्ग/अमर बहादुर प्रजा/प्रेम बहादुर प्रजा | अनिस प्रजा चेपाङ्ग/पिप्ले-०६, चितवन/४३८५/०६२ |
| ६८ | लहान | उर्मिला देवि साह | मलहन्मा-०४, सप्तरी | ५१७५ | २०६१/०२/१० | राम कुमार साह/गुदरी साह तेली/पंचकुन साह तेली | राम कुमार साह/मलहन्मा-०४, सप्तरी/३६३०३४७४ |
| ६९ | लहान | ममिता कुमारी सिंह | औरही-०७, सिराहा | १५१०६२/१३९ | २०६५/०८/१८ | दिनेश कुमार सिँह/राम कुमार दनुवार/गिरी सिंह | दिनेश कुमार सिँह/औरही-०७, सिराहा/१५५१०० |
| ७० | लहान | विमला देवि कमाती | चन्द्रअयोध्यायपुर-०५, सिराहा | १५१०७०/९६१४ | २०६७/११/१६ | नथुनी कामती/सिद्देश्वर कामैत/बैकुण्ठ कापैर | श्रीनारायण कामैत/धनगढी-०२, सिराहा/१५३०२२/८८७ |
| ७१ | लहान | शिला देवि कामत | हनुमाननगर प्र.ध.-०६, सिराहा | १५३०२४/९१ | २०६३/११/०१ | अर्जन कुमार कामौत/राम लोचन कापैर/हरिदत्त कामौत | अर्जुन कुमार कामौत/हनुमाननगर प्र.ध.-०६, सिराहा/६६७९९ |
| ७२ | लहान | राम कुमारी चौधरी | सिसवनी-०६, सिराहा | १५३०२७/२३७ | २०६३/१०/०४ | सन्त कुमार चौधरी/नारायण दास चौधरी/कैलु चौधरी | सन्त कुमार चौधरी/सिसवनी-०७, सिराहा/११५५ |
| ७३ | लहान | शिव कुमारी महतो | लाहान-०२, सिराहा | १५२००५/१६४ | २०४६/०४/२७ | सत्य नारायण यादव/जितन महतो/जिबछ महतो कोइरी | सत्य नारायण यादव/अयोध्यायनगर-०५, सिराहा/१५६६१६/६३ |
| ७४ | लहान | विमला देवि साह | भवानीपुर-०४, सिराहा | १५३००३/४ | २०६३/१०/१५ | राम गोपाल साहु सुडी/बुलकित साहु/खटर साहु | राम गणेश साहु सुडी/टमानपुर-०६, सिराहा/२५४८ |
| ७५ | लहान | जानकी देवि | सिस्वा बेष्टी-२, सिराहा | ८७०३४९१९ | २०४६/०३/०२ | मिश्री लाल चौधरी/थाह नभएको/दुलु चौधरी | मिश्रीलाल चौधरी/टमानपुर-०६, सिराहा/७०३/२५१६ |
| ७६ | लहान | कविता ठाकुर | गढीमाइ-५, सिराहा | १५-०१-७५-०१३८७ | २०७५/०२/१० | राजा राम ठाकुर/राम चन्द्र ठाकुर/राम पृत ठाकुर | राजा राम ठाकुर/वर्तिभारपट्टी-०९, सिराहा/०३२३३६२९ |
| ७७ | लहान | परमिला कुमारी यादव | हनुमाननगर प्र.ध.-५, सिराहा | १५१०४९-१५८३३ | २०६६/०५/०९ | फुलेश्वर यादव/रामेश्वर यादव/राम स्वरुप यादव | फुलेश्वर यादव/हनुमाननगर-०५, सिराहा/९२४/५ |
| ७८ | लहान | अमिरो कुमारी कामैत | हनुमाननगर प्र.ध.-७, सिराहा | १५१०२४-३७७२ | २०६७/०२/०६ | सतरोहन कामैत/जोगिन्दर कामैत/खैका कामैत | गहन कुमारी कामती/हनुमाननगर प्र.ध.-०७, सिराहा/१५३०२४/१२८ |
| ७९ | लहान | रेखा कुमारी | हनुमाननगर प्र.ध.-६, सिराहा | १५१०२४-५८-३७५० | २०६५/०२/१९ | दिनेश कुमार केवट/जय प्रकाश कापर केवट/वटाउ कामेत केवट | दिनेश कुमार केवट/हनुमाननगर प्र.ध.-०६, सिराहा/३८५-१७७ |
| ८० | लहान | कैलाश देवि चौधरी | सिसवनी-०६, सिराहा | १५३०२७/१३५ | २०६३/१०/०३ | सुरेश चौधरी/भागवत चौधरी/छदु चौधरी थारु | सवनम कुमारी चौधरी/लाहान-२२, सिराहा/१५-०२-७४-००६६६ |
| ८१ | लहान | कुसुम कुमारी चौधरी | सिसवनी-०२, सिराहा | ८६२६२२७५ | २०६२/०५/१६ | नन्हु चौधरी/प्रेम लाल चौधरी/पराउ चौधरी | सार्धा कुमारी चौधरी/लाहान-२२, सिराहा/१५-०२-७६-०३१३० |
| ८२ | लहान | निर्मला देवि चौधरी | सिसवनी-०२, सिराहा | १५३०२७/२८९ | २०६३/१०/०३ | मसी लाल चौधरी/पुरन चौधरी/पुलकित चौधरी | अन्जना कुमारी चौधरी/लाहान-२२, सिराहा/१५२००५/२४०१३ |
| ८३ | लहान | रुन्ची देवि मुखिया | सिसवनी-०२, सिराहा | १५३०२७/७३३ | २०६३/१०/०७ | राम पृत मुखिया/राम प्रसाद मुखिया/स्वरुप मुखिया | राम पृत मुखिया/सिसवनी-०५, सिराहा/४२४४ |
| ८४ | लहान | ललिता देवि चौधरी | खोजपुर-०७, सप्तरी | १६३०९४/३४७ | २०६४/०१/१० | श्रवण कुमार चौधरी/लक्ष्मी चौधरी थारु/सुर्य नारायण चौधरी | श्रवण कुमार चौधरी/खोजपुर-०७, सप्तरी/०८५४४४८८ |
| ८५ | लहान | अरुण यादव | लक्ष्मीपुर पतारी-३, सिरहा | १५१०३४/१७१ | २०६३/१२/०१ | शैलेन्द्र कुमार यादव/राजेन्द्र यादव/लखन यादव | शैलेन्द्र कुमार यादव/लक्ष्मीपुर पतारी-०३, सिरहा/८१५०/६३ |
| ८६ | लहान | अनिता यादव | इनर्वा-६, सिरहा | ६४५ | २०४८/११/०४ | रमेश कुमार यादव/राज लाल यादव/योगेन्द्र यादव | रमेश कुमार यादव/इनर्वा-०६, सिरहा/१४-५१८ |
| ८७ | लहान | कविता कुमारी चौधरी | अनरवा-१, सिरहा | ४१७२ | २०५७/१०/१० | प्रदिप कुमार चौधरी/राम शरण चौधरी/खरेवा चौधरी | प्रदिप कुमार चौधरी/मल्हनमा-०४, सिरहा/४१६६ |
| ८८ | लहान | ठकनी थरुनी | सिसवनी-२, सिरहा | ४२५०४३५८३ | २०७५/०३/२६ | भुवनेश्वर चौधरी/कारी चौधरी/योगिन्दर चौधरी | भुवनेश्वर चौधरी/फुल्काहा-०६, सिरहा/७१ |
| ८९ | लहान | शान्ती देवि चौधरी | पसेरा-४, सप्तरी | २१०७ | २०५४/१२/२७ | रामजि चौधरी/चुल्हाई चौधरी/चरु चौधरी | रामजि चौधरी/पसेरा-०४, सप्तरी/थाहा नपाएको |
| ९० | लहान | सरस्वती देवि | हरिपुर-९, सप्तरी | ७७१ | २०४४/१२/०८ | भोला प्रसाद चौधरी थारु/बिकल चौधरी/मुसहरी चौधरी थारु/ | भोला प्रसाद चौधरी थारु/हरिपुर-०९, सप्तरी/३०८१ |
| ९१ | लहान | ललिता देवी चौधरी | असनपुर-५, सिराहा | १६३०९७/२७३ | २०६३/११/१६ | मनुज कुमार चौधरी/सिताराम चौधरी/झरी चौधरी | मनुज कुमार चौधरी/मल्हनवा-०५, सप्तरी/४३७१ |
| ९२ | लहान | इन्द्रकला मंण्डल धानुक | मलहनमा-४, सप्तरी | १६-०१-६९-०२९०३ | २०६९/०९/१८ | सुरज मंण्डल/फेकु मंण्डल/डकान मंण्डल | सुरज मंण्डल/मलहनमा-०४, सिराहा/३६३०३४८२ |
| ९३ | लहान | सकिला खातुन | लहान-७, सिराहा | १५२००५/१४४९२ | २०७०/०९/२४ | मो. जमिल शेष/शेष आस महमद मियाँ/इनुस मियाँ | मो. जमिल शेष/लहान-०५, सिराहा/१५३००५/४०३ |
| ९४ | लहान | राम सुनैर देवी दास | लाहान-१, सिराहा | १५२००५/६ | २०६४/०१/०७ | बुद्धि लाल दास/सिल्त दास/हरि देव दास | बुद्धि लाल दास/लाहान-०१, सिराहा/४६१ |
| ९५ | लहान | बर्तानिया देवी भुजेल | लाहान-१०, सिराहा | १५३००५/३२२ | २०६३/१२/२९ | बद्रि बहादुर भुजेल/तेजी सदाय/सन्तबीर | दिनेश भुजेल/लाहान-१०, सिराहा |
| ९६ | लहान | सुमित्रा देवी पासवान | मधुपट्टी-७, सप्तरी | ५६६३१६८४ | २०४६-०१-१७ | मिहि लाल पासमान/किसन पासमान/मुनी लाल पासमान | मिहि लाल पासमान/मधुपट्टी-०७, सप्तरी/५६६३१७२८ |
| ९७ | पर्सा | सरस्वती प्रजा | कठार-३, चितवन | ५९९७/०५६ | २०५६/११/०३ | बुद्धि राम प्रजा/तारा बहादुर थापा/दल बहादुर प्रजा | प्रतिमाया प्रजा/खैरहनी-१०, चितवन /३५-०१-७५-०७९७८ |
| ९८ | पोखरीया | बविता कुमारी | बसन्तपुर-०१, पर्सा | ३४-०१-७४-०३८२६ | २०७४/०३/२५ | जोखन शाह तेलि/राम नाथ शाह तेलि/भोला शाह तेलि | जोखन शाह तेलि/धोरे-०८, पर्सा/३४१०२७/२६६ |
| ९९ | पोखरीया | मिना देवि | पकाहाँ मैनपुर-०१, पर्सा | ३४-०१-७५-००६७७ | २०७५/०१/२० | शिवनाथ दास/सुखाडी दास/नगिना दास तत्मा | शिवनाथ दास/धोरे-०८, पर्सा/३४३०२७/८१ |
| १०० | पोखरीया | सुनिता देवि वर्णवाल | धोरे-०६, पर्सा | ४९५ | २०५६/०६/१० | वृज किशोर बनवाल/प्रभु प्रसाद बनवाल/राधा किसुन शाह | वृज किशोर बनवाल/धोरे-०६, पर्सा/२७५५१५३९ |
| १०१ | पोखरीया | अम्बिका देवि | धोरे-०८, पर्सा | १८१८ | २०५५/०३/१० | बिन्ध्याचल महतो/महेन्द्र महतो/बैद्य महतो कोइरी | बिन्ध्याचल महतो/धोरे-०८, पर्सा/२७५५१७७३ |
| १०२ | पोखरीया | मिना देवि | पकाहाँ मैनपुर-०१, पर्सा | ३४-०१-७४-०६९०८ | २०७४/०५/११ | मनोज सहनी मलाह/बली सहनी/राम चन्द्र सहनी | मनोज सहनी मलाह/धोरे-०८, पर्सा/२७५५२२३१ |
| १०३ | पोखरीया | मोति देवि | पकाहाँ मैनपुर-०१, पर्सा | ३४-०१-७४-१०५९८ | २०७४/०८/१० | संन्तोष राउत कुर्मि/दुर्गा प्रसाद कुर्मि/रामासय राउत कुर्मि | रिता देवि/धोरे-०८, पर्सा/३४-०१-७१-०९३४७ |
| १०४ | पोखरीया | प्रमिला देवि | विरञ्चिवर्वा-०१, बारा | ३४१०२१/१३६ | २०६८/०१/२२ | जोती लाल कुर्मि/हरेन्द्र प्रसाद कुर्मि/भरथ राउत कुर्मि | जोती लाल कुर्मि/विरञ्चिवर्वा-०१, बारा/१५९०१७८९ |
| १०५ | पोखरीया | संगिता देवि लोहार | धोरे-०१, पर्सा | ३४३०२७/२२ | २०७०/०२/१९ | शंकर ठाकुर लोहार/रतन ठाकुर/महेन्द्र ठाकुर लोहार | शंकर ठाकुर लोहार/धोरे-०१, पर्सा/२७५५१५१७ |
| १०६ | पोखरीया | लिलावती देवी | धोविनी-४, पर्सा | ३४३०२८/४७ | २०६४/०१/०७ | देव झरन ठाकुर/गुदर ठाकुर लोहार/धर्म देव ठाकुर लोहार | देव झरन ठाकुर/धोविनी-०४, पर्सा/२७३०२४९७ |
| १०७ | पोखरीया | विन्दा देवी राजपुत | पोखरिया-१२, पर्सा | ३४-०१-७३-०८४६३ | २०७३/०८/०८ | सत्येन्द्र सिह/पहलाद घर्ती/रामराज सिह राजपुत | सत्येन्द्र सिह/सिवर्वा-०५, पर्सा/७०५३२१५८ |
| १०८ | रामगोपालपुर | शीन्त देवि | धमास-०६, महोत्तरी | १८-३-०४२/१०८७ | २०६३/१०/२१ | चन्दन चमार/मुकेश महरा/चकिशिलवा चमार | चन्दर चमार/धमौरा-०६, महोत्तरी/२५७१३६३५ |
| १०९ | रामगोपालपुर | रोशन खातुन | मनरा-०३, महोत्तरी | १८-१-०२३/११० | २०६६/०३/१९ | ऐतुन मिया/इनुस सदाफ/सुभान मिया | ऐतुन मिया/मनरा-०३, महोत्तरी/१३०६/२९१ |
| ११० | रामगोपालपुर | शिला देवि | सुन्दरपुर-०८, महोत्तरी | १८२०५३/१२८१ | २०७१/०१/२२ | राम पुकार मण्डल धानुक/पदारथ मंडल/बासुदेव मण्डल धानुक | राम पुकार मण्डल/सुन्दरपुर-०८, महोत्तरी/१८२०५३/१२८१ |
| १११ | रामगोपालपुर | काशि कुमारी ठाकुर | सोनामा-०९, महोत्तरी | १८३०५८/२३२ | २०७०/०१/२८ | पल्टन शर्मा/ठगा ठाकुर/रामशरण शर्मा | पल्टन शर्मा/सुन्दरपुर-०८, महोत्तरी/१८३०५५/३२१ |
| ११२ | रामगोपालपुर | सोनतिला देवि मेर | बल्वा-११, महोत्तरी | १८-०१-७५-०९३१९ | २०७५/१०/१४ | जासर चमार/सनर महरा चमार/तेजवा चमार | जासर चमार/सोनामाइ-०६, महोत्तरी/१८३०४२/६६ |
| ११३ | रामगोपालपुर | रहिता खातुन | धमौरा-०६, महोत्तरी | १८-०१-७३-०७६८३ | २०७३/११/०३ | समिम शेष/मो.इस्लाम शेष/अलि मोहबत शेष | समिम शेष/किसननगर-०८, महोत्तरी/१८३०७३/११६९ |
| ११४ | रामगोपालपुर | रिता देवि | रामगोपालपुर-०३, महोत्तरी | १८३०४३/१०६५ | २०६३/१०/२३ | बेचु मंडल धानुक/महादेव मंडल/दशै मंडल धानुक | बेचु मंडल धानुक/रामगोपालपुर-०३, महोत्तरी/ २०८६५३३९ |
| ११५ | रामगोपालपुर | रामकली देवि | सोनामाइ-०४, महोत्तरी | १८३०५५/२०५ | २०६३/११/१० | महेन्द्र सदा/बद्री माझी मण्डल/भुइले सदा | महेन्द्र सदा/सोनामाइ-०४, महोत्तरी/१८३०५५/४० |
| ११६ | रामगोपालपुर | अनिता देवि वातर | सिंग्याही-०५, महोत्तरी | १८-३-०५८/९२६ | २०६३/११/०४ | इज कुमार वातर/सुकदेव वातर/लखिचन वातर | इज कुमार वातर/सिंगाही-०५, महोत्तरी/८८८९३८९३ |
| ११७ | रामगोपालपुर | किरण कुमारी | सिंग्याही-०५, महोत्तरी | १८-३-०५८/१४१३ | २०६३/११/०६ | इजो कुमार वातर/हरि वातर/तेतर वातर | इजो कुमार वातर/सिंगाही-०५, महोत्तरी/१८-३-०५८/१०५७ |
| ११८ | रामगोपालपुर | समतोलीया देवि | सोनामाइ-०९, महोत्तरी | १८३०५८/८० | २०७०/०१/२७ | बसदेव ठाकुर लोहार/विजुली ठाकर बरही/झिगुर ठाकुर लोहार | बसदेब/बसन्तपुर-०४, सर्लाही/१९३०५०/१२६२ |
| ११९ | रामगोपालपुर | रिना कुमारी देवि | धमौरा-०१, महोत्तरी | १८-३-०४२/१२१५ | २०६३/१०/२१ | इसराफल सेख/लतिफ सेख/बजिर शेख | इसराफल सेख/धमौरा-०८, महोत्तरी/२६७१५४२२ |
| १२० | रामगोपालपुर | समुदा खातुन | धमौरा-०७, महोत्तरी | १८-३-०४२/१३०० | २०६३/१०/२२ | सोबराही नदाफ/मो.मोसाफिर नदाफ/सोनफी नदाफ | सोवराही नदाफ/रोजा-०४, महोत्तरी/२५७१३६१५ |
| १२१ | रामगोपालपुर | जुमैदा खातुन | पर्सिद्दि-०६, महोत्तरी | १८३०४७/११२९ | २०६३/०२/१० | मो.मुस्ताक/इनुस शेख./शे. हासन | मो. मुस्ताक/पर्सादिवाद-०६, महोत्तरी/७००२४४७८ |
| १२२ | रामगोपालपुर | जसिमा खातुन | सिंग्याही-०५, महोत्तरी | १८-३-०५८/४२८ | २०६३/११/०४ | मदन वातर/राम औतार वातर/महिन्द्र वातर | मदन वातर/सिंग्याही-०५, महोत्तरी/८८८९३८७२ |
| १२३ | रामगोपालपुर | लिलम देवि | सिंग्याही-०५, महोत्तरी | १८-३-०५८/१३६४ | २०६३/११/०६ | सोपल वातर/सतन कुवर./अंघनु वातर | सोपल वातर/सिंग्याही-०५, महोत्तरी/१८-३-०५८/९४२ |
| १२४ | रामगोपालपुर | पान कुमारी | शिखा कलैया-०९, महोत्तरी | १८-३-०३७/०१३३ | २०७०/०२/२९ | राम पैसाद महतो कोइरी/राम स्नेह महतो/दुखरन महतो कोइरी | दुखरन महता कोइरी/बलवा-०४, महोत्तरी/०७२८१९६८ |
| १२५ | रामगोपालपुर | रामसमहारी देवि | एकधारा-०५, महोत्तरी | ३५ (वि.द.नं.) | २०७५/०९/२६ | विसेसर महतो नुनिया/राजी महतो/शुभनाकायण महतो नुनिया | बिसेसर महतो नुनिया/बनौटा-०८, महोत्तरी/१८-१-०३०/४९ |
| १२६ | रामगोपालपुर | शैल देवि | सोनौल-०८, महोत्तरी | १८३०३३/६६ | २०६३/१२/१७ | श्री डबल किशोर चौधरी/नारायण चौधरी/श्री भिखारी चौधरी कलवार | श्री डबल किशोर चौधरी/सनौल-०८, महोत्तरी/१८३०३३/१० |
| १२७ | रामगोपालपुर | शुशिला देवि | भगाह-०६, महोत्तरी | १८३०५७/१२३८ | २०६३/११/१४ | जवाहर अंसारी/ऐनुल अंसारी/लतिफ अंसारी | जवाहर अंसारी/भगाहा-०६, महोत्तरी/३६९७२३१४ |
| १२८ | रामगोपालपुर | नुरेसा खातुन | बसपिट्टी-०८, महोत्तरी | १८२०४८/१७२ | २०६३/११/१६ | गोविन्द दास/राम चन्द्र दास/राम स्वरुप दास | गोविन्द दास/बसबिरी-०८, महोत्तरी/१११७ |
| १२९ | रामगोपालपुर | सुकिलिया कुमारी दास | रामगोपालपुर-०२, महोत्तरी | १८-०१-७५-०००४२ | २०७५/०१/०३ | सुरेन्द्र दास तत्मा/विपती दास तत्मा/राम असिस दास तत्मा | सुरेन्द्र दास तत्मा/बसबिटी-०८, महोत्तरी/०९६९२३९१ |
| १३० | रामगोपालपुर | अनिता देवि दास | बलवा-०६, महोत्तरी | १८१०४२/४० | २०६४/०३/२५ | आबिद नदाफ/सुलेमान नदाफ/रोजाइ नदाफ | आबिद नदाफ/अमौरा-०४, महोत्तरी/१८१०४२/१५ |
| १३१ | रामगोपालपुर | राजकली कुमारी | बलवा-१०, महोत्तरी | १८-०१-७५-०४९५५ | २०७५/०५/२६ | ललिन्दर महरा/फेकु महरा चमार/उपेन्द्र चमार | ललिन्दर महरा/धमौरा-०४, महोत्तरी/१८-०१-७०-०३५८७ |


## १५औं वार्षिकोत्सवको अवसरमा फर्स्ट माइक्रोफाइनान्सद्वारा सहयोग



काठमाडौं (अस)। फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाको १५औं वार्षिकोत्सवको अवसरमा संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सहयोग गरेको छ। संस्थाले भक्तपुरको लोकन्थलीस्थित सृजना टोलमा बसोवास गर्ने न्यून आय भएका घरपरिवारका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई पाठ्य सामग्री वितरण गरेको हो। महिला अधिकार तथा विकास केन्द्र डिल्लीबजार काठमाडौंको समन्वय तथा व्यवस्थापन सहयोगमा सो क्षेत्रका आधारभूत तथा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि १० सम्म अध्ययनरत ३० जना छात्रछात्रालाई ब्याग, कपी, कलम जस्ता शैक्षिक सामग्री वितरण गरिएको संस्थाले बताएको छ।

## द क्लिफमा 'मेगाट्रोल' सञ्चालनमा ल्याइँदै



काठमाडौं (अस)। साहसिक पर्यटनका लागि प्रमुख गन्तव्य बन्दै गएको कुश्मास्थित 'द क्लिफ'मा विश्वकै लामो र अग्लो मेगाट्रोल सञ्चालनमा आउने भएको छ। दुई सय ५५ मिटर अग्लो मेगाट्रोलको लम्बाइ १२ सय २८ मिटर छ। यसमा एकैपटकमा तीन जनासम्मले खेल्न सक्ने बताइएको छ। एक्लै वा जोडीसँगै पनि खेल्न सकिने द क्लिफका अध्यक्ष राजु कार्कीले बताए। उनका अनुसार मेगाट्रोलको गति प्रतिघण्टा १ सय ४० किलोमिटरको हुनेछ। 'द क्लिफ'ले विश्वकै दोस्रो अग्लो बञ्जी जम्प, स्वीङ, स्काइ साइक्लिङलगायत साहसिक पर्यटकीय गतिविधिका साथै सुविधासम्पन्न रिसोर्टको सुविधा उपलब्ध गराइरहेको छ। अब पर्यटकलाई मेगाट्रोल पनि उपलब्ध गराउन लागिएको अध्यक्ष कार्कीले जनाए।

'मेगाट्रोल पनि साहसिक गतिविधिमै पर्छ, यसले जीपलाइन र रोलरकोस्टरको ब्लेन्डेड अनुभव दिन्छ,' उनले भने, 'एक वर्षअघि निर्माण शुरू गरिएको मेगाट्रोल करीब दुई सातामा सञ्चालनमा ल्याउने गरी काम गरिरहेका छौं।' हाल यसको परीक्षण भइरहेको उनको भनाइ छ। 'कालीगण्डकी नदीको मनोरम दृश्य हेर्दै यसको अनुभव लिन सकिन्छ, यहाँ आउने पर्यटकका लागि थप सुविधा उपलब्ध गराउन पाएकामा निकै खुशी लागेको छ,' उनले भने, 'यसले पर्यटनसँगै आर्थिक र सामाजिक विकासमा थप भूमिका निर्वाह गर्ने हाम्रो अपेक्षा छ।

## महालक्ष्मी विकास बैंकद्वारा अटिजम सिकाइ केन्द्रलाई सहयोग



काठमाडौं (अस)। महालक्ष्मी विकास बैंकको दमक शाखाले झापाको दमक नगरपालिका-८ स्थित अटिजम सिकाइ केन्द्रलाई सहयोग गरेको छ। बैंकले अटिजम भएका विद्यार्थीको शैक्षिक क्रियाकलापलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न एक थान कम्प्युटर र एक थान प्रिन्टर सहयोगस्वरूप प्रदान गरेको छ।

बुधवार विद्यालयमा आयोजित एक कार्यत्रममा विद्यालयको प्रधानाध्यापकलाई सहयोग सामग्री हस्तान्तरण गरिएको हो। हाल विद्यालयमा अध्ययनरत २४ जना अटिजम भएका विद्यार्थी यसबाट लाभान्वित हुने बताइएको छ। संस्थागत सामाजिक उत्तरदायित्वका यस्ता कामबाट समग्र शैक्षिक तथा सामाजिक विकासमा टेवा पुग्ने विश्वास बैंकले लिएको छ। बैंकले हालै ग्राहकलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ सुविधा उपलब्ध गराउने नीति बमोजिम मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै 'महालक्ष्मी स्मार्ट साथी' सञ्चालनमा ल्याएको छ।


## प्रारम्भिक वातावरणीय परिक्षणको लागि प्रकाशित १५ दिने सार्वजनिक सूचना

धादिङ जिल्ला धुनिवेशी न.पा. ५ वडा अर्जेल-टारको कित्ता नं. १६, १७ मा प्लास्टिक जन्य उत्पादन उद्देश्यको उद्योग स्थापना गर्न लागिएको हुँदा उपरोक्त उद्देश्यको उद्योगले त्यस क्षेत्रको सामाजिक, आर्थिक, साँस्कृतिक, भौतिक र रसायनिक जैविक पक्षमा पार्न सक्ने प्रभाव सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपसिलको स्थानमा लिखित राय सुझाव भए दिनु हुन यो सूचना प्रकाशित गरीएको छ।

**राय सुझाव दिने स्थान**

१.उद्योग तथा वाणिज्य कार्यालय
२.धुनिवेशि न.पा.को कार्यालय, जुगेडि, धादिङ
३.वडा कार्यालय-५, धुनिवेशी, धादिङ
४.वडा कार्यालय-५, स्वास्थ्य चौकि कार्यालय

**प्रस्तावक**

१.पशुपति पोलिमर्स इन्डस्ट्रीज प्रा.लि.
(धुनिवेशी न.पा. ५, धादिङ)

**दृष्टव्य-**राय सुझाव दिने निकायमा कम्तीमा सम्बन्धित गा.वि.स./न.पा. र सम्बन्धित जिल्ला स्तरिय घरेलु तथा साना उद्योग कार्यालय/समितिको कार्यालय हुनु पर्ने छ।



काठमाडौंको मच्छेन्द्रबहालमा बिहान लागेको तरकारी बजारमा मानिसको चहलपहल ।

*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

# एनसेललाई आइएसओ २७००१ र २७७०१ मान्यता

काठमाडौं (अस)।एनसेलले आइएसओ २७००१:२०२२ (आइएसएमएस) र २७७०१:२०१९ (पीआइएमएस)को मान्यता पाएको छ । यसले डेटा सुरक्षा र गोपनीयतामा आफ्नो नेतृत्वदायी स्थान मजबूत रहेको पुष्टि हुने एनसेलले बताएको छ ।

यससँगै एनसेल सूचना सुरक्षा व्यवस्थापन प्रणाली (आइएसएमएस) र गोपनीयता सूचना व्यवस्थापन प्रणाली (पीआइएमएस) प्रमाणित हुने नेपालकै पहिलो दूरसञ्चार कम्पनी बनेको र ग्राहकको सूचना सुरक्षा सुनिश्चित गर्ने एनसेलको प्रतिबद्धतालाई पुनः पुष्टि गरेको एनसेलले उल्लेख गरेको छ ।

'यी विश्वव्यापी मान्यता प्राप्त गर्नु हाम्रो सूचना सुरक्षा र गोपनीयता व्यवस्थापनलाई सुदृढ पार्ने निरन्तर प्रयासको प्रमुख कोशेढुंगा हो । यसले एनसेल निरन्तर सुधार र उत्कृष्टताप्रति आफ्नो प्रतिबद्धतामा अडिग रहेको, गुणस्तर र सुरक्षाप्रति सधैं समर्पित रहेको स्पष्ट पार्दछ,' एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले भने, 'यसले टेलिकम उद्योगमा उत्कृष्टताप्रति हाम्रो प्रतिबद्धतालाई उजागर गर्दछ । थप नवीन प्रविधि भित्र्याउन नेतृत्वदायी भूमिकासहित सूचना सुरक्षा र डेटा गोपनीयताका उच्चतम मापदण्ड कायम राख्नेछौं ।'

यी मान्यता ग्राहक डेटा सुरक्षा र डेटा सेन्टर, ग्राहक सेवा र आईटी सर्भिसेसमा गोपनीयता सुनिश्चित गर्ने अभ्यासमा एनसेलले उच्चतम मापदण्ड पूरा गरेको प्रमाण भएको समेत उनले बताए ।

'ग्राहक र साझेदारका डेटा साइबर थ्रेट र अनधिकृत पहुँचबाट जोगाउन एनसेलले सशक्त उपाय कार्यान्वयन गरेको आइएसओ २७००१ मान्यताले सुनिश्चित गर्दछ । त्यसैगरी आइएसओ २७७०१ ले व्यक्तिगत डेटा सुरक्षा गर्न, उल्लंघनको जोखिमलाई कम गर्न र गोपनीयतामा उत्कृष्ट अन्तरराष्ट्रिय अभ्यासको अनुपालन गरेको सुनिश्चित गरेको छ,' एनसेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# तेस्रो डिएभी बि.सी.ए. इन्टरकलेज फुटसल कपको तयारी पूरा

काठमाडौं (अस) । पुस २९ गते शुरू हुने डिएभी बि.सी.ए. कलेजको तेस्रो संस्करणको बि.सी.ए. अन्तर-कलेज फुटसल कपको तयारी पूरा भएको कलेज प्रशासनले जानकारी गराएको छ। फुटसल कप डिएभी कलेज परिसरमा सञ्चालन गरिनेछ । खेलकुदका माध्यमबाट बि.सी.ए. कलेजहरू बिच एकता, सहकार्य र भाइचाराको भावना अभिवृद्धि गर्ने उद्देश्य सहित हरेक वर्ष बि.सी.ए. अन्तर-कलेज फुटसल कप सञ्चालन गरिएको डिएभी बि.सी.ए कलेजका प्रोग्राम कोअर्डिनेटर सुदीप अधिकारीले जानकारी दिए । खेल आयोजनाको सम्पूर्ण जिम्मेवारी डिएभी बि.सी.ए. कलेज सम्बद्ध वीज्जी डिएभीएन्स् क्लबले लिएको छ ।

तेस्रो संस्करणको फुटसल कपमा काठमाडौं उपत्यकाका बि.सी.ए. कलेजहरूका ३२ टीम सहभागी हुने बताइएको छ । प्रथम विजेता टीमलाई १ लाख ५० हजार रुपैयाँ पुरस्कारसहित ट्रफी, मेडल र सर्टिफीकेटद्वारा सम्मान गरिनेछ । त्यसैगरी दोस्रो टिमलाई ७५ हजार नगद पुरस्कारसहित ट्रफी मेडल र सर्टिफीकेटद्वारा सम्मान गरिनेछ। साथै व्यक्तिगततर्फ, उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलकिपर र सर्वाधिक गोलकर्तालाई ट्रफीद्वारा सम्मान गरिने बताइएको छ। माघ २ गते तय भएका अन्तिम चरणका खेलहरूसँगै विशेष अवार्ड समारोह आयोजना गरिनेछ ।

# थाइल्याण्डमा नेटाको व्यापारमा सुधार

## डिसेम्बरमा ६८४ युनिट विक्री




काठमाडौं (अस) । विद्युतीय कार निर्माता नेटा अटोले थाइल्याण्डमा आफ्नो व्यापारमा उल्लेख्य सुधार गरेको छ। कम्पनीले २०२४ को डिसेम्बर महीनामा नेटा एक्स र नेटा भीको व्यापारमा ठूलो सुधार ल्याएको हो । कम्पनीका अनुसार थाइ बजारमा नेटा एक्स र नेटा भी दुवै मोडल गरी ६८४ युनिट विक्री भएको छ ।

नेपाली बजारमा समेत यी दुवै विद्युतीय कार विक्री वितरण भइरहेको छ । नेटा अटोका लागि नेपालको आधिकारिक विक्रेता कम्पनी सिजी मोटर्सले नेटा भीको ५० किलोवाट क्षमाताको मोटर र ४०.७ किलोवाट आवरको ब्याट्री भेरियन्टमा विक्री गर्दै आएको छ । कम्पनीका अनुसार यसले एक पटकको फुल चार्जमा ३८० किलोमिटरसम्म रेन्ज दिन्छ ।

त्यस्तै अर्को मोडल नेटा एक्स दुई ब्याट्री अप्सनमा उपलब्ध छ, जसमा सर्ट रेन्ज भेरियन्टमा ५२ र ठूलोमा ६२ किलोवाट आवर क्षमताको ब्याट्री पाउन सकिन्छ । यसमा १०० किलोवाट क्षमातको मोटर उपलब्ध छ। कम्पनीका अनुसार यसको रेन्ज ५०० किलोमिटरसम्म पाउन सकिन्छ ।

# लक्ष्मी सन्राइज बैंकको लाभांश पारित



काठमाडौं (अस) । लक्ष्मी सन्राइज बैंक लिमिटेडको २४औं वार्षिक साधारणसभा काठमाडौंमा बुधवार सम्पन्न भएको छ । साधारणसभाले बैंकको चुक्तापूँजीको ५ प्रतिशत बोनस शेयर र शून्य दशमलव २६ प्रतिशत नगद लाभांश कर प्रयोजनका लागि वितरणको प्रस्ताव पारित गरेको छ। पारित बोनस शेयरसँगै बैंकको चुक्तापूँजी रू. २४ अर्ब ३४ करोड पुगेको छ ।

साधारणसभाले आर्थिक वर्ष २०८०/८१ का लागि सञ्चालक समितिको प्रतिवेदन तथा सोही आर्थिक वर्षको बैंकको वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गरेको छ । साथै आर्थिक वर्ष २०८१/८२ का लागि लेखापरीक्षकको नियुक्ति समेत गरेको छ ।

# कुमारी बैंकद्वारा विराटनगरमा उद्यमी प्रशिक्षण कार्यक्रम सम्पन्न

विराटनगर (अस) । युएसएडसँगको साझेदारीमा कुमारी बैंकले 'देशैभरि वर्षै भरि' उद्यमशीलता विकास एवं प्रवर्द्धनका लागि उद्यमी प्रशिक्षण अभियान सञ्चालन गरिरहेको छ । सोहीअन्तर्गत बैंकले विराटनगरमा उद्यमी प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । मोरङको विराटनगर महानगरपालिकासँगको समन्वयमा बैंकले सो कार्यक्रम गरेको हो । वित्तीय ज्ञान, शीप, मनोवृत्ति तथा व्यवहार विकासबाट मात्रै व्यवहारिक रूपमा उद्यमशीलता प्रवर्द्धन तथा विकास हुने विश्वास बैंकको छ । बैंकले यस अभियानमा सर्वसाधारणको विषयगत संवेदनशीलतालाई सहजै बुझ्न सकिने गरी वित्तीय उद्यमी प्रशिक्षण, वित्तीय साक्षरता पुस्तिका, कुमारीजी एप, राष्ट्रियस्तरमा ख्यातिप्राप्त कलाकारको अभिनयसहितका सन्देशमूलक भिडियो, सचेतनामूलक सन्देश विकास गरी नियमित रूपमा प्रकाशन तथा प्रसारण समेत गरिरहेको बताइएको छ ।

उद्यमी प्रशिक्षणबाट हरेक स्थानीय निकायमा रहेका उद्यमी सोचहरूको प्रवर्द्धन तथा विकासमा टेवा पुर्‍याउँदै आर्थिक रूपमा समृद्ध परिवार, समाज तथा राष्ट्र निर्माणमा टेवा पुग्ने अपेक्षा गरिएको बैंकले जनाएको छ । बैंकले ३०२ शाखा, ३१६ एटीएम, ५० एक्सटेन्सन काउन्टर तथा ५४ शाखारहित बैंकिङ इकाईमार्फत बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ। आगामी दिनमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्य गर्दै जाने बैंकले प्रतिबद्धता जनाएको छ ।


# निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँभनी मृतकका देहायकाहकवालाहरुले आवश्यक । कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ ।

| सि.नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदाबीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १ | **तेत्री देवी साह हलुवाई**<br>बाबु : नुनवा हलुवाई<br>बाजे : गुजाई साह | सुनसरी जिल्ला दुहवी, न.पा वडा नं. ८ | बचत खाता नं. **०७१००१७५०३६२९** | विराटनगर | २०८१/०८/१२ | सुनसरी जिल्ला दुहवी, न.पा वडा नं. ८ बस्ने जय नारायण साहु हलुवाई (श्रीमान) |
| २ | **वीणा प्रधान**<br>बाबु : ललित बहादुर के.सी.<br>बाजे : तम्बु लाल झा | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं २० | बचत खाता नः **०३१००१०३३१७०१** | न्युरोड | २०८१-०७-०१ | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं २० बस्ने यमुना बहादुर प्रधान (श्रीमान) |
| ३ | **श्री बचन कुमार थारु**<br>बाबु : प्रेम वहादुर थारु<br>बाजे : भज्जुराम थारु | लुम्बिनी बदिर्या जिल्ला, बढै यातात गाउँपालिका वडा नं. ०६ | बचत खाता नं. **११८१००१७५००२५८** | बाासगढी | २०८१/०३/११ | लुम्बिनी बदिर्या जिल्ला, बढैयाताल गाउँपालिका वडा नं. ०६ बस्ने प्रेम वहादुर थारु (बाबु) |
| ४ | **हरि प्रसाद भट्टराई**<br>बाबु : महेश्वर भट्टराई<br>बाजेः तुलसी राम भट्टराई | कोशी प्रदेश, तेह्रथुम जिल्ला, फेदाप गा.पा वडा नं. ३ | बचत खाता नं. **२३२१००१७५०६५७३** | फेदाप | २०८१/०५/०७ | कोशीप्रदेश, तेह्रथुम जिल्ला, फेदाप गा.पा वडा नं. ३ जलजले बस्ने सत्य रुपा भट्टराइ (श्रीमती) |
| ५ | **सागर खड्का**<br>बाबु : पवित्र बहादुर खड्का<br>बाजे : हरि बहादुर खड्का | रामेछाप जिल्ला, मन्थली नगर पालिका वडा नं. १२ | बचत खाता नं. **०९८१००१७५०६७८३** | भिमशेनगोला | २०८१/०७/१४ | रामेछाप जिल्ला,मन्थली नगरपालिका वडा नं. १२ बस्ने पवित्र बहादुर खड्का (बाबु) |
| ६ | **सुनमाया गुरुङ**<br>बाबु : डिला सिंह गुरुङ<br>पती : सेत बहादुर गुरुङ | तनहुञ जिल्ला खैरेनीटार वडा नं. १ | बचत खाता नं. **०६०१००१७५०४५५६** | तालचोक | २०८१।०७।०८ | तनहु जिल्ला खैरेनीटार वडा नं. २ बस्ने भिमबहादृर गुरुङ (छोरा) |
| ७ | **तुलसी प्रसाद पाठक**<br>बाबु : हम कान्त पाठक<br>बाजे : शोभाकर पाठक | बाग्मती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ४, महाराजगञ्ज, पञ्चकन्या मार्ग | बचत खाता नं. **०११००१०६७३३०१** | तीनधारा | २०८१/०७/१९ | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ४, बालुवाटार बस्ने दिपक पाठक(छोरा) |
| ८ | **गंगा लामा**<br>बाबु : बाबु लाल तामाङ<br>बाजे : पुड्के तामा | सिन्धुपाल्चोक जिल्ला फुल्पिङ डाडा गा वि स वडा नं ०२ | बचत खाता नं. **५०१००१७५१०२५२** | बालकुमारी | २०८०-०९-२८ | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं ८ बस्ने मनोज कुमार लामा (छोरा) |
| ९ | **हरि सिंह भण्डारी**<br>बाबुः राम सिंह भण्डारी<br>बाजे : नरपती भण्डारी | बैतडी जिल्ला पन्चेश्वर गाउँपालिका वडा नं ६ | बचत खाता नं. **३४१००१७५१२५२२** | कौशलटार | २०८१-०७-१६ | काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं ३५, बस्ने कलावती भण्डारी (श्रीमती) |
| १० | **टासी ग्याल्बो घले**<br>बाबु : दमै घले<br>बजे : तेम्बा ग्याल्बो घले | बाग्मती प्रदेश, रसुवा जिल्ला, गोसाइकुण्ड गाउँपालिका, वडा नं. ५, नेपाल | बचत खाता नं. **१८७१००१७५००९६९** | धुन्चे | २०७८/०१/२८ | बाग्मती प्रदेश, रसुवा जिल्ला, गोसाइकुण्ड गाउँपालिका, वडा नं.५ बस्ने श्री तेम्बा ग्याल्बो घले (छोरा) |
| ११ | **विकास प्रधान**<br>बाबुः केशव प्रधान<br>बाजेः चन्द्र बहादुर प्रधान | झापा जिल्ला साबिक अर्जुनधारा नगरपालिका वडा नं. ६, | ब्चत खाता नं. **३११००१७५१२३५८** | नया बानेश्वर | २०८१/०७/२६ | झापा जिल्ला साबिक अर्जुनधारा नगरपालिका वडा नं. ६, अर्जुनधारा बस्ने केशव प्रधान (बाबु) |
| १२ | **श्रवण कुमार काम्बाङ्ग**<br>बाबु : शेर बहादुर काम्बाङ्ग<br>बाजेः चन्द्रधोज काम्बाङ्ग | पााचथर जिल्ला याङवरक गाउँपालिका वडा नं. ४ | बचत खाता नं. **०१६१००१७५१३७८१** | धरान | २०८१/०५/२५ | पााचथर जिल्ला याङवरक गाउँपालिका वडा नं. ४ बस्ने संगीता काम्बाङ्ग (श्रीमती) |
| १३ | **श्याम कृष्ण उपाध्याय**<br>बाबुः गोपिनाथ उपाध्याय<br>बाजेः योगनाथ उपाध्याय | काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं १७ | बचत खाता नं. **१८३१००१७५१०७४५** | कुमारीपाटी २ | २०८०/१२/२० | काठमाण्डौ का.म.न.पा जिल्ला वडा नं. १७ बस्ने रन्जन कृष्ण अर्याल (छोरा) |
| १४ | **गोविन्द जोशी**<br>बाबुः बिष्णु दत्त जोशी<br>बाजेः टिका दत्त जोशी | कन्चनपुर जिल्ला, भीमदत्त,वडा नं ०३ | बचत खाता नं. **०२९१००१७५०९७०३** | महेन्द्रनगर | २०८०।०५।१३ | कन्चनपुर जिल्ला भीमदत्त वडा न ०३ बस्ने बिस्ना देवी जोशी (श्रीमती) |
| १५ | **सुभाष चन्द्र अग्रवाल**<br>प्रोप्राइटरः जय भवानी मेडीकल हल<br>बाबुः मालिराम अग्रवाल<br>बाजेः कालुराम अग्रवाल | पर्सा जिल्लाः वीरगंज म.न.पा. वडा नं. ०६ | चल्ती खाता नं. **१७७०१०१७५००९२९** | वीरगंज बाइपास | २०७९/०४/१३ | पर्सा जिल्लाः वीरगंज म.न.पा. वडा नं. ०६ बस्ने किरण देवी अग्रवाल (श्रीमती) |
| १६ | **लाल वावु साह**<br>प्रोपाईटर : लल वावु साह सब्जी भण्डार<br>बाबु : राम किसुन साह<br>बाजे : लखी चन्द साह | झापा जिल्ला दमक न.पा वडा नं. ०६ | चल्ती खाता नं. **२२०१०१७५००६०४** | दमक | २०७८/११/२५ | झापा जिल्ला दमक न.पा वडा नं.०६ बस्ने चनी देवी साह (श्रीमती) |
| १७ | **काली थापा**<br>बाबु : मुन बुढा<br>बाजे : रत्न बुढा | जुम्ला जिल्ला कुडारी गा.वि. स. वडा नं ०१ | बचत खाता नं. **०७२१००१७५०७१७४** | तिला, जुम्ला | २०८०/०६/२४ | जुम्ला जिल्ला साविक कुडारी गा.वि. स. वडा नं ०१ बस्ने कर्ण थापा (श्रीमान) |
| १८ | **नर बहादुर मर्साङ्गी**<br>बाबु : भिम बहादुर मर्साङ्गी<br>बाजे : प्रतिमन मर्साङ्गी | सुर्खेत जिल्ला बराहताल गा. पा वडा नं. ५ | बचत खाता नं. **०६९१००१७५१०११७** | बराहताल | २०८१.०५.१८ | सुर्खेत जिल्ला बराहताल गा. पा वडा नं. ५ बस्ने प्रेम कुमारी बुढा क्षत्री (मर्साङ्गी) (श्रीमती ) |
| १९ | **राम बहादुर माली**<br>बाबु : सिद्धी लाल माली<br>बाजे : सिम्हा बिर माली | ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ९ | **१३३१००१७५११५५८** | मालीगाउ | २०७८/०६/११ | ललितपुर जिल्ला ललितपुर महानगर पालिका वडा नं. ९ हाल अमेरिका बस्ने बिश्वेस बहादुर माली (छोरा) |
| २० | बिक्रम महर्जन<br>बाबु : विर बहादुर महर्जन<br>बाजे : कान्छा महर्जन | काठमाण्डौं जिल्ला कीर्तिपुर नगरपालिका वडा न. ३ बागमती | **१२९१००१७५०३५६५** | कीर्तिपुर | २०८१/०६/१७ | काठमाण्डौं जिल्ला कीर्तिपुर नगरपालिका वडा न. ३ बागमती बस्ने श्रीमती बुद्ध लक्ष्मी महर्जन |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

विज्ञापनको शक्ति यो हो कि मानिसहरू जहाँ छन् त्यहाँ यो पुग्न सक्छ र तिनीहरूलाई के कुरामा चासो छ त्यससँग जोड्न सक्छ ।

- सत्या नाडेला

सम्पादकीय

# निजी क्षेत्रको ऋणमा सरकारी जमानीको जोखीम

नेपालमा विकास आयोजनाहरूका लागि वित्त परिचालन गर्न सरकारले नयाँ नयाँ उपकरणको खोजी गर्ने क्रममा सार्वजनिक–निजी साझेदारी (पीपीपी) मोडलमा प्राथमिकताप्राप्त परियोजना निजीक्षेत्रले बनाएमा त्यसका लागि ऋण लिन सरकार जमानीमा बस्नेगरी नयाँ विकास सहायता परिचालन नीति तयार गरेको छ । प्रतिक्रियाका लागि सार्वजनिक गरिएको विकास सहायता परिचालन नीति, २०८१ को मस्यौदामा निजीक्षेत्रलाई ऋण परिचालन गर्न सरकार ग्यारेन्टी बस्ने प्रस्ताव गरिएको हो । निजी क्षेत्रलाई सरकारले यसरी विश्वास गरेर ऋण परिचालनमा सदाशयता देखाउनु सकारात्मक छ । यस्तो नीति सिद्धान्ततः सह्राहनीय छ तर त्यसको कार्यान्वयन भने एकातिर जोखिमपूर्ण देखिन्छ भने अर्कातिर सरकारले साँचिकै जमानी बस्ला भनेर विश्वास गर्न सकिने आधार चाहिँ देखिँदैन ।

सरकारले आफ्नै शेयर स्वामित्वको कम्पनीमा जमानी बस्दा समस्यामा परेको छ । नेपाल वायु सेवा निगमले जहाज खरीद गर्दा लिएको ऋणको साँवाब्याज भुक्तानीमा समस्या छ । ऋणदाता कम्पनी पनि सरकारी नै हो तर पनि निगमले व्यवसाय गर्न नसक्दा ऋणको किस्ता तिर्न सकेको छैन र ऋणदाता कर्मचारी सञ्चय कोष तथा नागरिक लगानी कोषले सरकारलाई गुहार्नु परिरहेको छ । यस्तोमा निजी क्षेत्रलाई पनि जमानीमा ऋण दिने कुरा अवधारणात्मक रूपमा निकै राम्रो भए पनि व्यावहारिकताको कसीमा कत्तिको खरो उत्रन्छ भन्न सकिँदैन ।

नेपालमा ठूला पूर्वाधारमा ठूलो लगानी आवश्यक छ । यसका लागि सरकारी स्रोत अपर्याप्त त छँदै छ । साथै, निर्माणमा भएको सुस्तीले आयोजनाको लागत निकै बढेको छ र आयोजनाको समय थपेको थप्यै गर्नु परिरहेको छ । यस्ता आयोजना निजी क्षेत्रले बनाउने हो भने सरकारले भन्दा चाँडो पक्कै बनाउनेछ । निजी क्षेत्र परिणाममुखी हुन्छ र ऊ कागजी प्रक्रियामा अलमलिँदैन । त्यसैले ठूला पूर्वाधारहरू सार्वजनिक निजी साझेदारीमा बनाउने र त्यसका लागि सरकारी जमानीमा ऋण दिने कुरा उपयुक्त देखिन्छ । सरकारले काम गर्न नसक्ने र निजी क्षेत्रले काम गर्न अवसर

**निजी क्षेत्रको ऋणमा सरकार जमानीमा बस्ने हो भने विभिन्न अवस्था र पूर्वशर्तहरू पारदर्शी ढंगले स्पष्ट पार्न आवश्यक छ ।**

नपाएको गुनासोलाई सम्बोधन गर्न यो नीति उपयोगी देखिन्छ ।

तर, के कुरा बिर्सन सकिँदैन भने सरकारले ल्याएका हरेक कागजी योजना र कार्यक्रम ज्यादै सुन्दर र आकर्षक लाग्छन् । तिनका लाभ र त्यसले ल्याउने परिवर्तन पनि खुब राम्रोसँग व्याख्या गरिएको हुन्छ । तर, जब कार्यान्वयनमा जान्छन् ती हावादारी साबित हुन्छन् । एक त त्यस्तो योजना शुरू नै हुँदैन । भइहालेछ भने पनि विभिन्न कारण देखाएर थप काम गर्न समिति बनाउने, अध्ययन गर्ने भनिन्छ र त्यसमै थप समय लगाइन्छ ।

सरकारले अहिले ल्याएको नीतिले ऊ निजी क्षेत्रप्रति निकै सकारात्मक रहेको सन्देश दिन्छ । हुन पनि ठूला ठूला परियोजना बनाउने नेपालको निजी क्षेत्रको क्षमता निर्माण भइसकेको छैन । खासगरी त्यसका लागि पूँजीगत क्षमता बनेको छैन । मानौं, सरकारले वायुसेवा निगम निजी क्षेत्रलाई विक्री गर्ने भन्यो भने त्यो किन्न निजी क्षेत्रका कम्पनी छैनन् भन्दा हुन्छ । ठूला परियोजनामा एउटा कम्पनीको मात्र आवेदन पर्नु यसको अर्को उदाहरण हो । यस्तोमा सरकारी जमानीमा ऋण दिने नीति सही देखिन्छ । जलविद्युत् आयोजना, विमानस्थल र सडक आयोजनामा सरकारले यसरी निजी क्षेत्रलाई सहयोग गर्ने हो भने मुलुकमा ठूला परियोजना अघि बढ्न सक्ने देखिन्छ । तर, निजी क्षेत्रले खोजेको केही नीतिगत सुधारमा सहजीकरण गर्नसमेत सरकार अनुदार बनेको सन्दर्भमा यो नीतिमा पनि ऊ उदार हुन्छ भनेर विश्वास गर्न सकिँदैन ।

त्यसो त सरकार आसेपासेवादमा लागेको आरोप छ । त्यसो हुँदा आफन्तलाई मात्रै पोस्ने गरी जमानीमा बसिदिने सम्भावना उच्च छ । त्यसैले भ्रष्ट सरकार भएको मुलुकमा यो नीति पारदर्शी ढंगले लागू होला भन्न कठिन हुन्छ । त्यस्तै निजी क्षेत्र पनि असल अभ्यासमा संलग्न नदेखिएकाले यस्तो लगानी मोडलको सही अभ्यास होला भन्न सकिन्न । त्यसैले सरकारले यस्तो सुविधा दिने हो भने विभिन्न अवस्था र पूर्वशर्तहरू पारदर्शी ढंगले स्पष्ट पार्न आवश्यक छ । कस्ता आयोजना र कस्ता कम्पनीलाई कस्तो खालको काममा जमानी बस्ने भन्ने कुरा स्पष्ट पार्न आवश्यक छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## निम्बसको लक्ष्य र बर्डफ्लुको सङ्क्रमण

नेपालमा विभिन्न उद्योग व्यवसाय सञ्चालन गर्दै आएको 'निम्बस'ले कुखुरापालक किसानका लागि रू. ७४ लाखको 'बर्डफ्लु रिलिफ फण्ड' स्थापना गरेको छ । निम्बसद्वारा उत्पादित शक्ति पेलेट दाना खुवाएर पालिएका कुखुरा बर्डफ्लुले मरेको अवस्थामा सरकारले दिने क्षतिपूर्तिबराबर थप रकम यो फण्डमार्फत राहतस्वरूप उपलब्ध गराउने घोषणा गरेर कुखुरापालक किसानलाई निम्बसले ठूलो हौसला प्रदान गरेको छ । सरकारले बर्डफ्लु लागेर मर्ने ४ हप्तासम्मका प्रतिकुखुरालाई रू. ५० र ४ हप्ताभन्दा माथिका कुखुरालाई रू. १ सय ३० क्षतिपूर्तिको दररेट निर्धारण गरेको छ । सरकारको यो क्षतिपूर्तिले किसानको न्यूनतम लागतसमेत उठ्ने अवस्था थिएन । तर, निम्बसले सरकारले दिने क्षतिपूर्तिबराबरको रकम थप गरिदिएर अब भविष्यमा बर्डफ्लु लागेर कुखुरा मरिहाले भने पनि कुखुरापालक किसानलाई यो व्यवसायबाट पलायन हुनुपर्ने अवस्थाबाट जोगाइदिएको छ । कुखुरापालन व्यवसायलाई दिगो र भरपर्दो बनाउन निम्बसको यो योगदानलाई निश्चय पनि सराहनीय मान्नुपर्छ ।

(सम्पादकीयबाट)

वर्ष ८, अंक ८३, मङ्गलवार २६ मङ्सिर, २०६९

# आर्थिक गतिशीलताका लागि अचुक अस्त्रको खोजी

## लघुवित्त र सहकारीको समस्या समाधान जरुरी

आर्थिक क्रियाकलापमा वृद्धि तथा अर्थतन्त्र चलायमान हुनु आर्थिक गतिशीलता हो । यसमा नागरिकको बचतदेखि उपभोगसम्मको अनुपातमा वृद्धि हुन्छ । त्यस्तै वित्त, मौद्रिक, संरचनात्मक र बाह्य क्षेत्रसहित आर्थिक नीतिका चार अंग बीचको सुमधुर सम्बन्ध कायम रहेको हुन्छ । नागरिक र उसको व्यवहार, घरपरिवार, व्यवसाय, वित्तीय क्षेत्र, सरकार र बाह्य क्षेत्रको भूमिका आर्थिक गतिशीलताका लागि महत्त्वपूर्ण हुन्छ । माग र आपूर्ति बीचको सन्तुलन, करका दरको कटौती, सार्वजनिक खर्च विस्तार, न्यून ब्याजदर, व्यवसायमैत्री वातावरण, सामाजिक सुरक्षाका साथै वित्तीय अनुशासन आर्थिक गतिशीलताका लागि आवश्यक तत्त्व हुन् । आर्थिक गतिशीलता वृद्धि गर्ने कार्यमा लघुवित्त र सहकारी संस्थाहरूको योगदान आवश्यक हुन्छ । हाल नेपालमा देखिएका समस्या, समाधान, सुशासन र लघुवित्त सेवाको थप प्रवर्द्धनका लागि सरकारको भूमिका बारेमा यस आलेखमा चर्चा गरिएको छ ।

### आर्थिक मन्दी र प्रभाव

अहिले देशभित्र आर्थिक गतिशीलताको अभाव देखिएको छ । परिवारको मुख्य व्यक्तिदेखि सरकार प्रमुखसम्म, स्तरअनुसार देशभित्र आर्थिक क्षेत्रको नेतृत्व गर्ने सबैको चिन्ता, चासो र छलफलको विषय बनेको छ यो समस्या । परिवारमा रोजगारी गुम्यो । व्यापार भएन, उत्पादनले बजार र उपयुक्त मूल्य पाएन । भान्सा महँगो भयो, । व्यक्तिलाई घरखर्च चलाउन र सरकारलाई देश चलाउन बजेट पुगेन । सञ्चालन खर्च वृद्धि हुँदै गएको छ । पूँजीगत खर्च घट्दै गएको छ । वार्षिक बजेटको ठूलो हिस्सा ऋणको ब्याज र दैनिक खर्चको भुक्तानीमा प्रयोग भएको छ । सरकारले कोभिड बीमाको क्षतिपूर्ति दिन सकेन । निर्माण कम्पनी तथा ठेकेदारहरूले भुक्तानी पाएनन् । भ्रष्टाचार बढ्यो । राजस्वछली तथा तस्करी वृद्धि भयो । सरकारी सम्पत्तिको हिनामिना बढ्दै गयो । अमेरिका, जापान, रुसलगायतका देशमा अध्ययन, कामदार या कोहीलाई शरणार्थी प्रमाणित गराएर पठाउने काम भएको छ । आर्थिक गतिशीलता घटेका कारण यस्ता आर्थिक तथा सामाजिक समस्या पैदा भएका हुन् । नेपाली सामाजिक वातावरणमा अहिले यिनै कारोबार दैनिक रूपमा धेरै भएको सुन्न, पढ्न र देख्न पाइन्छ । सडकमा जहिले भो आन्दोलन देख्न पाइन्छ । कहिले न्यायको लागि, कहिले कोबाट पीडित, कहिले कोबाट पीडितहरू न्यायका लागि नाराजुलुस, धर्ना गरिरहेका देखिन्छन् । त्रिभुवन विमानस्थलमा अध्ययन र श्रमका लागि बाहिर जाने ठूलो भिड लागेकै हुन्छ । उताबाट शवका पोकाहरू आएको देखिन्छ । तिनीहरूलाई गुमाउँदा लालाबाला समातेर परिवारका सदस्यहरूले गरेको विलाप, रुवावासीसमेत त्यतिकै देख्न पाइन्छ । शहरमा व्यावसायिक घरसटरहरूमा 'टु-लेट' बोर्ड लागेको छ । गाउँका खेतबारी बाँझिएका छन् । देशमा रहेका ठूला उद्योग, कलकारखानाले उत्पादन घटाउँदै लगेका छन् । सरकारले निर्यात गरेर होइन जति सक्दो धेरै आयात गरेर राजस्व आम्दानी गर्ने नीति बनाइरहेको छ । किनेरै खान, लाउन र कमाउन विदेशै जानु परेपछि गाउँमा किन बस्ने भनेर रोजगारीको खोजी गर्दै बजारमा बसाइ सर्ने प्रवृत्ति बढ्दो छ । गाउँ रित्तिदै गएर गाउँका घरमा ताला लाग्न थालेका छन् । काम गर्न सक्ने हातखुट्टा चल्ने, अलिअलि शीप र जाँगर भएका धेरै विदेश गएका छन् । देश त केटाकेटी र बूढाबूढीहरूको आश्रय स्थल जस्तो देखिन थालेको छ । अलिअलि बाँकी रहेका, देशमा केही गरौं भन्नेले गरेको उत्पादनले बजार पाउन सकेको छैन । सरकारको उदारीकरणको नीतिले गर्दा तिनको उत्पादनले विदेशी उत्पादनसँग प्रतिस्पर्धा गर्न सकेका छैनन् । कृषि उत्पादनका लागि आवश्यक पर्ने बीउ, मल, सिँचाइ समयमा पाइँदैन । कुनै उत्पादनले देश आत्मनिर्भर हुन थाले छिमेकीको गिद्धेनजर परिहाल्छ । अनि विभिन्न बहानामा निर्यात बन्द हुन्छ । उत्पादनको बजार र उपयुक्त मूल्यको अभावमा उत्पादन बन्द गरेर विदेशिँदा नै सुरक्षित भइने आभास गरेर युवाशक्ति विदेशिरहेको छ । फलस्वरूप घरपरिवार, समाज तथा देश विप्रेषण आयमा निर्भर छ । वैदेशिक रोजगारीमा आधारित विप्रेषण आयमा निर्भर रहेकोले विश्वका कुनै पनि देशको आन्तरिक प्रभाव नेपालमा तत्कालै देखिन्छ । अनि कसरी आओस् आन्तरिक रूपमा आर्थिक गतिशीलता ? किन नहोस् आर्थिक मन्दी ? जबसम्म आन्तरिक रूपमा आर्थिक गतिशीलता वृद्धि हुँदैन, विप्रेषणमा निर्भर अर्थतन्त्र रहन्छ तबसम्म आर्थिक मन्दीको समस्या कायम रहने



**कर्जा माफी हुने तथा निर्ब्याजी कर्जा पाइने हल्लाको प्रभावमा परेर सिदासादा ऋणीहरू माफियाहरूको पछि लागेका छन् । सहकारी संस्थाहरू राजनीतिक नेतृत्वमा रहेर लुट गर्नेहरूको हातमा पुगेका छन् ।**

- जिताराम गौतम

देखिन्छ । आर्थिक गतिहीनताको स्थायी समाधान के हुन सक्छ ? आर्थिक गतिशीलताको लागि अचुक अस्त्र के होला त ?

### आर्थिक संकटको समस्या

आर्थिक संकटका कारण देशमा गरीबी, बेरोजगारी, गरीब र धनीबीचको अन्तर (जिनी सूचकांक) झनै बढ्दै गएको छ । विपन्न र ग्रामीण, दुरदराजका बस्तीको जीवन झनै कठिन भएको छ । परम्परादेखि चल्दै आएका शीप, उत्पादन, सामाजिक सहयोग, एकता तथा सामुदायिकता, सामाजिक विश्वास खलबलिएको छ । समाजमा दण्डहीनता बढेको छ । कानूनी शासन हराएकाले सुशासनको अभाव भएको छ । शहर केन्द्रित बसाइसराइले गर्दा ग्रामीण क्षेत्रमा रहेका सरकारी विद्यालयमा विद्यार्थीको अभाव हुन थालेको छ । शहरमा निजी विद्यालयको प्रवर्द्धन उच्च छ, जसले गर्दा शिक्षा महँगो हुँदै गएको छ । स्वास्थ्य क्षेत्रमा पनि यस्तै समस्याले गर्दा स्वास्थ्य महँगो भएको छ । बैंक वित्तीय संस्थाहरूको व्यवसाय खुम्चिएकोले शाखा मर्ज गरेर शाखा संख्या घटाउँदै छन् । गाउँगाउँमा खुलेका लघुवित्त संस्था मर्ज हुँदै शाखा संख्या घट्न थालेको छ । सामाजिक विखण्डनसँगै सामूहिक जमानीमा विनाधितो कर्जा, बचत, बीमा र विप्रेषणलगायतका वित्तीय सेवाको साथै गैरवित्तीय सेवा दिने अर्थतन्त्रका पूर्वाधार लघुवित्त संस्था, सहकारी संस्थाहरू समस्यामा परेका छन् । यिनी वित्तीय संस्थाले लगानी गरेको कर्जा असुली हुन सकेको छैन । खराब कर्जा वृद्धि हुँदै गएको छ । लगानी अनियन्त्रित भएको छ । सञ्चालक/व्यवस्थापकहरूको मनोमानी बढेको छ । नियामक निकायले समयसापेक्ष नियमन गर्न नसकेको र स्वनियमनमा नचलेको हुनाले लघुवित्त र सहकारी संस्था थला पर्दै गएका छन् । यही कारण आर्थिक क्रियाकलापहरूमा धेरै मन्दी आएको छ । गाउँमा अहिले विपन्न परिवारले कर्जा पाउन छोडेको छ । विपन्नले नखाई नलाई बचत राखेका सहकारी कोही डुबे, कोही डुबाइए, कोही भागे, कोही भगाइए । यसमा बचत गर्नेहरू बिचल्लीमा परेका छन् । यसरी देशमा करिब ६० लाख घरधुरीलाई सेवा पुऱ्याएका लघुवित्त संस्थाको कारोबार सञ्चालनमा बाह्य पक्षले पुऱ्याएको बाधा, व्यवधान र करिब ९४ लाख जनालाई सेवा पुऱ्याएका सहकारी संस्थाहरू सञ्चालन र व्यवस्थापनमा लापरवाही देखिएको छ । यही समस्याको कारण देशको आधाभन्दा धेरै समुदायको आर्थिक क्रियाकलापमा आएको समस्याले देश आर्थिक मन्दीको चंगुलमा परेको हो ।

### लघुवित्त र सहकारी समस्याको प्रभाव

देशको अर्थतन्त्रको पूर्वाधारको रूपमा आफ्नो पहिचान बनाएर आधाभन्दा धेरै जनसंख्यालाई सेवा पुऱ्याएर मुलुकमा ५० प्रतिशतको हाराहारीमा रहेको गरीबी दर घटाएर करिब २१ प्रतिशतमा आउन तथा ल्याउन लघुवित्त संस्था र सहकारीहरूको ठूलो योगदान रहेको छ । देशमा आर्थिक गतिशीलता ल्याउने कार्य यिनीहरूको सेवा प्रवाहमा भर परेको छ । यी दुवै संस्थाहरू आन्तरिक तथा बाह्य कारणले प्रभावित भएका छन् जसले गर्दा ग्रामीण विपन्न, न्यून आय भएका, ससाना व्यवसाय सञ्चालन गरेर स्वरोजगार हुँदै रोजगारी सृजना गरेका परिवारहरू समस्यामा परेका छन् । गाउँमा सचेतनाको नाउँमा राजनीतिक आवरणधारी अवसरवादीहरूबाट लघुवित्त संस्थाका शाखा कार्यालय, कर्मचारी र तिनका इमानदार सदस्यहरूमाथि हमला गरेका छन् । लघुवित्त कारोबार सञ्चालन गर्ने/गराउनेप्रति सम्मान गर्नुको सट्टा शारीरिक तथा मानसिक रूपमा असुरक्षा र अनुत्प्रेरणाको वातावरण बनाइदिएका छन् । समूहमा आबद्ध भएकालाई विनाधितो कर्जा दिने लघुवित्त संस्था तथा कर्मचारीहरू आशंकित बनेका छन् ।

कर्जा माफी हुने तथा निर्ब्याजी कर्जा पाइने हल्लाको प्रभावमा परेर सिदासादा ऋणीहरू माफियाहरूको पछि लागेका छन् । सहकारी संस्थाहरू देशमा राजनीतिक नेतृत्वमा रहेर ब्रह्मलुट गर्नेहरूको हातमा पुगेको छ । सहकारी सिद्धान्त र मूल्यमान्यतामा नचलेको देखेर पनि नियामक निकाय आँखा बन्द गरेर बसिदिनाले उठ्नै नसक्ने गरी थला परेका छन् । यी नै दुईथरी संस्थाहरूमा परेको समस्याको कारणले नै देशमा आर्थिक मन्दी भएको हो । त्यसैले देशमा आर्थिक गतिशीलता ल्याउन यी संस्थाहरूमा देखिएको समस्याको समाधान नै पहिलो प्राथमिक कार्य हुनुपर्छ ।

### समाधानको उपाय

देशमा आर्थिक गतिशीलता ल्याउन, गरीबी न्यूनीकरण गर्न, बेरोजगारी घटाउन देशमा रहेका परम्परागत शीप, उद्यम, पेशा, व्यवसायलाई आधुनिकीकरण र प्रवर्द्धन गर्न आवश्यक छ । देशले अवलम्बन गरेको आर्थिक उदारीकरण स्वरूप विकासको क्रममा विगतमा नेपाल सरकारले नै प्रवर्द्धन गरेर शुरू भएका लघुवित्त र सहकारी संस्थाहरू उद्देश्य अनुरूप सञ्चालन व्यवस्थापन गर्न गराउन नसक्दा यिनको कारोबार देशको लागि बच्चाको हातमा रहेको हतियार जस्तै भएको छ । लघुवित्त संस्था र सहकारी संस्थाको कारोबारको कुशल नेतृत्व, व्यवस्थापन, नियमन, संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने कार्यको शुरुवात तत्कालै गर्न आवश्यक छ । यसो नभएमा देशको अर्थतन्त्रमा महाभूकम्प जान सक्ने देखिन्छ । देशमा हाल विद्यमान आन्तरिक आर्थिक मन्दीको मुख्य कारण लघुवित्त र सहकारी संस्थामा देखिएको समस्या नै हो । यसमा दुविधा नभएकाले बाह्य क्षेत्र तथा विदेशी मुद्रा सञ्चिति राम्रो छ भन्दैमा देशको अर्थनीति क्षणिक भुलभुलैयामा पर्नु हुँदैन । देशमा रहेका बहुजनताको सेवाको लागि, समृद्धि तथा समुन्नतिको लागि धेरै ठूलो संख्यालाई सेवा पुऱ्याउन सफल लघुवित्त र सहकारी संस्थाको योगदानको अध्ययन, विश्लेषण र सही मूल्यांकन गर्न आवश्यक छ । त्यसपछि यिनीहरूको सुरक्षा, संवर्द्धन र प्रवर्द्धन गर्नु पहिलो आवश्यकता हो ।

**लघुवित्त र सहकारी संस्थामा देखिएका समस्या तथा व्यवधानको समाधान गरेर तथा सुशासन प्रवर्द्धन गरेर नै देशमा देखिएको आर्थिक मन्दी तथा गतिहीनतारूपी समस्याको समाधान गर्न सकिन्छ । त्यसैले आर्थिक गतिशीलता दिनका लागि लघुवित्त र सहकारी संस्था नै अचुक अस्त्र हुन् ।**

### लघुवित्तको योगदान

लघुवित्त र सहकारी संस्था दूरदराजका विपन्न बस्तीहरूमा पुगेका छन् । विपन्न, बेरोजगार, भूमिहीन, निमुखा जनतालाई सम्झाईबुझाई उत्प्रेरणा गरेर समूहमा आबद्ध गरेर ससानो बचत संकलन, विनाधितो कर्जा , बीमा, विप्रेषणलगायतका वित्तीय सेवाका साथ साथै गैरवित्तीय सेवा प्रवाह गरेका छन् । यसले गर्दा समाजमा वित्तीय पहुँच, वित्तीय तथा व्यावसायिक साक्षरता, महिला सशक्तीकरण, नेतृत्वको विकास, वृद्धि भएको छ । समाजमा लैंगिक हिंसा कम भएको छ । एउटै समूहमा आबद्ध हुँदा जातीय विभेद घटेको छ । शिक्षा र स्वास्थ्यका क्षेत्रमा सचेतना वृद्धि भएको छ । गरीबी घटेको छ । सबैभन्दा ठूलो कुरा त पूँजीको अभावमा पनि आफूसँग भएको शीप, क्षमताको उपयोग गर्न नपाएका विपन्न परिवारले सहजै रूपमा घरदैलोमा समूहको जमानीमा विनाधितो कर्जा लिएर आफ्नो ज्ञान, शीप, क्षमता र अनुभवको आधारमा व्यवसाय सञ्चालन गर्न पाएका छन् । यसले गर्दा उद्यमशीलताको विकास भएको छ । रोजगारी र स्वरोजगारमा वृद्धि भएको छ । ग्रामीण उत्पादनमा भएको वृद्धि लघुवित्त र सहकारीको योगदानबाट भएको कुरा धेरै हदसम्म दाबी गर्न सकिन्छ । यसरी अर्थतन्त्रको आधार क्षेत्रमा आर्थिक गतिशीलता ल्याउन लघुवित्त र सहकारीले पुऱ्याएको योगदानको यथेष्ट अध्ययन, अनुसन्धान, विश्लेषण नियामक निकाय तथा सरकारले गर्न नसकेको अवस्था रहेको छ । राम्रो कुरालाई गौण बनाएर लघुवित्त र सहकारी क्षेत्रमा देखिएका केही कमीकमजोरीलाई गलत ढंगले कुप्रचार गरेर अवसरवादी तत्त्वहरूले वितण्डा मच्चाएका छन् । यस्तोमा सरकार मूकदर्शक भई रमिते बनेको छ । त्यसैले ग्रामीण क्षेत्रका वित्तीय सेवाका खम्बाहरू हल्लिन थालेका हुन् । यसबाट समाजमा वित्तीय सेवाको वातावरण धमिलिएको छ । नेपाली समाजका गहना एकता, सहयोग र विश्वासलाई फुटाएर अविश्वासको वातावरण सृजना गरी सामाजिक वातावरण धमिल्याएका छन् । धमिलो पानीमा माछा मार्न पल्किएका अवसरवादीले फ्याँकेको जालमा लघुवित्त र सहकारी संस्था परिसकेका छन् । नियामक निकाय तथा सरकारले जाल फाल्ने शिकारीहरूलाई समयमै कारबाही नगरे सामाजिक वित्तीय सेवाको वातावरण थप बिग्रँदै जाने देखिन्छ ।

नेपाल अतिविपन्न देशहरूको सूचीबाट बाहिर निक्लन खोज्दै छ । देशमा अहिले पनि करिब २१ प्रतिशत जनता गरीबीको रेखामुनि रहेका छन् । उनीहरूको आधारभूत आवश्यकता पूरा गर्न नै समस्या रहेको छ । आम नेपाली बीचमा अझै पनि परम्परागत तथा आधुनिक बैंकिङ प्रणाली लोकप्रिय छैन । नेपालमा वित्तीय सेवाको पहुँच गराएर अधिकांश नेपालीको बचत खाता खोल्ने, खर्च कटाएर न्यून भए पनि खातामा जम्मा गरी बचतको माध्यमबाट उज्ज्वल भविष्यको आधार तयार गर्ने अभ्यास लघुवित्त र सहकारीमार्फत नै भएको हो । कर्जाको लागि गाउँघरका साहुमहाजन र आफन्तबाट बाहिर आएर संस्थागत कर्जा उपभोग गर्ने बानीको अभ्यास लघुवित्त र सहकारीले नै गराएका हुन् । विपन्नलाई आफ्नो ज्ञान, शीप र अनुभवको प्रयोग गरेर उद्यम गर्ने इच्छा जगाएर उद्यमशीलताको बाटोमा डोऱ्याउने काम लघुवित्त र सहकारीले नै गरेका हुन् । विपन्नलाई समूहमा आबद्ध गराएर अन्यायको विरुद्ध एक हुन समूह केन्द्रको नेतृत्वको अभ्यास गराएर महिला नेतृत्वको विकास गराउन लघुवित्त संस्थाहरूकै देन रहेको छ । अर्थात् सामाजिक र आर्थिक क्रियाकलापमा अगाडि ल्याउन महिलालक्षित वित्तीय कारोबारको सञ्चालन लघुवित्त संस्थाले नै गरेका हुन् । विपन्न, गरीब, बेरोजगार, दलितपीडित, एकल महिलाहरूलाई समूहमा आबद्ध गराएर, वित्तीय साक्षरताको तालिम दिएर, विनाधितो कर्जा दिएर आर्थिक रूपमा सशक्तीकरण गर्ने काम लघुवित्त संस्थाहरूले नै गरेका हुन् । यसरी समाजमा रहेका अतिविपन्न, विपन्न, न्यूनमध्यम र मध्यम सबै वर्गलाई समेटेर वित्तीय तथा गैरवित्तीय सेवा प्रवाहको माध्यमबाट सामाजिक एकता, आपसी विश्वास र सहयोगको वातावरण बनाएर समावेशी आर्थिक विकासको सुरुवात लघुवित्त र सहकारी संस्थाले नै गरेका हुन् । लघुवित्त सेवाले झन्डै ५० वर्ष र सहकारीले ७० वर्षभन्दा लामो समयदेखि देशमा आर्थिक विकासका लागि योगदान गरेर समावेशी आर्थिक विकासका खम्बाका रूपमा स्थापित भएका छन् । यसरी समाजमा रहेका बहुजनको आर्थिक क्रियाकलापको केन्द्रका रूपमा रहेका लघुवित्त र सहकारी संस्थाहरूको सञ्चालन, व्यवस्थापन र नेतृत्वले गर्ने कार्यमा केही कमीकमजोरी भएकै हो । पछिल्लो समयमा यी संस्थाहरूको उद्देश्यमा केही विचलन आएको हो । नियामक निकायको आँखा नपरेको अवस्थामा समाजमा रहेका अवसरवादीहरूले यी संस्थाहरूमाथि हमला शुरू गरेका हुन् । यी संस्थाहरूको सेवा प्रक्रियामा रहेका केही कमीकमजोरीलाई सच्याएर यिनीहरूलाई आआफ्नो सेवा सञ्चालन गर्न उपयुक्त वातावरण बनाएर लघुवित्त र सहकारी सेवाको प्रवर्द्धन अझै धेरै गर्न आवश्यक रहेको छ । त्यसैले सरकारले सर्वप्रथम समाजमा आर्थिक तथा वित्तीय अनुशासन विपरीत कार्य गर्ने गराउने, दुरुत्साहन गर्ने गराउने सबैलाई कानुनी कठघेरामा ल्याएर वित्तीय अनुशासन कायम गराउँदै लघुवित्त र सहकारी सेवामा रहेको समस्याको समाधान गर्नुपर्छ र यी दुवै सेवाको प्रवर्द्धन गर्नुपर्छ । लघुवित्त र सहकारी संस्थामा देखिएका समस्या तथा व्यवधानको समाधान गरेर तथा सुशासन प्रवर्द्धन गरेर नै देशमा देखिएको आर्थिक मन्दी तथा गतिहीनतारूपी समस्याको समाधान गर्न सकिन्छ । त्यसैले आर्थिक गतिशीलता दिनका लागि लघुवित्त र सहकारी संस्था नै अचुक अस्त्र हुन् ।

*लेखक लघुवित्त र लघुबीमा क्षेत्रमा लामो अनुभव प्राप्त अधिवक्ता तथा मेलमिलापकर्ता हुन् ।*

पाठक पत्र

# यातायातको भाडा किन बढाइयो ?

पेट्रोलियम पदार्थको मूल्य अहिले घटेको छ । त्यसमा पनि डिजेलको मूल्य बढी घटेको छ । तर, मूल्य घट्दा सरकारले र यातायात व्यवसायीले भाडा कत्ति पनि घटाएनन् । अहिले एकदुई पटक त्यो पनि एकदुई रुपियाँ डिजेलको भाउ बढ्नासाथ हतार हतार भाडा बढाएका छन् । सरकार जनताको पक्षमा हो कि व्यापारीको पक्षमा हो भन्ने प्रश्न यसले उठाएको छ ।

सरकार भनेको जनताप्रति उत्तरदायी हो । कसैले जनतालाई ठग्छ कि भनेर हेर्ने काम सरकारको हो । निजी क्षेत्रलाई नै यातायात व्यवसाय सुम्पेर सरकारले विश्वकै सबैभन्दा खराब अभ्यास नेपालमा गरेको छ । सार्वजनिक सवारीसाधनका चालकजस्तो सडकमा अराजकता मच्चाउने कोही छैन । जथाभावी गाडी चलाएर मोटरसाइकल, साइकल र पैदल यात्रुलाई ठक्कर दिने, घाइते बनाउने काम उनीहरूले गरिरहेका छन् । सडकमा जथाभावी गरे उल्टै ट्राफिक प्रहरीलाई दंग्याउँछन् । अति मनपरी गरेर भनेर जरिवाना शुल्क बढाउन खोज्दा अराजकता मच्चाए ।

सरकारले उनीहरूकै कुरा सुन्यो ।सर्वसाधारण यात्रुको पिरमर्कामा सरकारले कहिल्यै ध्यान दिँदैन । यस्तोमा भाडा बढाउने निर्णय गरेर सरकारले सिधै जनतालाई मर्कामा पार्ने काम गरेको छ । अहिले आर्थिक मन्दीका कारण जनताको आमदानी घटेको छ । उनीहरूले गर्ने खर्च पनि घटाएका छन् । त्यही कारण बजारमा उपभोग्य वस्तुको माग बढेको छैन । भएका केही उद्योगले पनि सामानको माग नभएपछि उत्पादन घटाउनु परिरहेको छ । यस्तोमा भाडा बढाएर सरकारले जनतालाई थप भारी बोकाएको छ ।

अत्यधिक कर लिएर जनतालाई सबै सेवा र वस्तु महँगो पारिदिएको छ । यसरी उठाएको करले सरकारी कर्मचारी र नेताहरूले मोजमस्ती गर्न पाएका छन् । तर जनता विवश छन् । जनता विवश छन्, केही गर्न सक्दैनन् भनेर सरकारले मनपरी गरिरह्यो भने कुनै पनि बेला ठूलो विस्फोट हुन सक्छ । यसतर्फ सरकारको ध्यान जाओस् । अहिले सार्वजनिक सवारीसाधनको भाडा बढाउन आवश्यकै थिएन । सरकारले व्यवसायीको कुरा सुन्यो । कतिपय नेताकै लगानीमा सार्वजनिक सवारी चलेका छन् । यसरी व्यापारी रिझाउँदा जनताले गर्ने विद्रोहबारे सरकारले सोचोस् । जनता जाग्दैनन् तर जति बेला जाग्छन् त्यति बेला कसैलाई पनि छाड्दैनन् । यो कुरा सरकारमा बस्नेले बेलैमा मनन गरून् ।

*मनोज थापा*
*बालाजु, काठमाडौं ।*



तस्वीर : रासस

**नेवा देय् दबू टोखा नगर समितिद्वारा काठमाडौंको टोखामा बुधवार आयोजित १५औं नेवा एकता दिवस कार्यक्रमस्थल छेउमा बिक्रीका लागि स्टलमा राखिएका मकैको खोस्टाबाट निर्मित हस्तकला सामग्री ।**

# हिउँदे अधिवेशनबाट धमाधम कानून पास हुन्छ : मुख्यमन्त्री

विराटनगर (अस) । मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशसभाको हिउँदे अधिवेशनमा विधेयक प्रस्तुत हुने बताएका छन् । केही वर्षदेखि विधेयकहरूको अभाव र प्रदेशसभामा कानूनी प्रक्रियामा ढिलाइको गुनासो उठिरहेका बेला मुख्यमन्त्री कार्कीले यस अधिवेशनमा बाँकी रहेका विधेयक ल्याइने र धमाधम पास हुने बताएका हुन् ।

बुधवार मुख्यमन्त्री कार्यालय विराटनगरमा संघीयता कार्यान्वयन र प्रदेश कानून निर्माणसम्बन्धी अध्ययन कार्यदलको प्रतिवेदन बुझ्दै मुख्यमन्त्री कार्कीले प्रदेश सरकारले संघीयता कार्यान्वयनका लागि थप कानून बनाउने र प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संशोधन गरिने बताए । उनले भने, 'कतिपय कानून अहिले निर्माणको चरणमा छन्, हिउँदे अधिवेशनमा बाँकी विधेयक पनि प्रस्तुत गरिनेछ ।' मुख्यमन्त्री कार्कीले संघीयता



नयाँ संरचना भएको र केन्द्र-प्रदेश अधिकार बाँडफाँट अझै स्पष्ट नहुँदा कार्यदलको प्रतिवेदन मार्गदर्शक हुने विश्वास व्यक्त गरे । कार्यदलले प्रदेश सरकारका लागि नयाँ कानून बनाउनुपर्ने र संशोधन गर्नुपर्नेछ। संघीय सरकारले अधिकार हस्तान्तरणका लागि आवश्यक कानूनका विषयमा सिफारिश गरेको छ ।

कार्यदलका संयोजक चूडामणि आचार्यले प्रतिवेदन मुख्यमन्त्री कार्कीलाई हस्तान्तरण गरे । मुख्यमन्त्री कार्कीले कार्यदलले प्रस्तुत गरेको प्रतिवेदनलाई आन्तरिक मामिला तथा कानूनमन्त्री रेवतीरमण भण्डारीलाई अध्ययन गर्न पठाउँदै रायसहित २१ दिनको समयसीमा दिएका छन् । त्यसपछि प्रतिवेदन सार्वजनिक गरिने उनले बताएका छन् । कार्यदलमा संयोजक आचार्यसहित सदस्यहरूको रूपमा गजेन्द्र आचार्य, अर्जुन राई, कुलप्रसाद साम्बा, जसमाया गजमेर, नरेन्द्रकुमार श्रेष्ठ र आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव पनि रहेका थिए। कोशी प्रदेश सरकारले संघीयता कार्यान्वयन र प्रदेशका कानूनहरूको प्रभावकारी कार्यान्वयनका लागि गत वैशाख २७ गते कार्यदल गठन गरेको थियो, जसले अन्य प्रदेशहरूमा लागू भएका कानूनहरूको स्थितिका बारेमा समेत अध्ययन गरेको छ ।

# शीतलहरबाट तराईको जनजीवन प्रभावित

नेपालगञ्ज । पछिल्लो केही दिनयता शीतलहरका कारण चिसो बढेपछि तराईको जनजीवन प्रभावित बनेको छ । जनजीवन सामान्य बनाउन स्थानीय प्रशासनले पालिकालाई जिम्मेवारी तोक्दै सुरक्षा निकायलाई उच्च सतर्कता अपनाउन निर्देशन दिएको छ । बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी तथा सूचना अधिकारी उमाकान्त अधिकारीले जिल्ला विपद् व्यवस्थापन समितिमार्फत कार्ययोजना बनाएर सम्बन्धित निकायलाई शीतलहर व्यवस्थापनका लागि आग्रह गरिएको जानकारी दिँदै स्थानीय तहलाई स्रोत व्यवस्थापन गर्न म्यान्डेट दिएको बताए ।

उनले भने, 'चिसो र शीतलहरबाट प्रभावित नागरिकलाई जोखिमबाट बचाउन कम्बल भण्डारण गरेर राखिएको छ ।' बाक्लो हुस्सु र शीतलहरले जनजीवन कष्टकर बन्दा स्थानीयले आगो बालेर ताप्न थालेको दृश्य धेरै ठाउँमा देख्न सकिन्छ । चिसोका कारण बालबालिका, वृद्धवृद्धा र विपन्न वर्ग बढी प्रभावित भएका छन् । अत्यधिक चिसोका कारण मानिसलाई घरबाहिर निस्किन कठिनाइ हुँदा बजारमा चहलपहल कम छ ।

भेरी अस्पतालका सूचना अधिकारी डा. संकेतकुमार रिसालले चिसो धेरै बढेकाले बालबालिका, वृद्धवृद्धा र शारीरिक रूपमा कमजोर व्यक्तिलाई चिसोबाट जोगाउन आग्रह गरे । उनले अस्पतालमा चिसोले बिरामी भएर आउनेक्रम बढन थालेको बताए ।

उता चितवनमा मंगलवारदेखि लागेको बाक्लो हुस्सुका कारण जनजीवन प्रभावित भएको त्यहाँका रासस प्रतिनिधिले जनाएका छन् । शीतलहरका कारण सडकमा सवारीसाधनको चाप केही घटेको छ । मानिस बाहिर निस्किन सकेका छैनन् । चोकचोक तथा पसल अगाडि आगो बालेर ताप्दै गरेको दृष्य देख्न सकिन्छ । शीतले चितवनका सडकहरू भिजेका छन् भने बाक्लो हुस्सु र चिसो हावाले जनजीवन प्रभावित भएको छ । जल तथा मौसम विज्ञान विभागकी मौसमविद् निर्मला रेग्मीका अनुसार अहिले चितवनमा पानी परेको जस्तै देखिए पनि त्यो शीतलहर नै हो । तराईमा यो स्थिति थप १/२ दिन रहन सक्ने उनले बताइन् ।

माडी नगरपालिकामा शीतसहित चिसो हावाले जनजीवन थप प्रभावित बनेको नगरप्रमुख ताराकुमार काजी महतोले जानकारी दिए । त्यहाँ चिसोले विद्यार्थी र ज्येष्ठ नागरिक बढी प्रभावित भएका छन् । विद्यार्थी मात्रै नभएर सबै उमेर समूहका व्यक्ति चिसोका कारण बिरामी पर्न थालेको आफूले जानकारी पाएको महतोको भनाइ छ । उनका अनुसार टोल सुधार समितिले टोलटोलमा आगो ताप्ने व्यवस्था गरेका छन् ।

भैरहवाबाट प्राप्त समाचारमा शीतलहरले चिसो बढ्दा जनजीवन प्रभावित भएको छ । मंगलवार शीतलहर सुरू भएसँगै जनजीवन कष्टकर बनेको छ ।

शीतलहरको मारमा सबैभन्दा बढी विपन्न वर्ग परेका छन् । रिक्सा चालक, मजदुर, दैनिक ज्यालादारीमा काम गर्ने श्रमिक, बालबालिका



र वृद्धहरू शीतलहरबाट बढी प्रभावित भएका छन् । केही दिनयताको शीतलहरका कारण भैरहवाका बाटोहरू भिजेका छन् भने हवाई सेवासमेत प्रभावित भएका छन् ।

गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलस्थित हवाई मौसम केन्द्रका अनुसार अहिले विमानस्थल हुस्सुका कारण बन्द गरिएको छ । केन्द्रका कार्यालय प्रमुख सुभाष रिजालले विमानस्थलका भिजिबिलिटी १ हजार ५०० मिटरभन्दा कम छ । बिहीवार यस्तै हुने उनको अनुमान छ ।

अत्यधिक चिसो बढेपछि स्थानीयवासीले आफै जोहो गरी ठाउँठाउँमा आगो तापिरहेका छन् । यसअघि स्थानीय तहहरूले जाडो सकिएपछि मात्र न्यानो कपडा तथा दाउरा बाँड्ने गरेको भन्दै स्थानीयले यसपालि समयमै त्यो काम गर्न सुझाएका छन् ।

जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले चिसोबाट जोगाउने व्यवस्था मिलाइरहेको बताए । डिभिजन वन कार्यालयको सहयोगमा अतिप्रभावित क्षेत्रमा दाउरा वितरण गर्ने तथा स्थानीय तह र संघसंस्थाका समन्वयमा न्यानो कपडाको जोहो गरिरहेको उनले बताए ।

चिसोले सर्वसाधारणको दैनिकी प्रभावित भएको छ । चिसो तथा शीतलहर बढ्दै जाँदा अस्पतालमा बिरामीको चाप पनि बढ्दै गएको छ । चिसोबाट प्रभावित बिरामीमध्ये बालबालिका र वृद्धको संख्या बढिरहेको भैरहवास्थित भीम अस्पतालका बालरोग विशेषज्ञ तथा सूचना अधिकारी डा. आरिफ हुसेनले बताए । शीतलहरसँगै चिसो बढेपछि रूपन्देहीका कोटहीमाई, सम्मरीमाई, मर्चवारी, रोहिणीलगायत पालिकाले विद्यालय बिदा दिएका छन् । उता सुदूरपश्चिमको कैलाली र कञ्चनपुरमा एक हप्तादेखिको कुहिरो र हुस्सुसँगै चलेको शीतलहरले जनजीवन कष्टकर भएको छ । दिनभरि लाग्ने बाक्लो हुस्सु र कुहिरोसँगैको शीतलहरले कठ्यांग्रिने जाडो बढेपछि जनजीवन कष्टकर बनेको हो । लगातारको हुस्सुका कारण केही दिनदेखि कैलाली, कञ्चपुरमा घाम ताप्न पाइएको छैन । चिसो बढेसँगै जाडोको सामना गरिरहेका सर्वसाधारणलाई न्यानो कपडा र आगो ताप्न दाउराको समस्या भएको छ ।

हिउँदे याममा यस वर्ष विगत वर्षको तुलनामा केही दिन ढिलो गरी चलेको शीतलहरले बढेको जाडोका कारण मजदुर, स्कुले बालबालिका, वृद्धवृद्धालाई बढी असर पुगेको छ । चिसो बढेसँगै रूघाखोकी, बान्ता आउने, भाइरल इन्फ्लुएन्जा, ज्वरोका बिरामी बढेको स्वास्थ्यकर्मी भक्तबहादुर विष्टले बताए । उनी भन्छन्, 'चिसोका कारण बिरामी भई उपचारार्थ आउनेको चाप बढेको छ ।'

तराईका जिल्लामा देखिने शीतलहरको समस्याले वर्षेनि जनजीवन नराम्रोसँग प्रभावित हुने गर्छ । पहाडी क्षेत्रमा पारिलो घाम लाग्दा यतिबेला तराईका जिल्लालाई भने कुहिरो र हुस्सुले ढाकेको छ । घाम झुल्किन नपाउँदा सर्वासाधारणलाई बिस्कुन सुकाउन र धोएका लुगा सुकाउनसमेत समस्या भइरहेको छ ।

शीतलहरले बढ्ने चिसोका कारण आलु, तोरीलगायतको हिउँदे बालीमा डढुवा रोगको समस्या देखिन थालेको किसानले बताएका छन् । हिउँदेयाममा वर्षेनि हुने शीतलहरले मुख्य बाली आलु, गोलभेंडा, तोरीमा देखिने डढुवा रोगले बाली नष्ट हुने समस्या स्थायी समस्या भइसकेको किसानको भनाइ छ ।

यो रोगबाट जोगाउन कतिपय किसानले 'टनेल' बनाएर त्यसमुनि तरकारी खेती गर्ने गरेका पनि छन् । टनेल व्यवस्थापन गर्न नसक्ने कतिपयले ढुसीनाशक विषादी छर्किने गरेका छन् । यस्तो विषादी प्रत्येक ७/८ दिनको फरकमा छर्किन सके बाली जोगाउन सकिने सल्लाह कृषि प्राविधिकले दिने गरेका छन् । निरन्तर चिसोका कारण रातिको तापक्रम ३ डिग्री सेल्सियसभन्दा तल जाने र आर्द्रता बढ्न गई शीत पर्ने र चिसो मौसमको सुषुप्त अवस्थामा रहने ढुसी सक्रिय हुन गई आलु, गोलभेंडालगायतको बोटमा डढुवाको संक्रमण देखिने गरेको कृषि प्रविधिक खगेन्द्रप्रसाद शर्मा बताउँछन् ।

लामो समयसम्म हुस्सु र कुहिरो लागेर धेरै चिसो मौसम भइरहँदा राम्रोसँग घाम नलाग्ने ओसिलो जग्गामा गरिएको आलु, गोलभेंडालगायतको बालीमा डढुवा संक्रमणको बढी समस्या हुने गर्छ । पछिल्ला दशकमा हिउँदे याममा डढुवा रोगको समस्या बढ्दै जाँदा कैलाली र कञ्चनपुर जिल्लामा गरिने तोरी बालीको क्षेत्रफल पनि घट्दै गएको छ । *रासस*

# कोभिड-१९ जस्तै जोखिमपूर्ण छ चीनमा देखिएको एचएमपीभी ?

## संक्रमणबाट जोगिन विज्ञले दिए यस्तो सुझाव

काठमाडौं । चीनको राजधानी बेइजिङमा फ्लुजस्तो ह्युमन मेटान्युमोभाइरस (एचएमपीभी) संक्रमण बढेको छ, विशेषगरी बालबालिकामा यस्तो संक्रमण देखिएको छ ।

हालैका हप्ताहरूमा चीनका अस्पतालहरूमा मास्क लगाएका बिरामीको दृश्य सामाजिक सञ्जालमा भाइरल भएका छन्, जसले अर्को महामारीको चिन्ता बढाएको छ ।

चीनले बालबालिकामा एचएमपीभी संक्रमण बढेको स्वीकारेको छ । तर, एचएमपीभी संक्रमण कोभिड-१९ जस्तो नभएको जनस्वास्थ्य विज्ञहरूले बताएका छन् । यो भाइरसको संक्रमण दशकौंअघि देखिएको हो । जनस्वास्थ्य विज्ञका अनुसार लगभग हरेक बच्चा आफ्नो पाँचौं जन्मदिनसम्ममा कम्तीमा एकपटक यसबाट संक्रमित हुन्छन् । तथापि, केही धेरै साना बच्चा र कमजोर प्रतिरक्षा प्रणाली भएका व्यक्तिमा यसको संक्रमणले गम्भीर रोग निम्त्याउन सक्छ ।

**एचएमपीभी के हो ? यो कसरी फैलिन्छ ?**

एचएमपीभी एक भाइरस हो, जसले माथिल्लो श्वास नलीमा संक्रमण निम्त्याउँछ ।

नेदरल्यान्ड्समा सन् २००१ मा पहिलोपटक पहिचान गरिएको यो भाइरस मानिसबीचको प्रत्यक्ष सम्पर्कबाट वा दूषित सतह छुँदा सर्छ । संक्रमण देखिएका अधिकांश बिरामीमा खोकी लाग्ने, ज्वरो आउने र नाक बन्द हुने जस्ता लक्षण देखिन्छन् ।

सिंगापुरका संक्रामक रोग चिकित्सक सु ली याङका अनुसार दुई वर्षमुनिका बालबालिकासहित अति कम उमेरका बालबालिकामा यो भाइरसको जोखिम बढी हुन्छ ।

यसको संक्रमणले गम्भीर रोग निम्त्याउँछ, जसबाट फोक्सो प्रभावित भई सास फेर्न गाह्रो हुन्छ । 'धेरैलाई अस्पतालको हेरचाहको आवश्यकता पर्नेछ । तर, संक्रमणबाट मर्ने जोखिम कम हुन्छ,' डा. सुले भने ।



**चीनमा किन बढ्यो संक्रमण ?**

धेरै श्वास संक्रमणहरू, जस्तैः एचएमपीभी जाडो र वसन्त ऋतुको अन्त्यमा सबैभन्दा सक्रिय हुन्छ । विशेषज्ञहरूका अनुसार चिसोयाममा भाइरसहरू राम्रो तरिकाले जीवित रहन्छन् र तिनीहरू एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्छन् । किनकि मानिसहरू घरभित्र धेरैपटक बस्छन् ।

उत्तरी चीनमा देखिएको एचएमपीभी संक्रमण मार्चसम्म रहने अनुमान गरिएको छ । अस्ट्रेलियाको फ्लिन्डर्स युनिभर्सिटीका महामारी विशेषज्ञ ज्याकलिन स्टिफन्सका अनुसार वास्तवमा उत्तरी गोलार्द्धका धेरै देशहरूमा एचएमपीभीको प्रकोप बढेको छ । उनले भनिन्, 'यो चिन्ताको विषय भए पनि जाडोयाममा देखिएको सामान्य मौसमी वृद्धिका कारण यसको व्यापकता बढेको हुन सक्छ ।'

अमेरिका र बेलायतका स्वास्थ्य अधिकारीहरूको तथ्यांकअनुसार यी देशहरूमा पनि गतवर्षको अक्टोबरदेखि एचएमपीभीका घटनामा वृद्धि भइरहेको छ ।

के एचएमपीभी कोभिड-१९ जस्तै हो ? हामी

**कत्तिको चिन्तित हुनुपर्छ ?**

विशेषज्ञहरूका अनुसार एचएमपीभीको संक्रमण कोभिड-१९ जस्तै खतरनाक छैन । एचएमपीभी विश्वव्यापीरूपमा छ । र, यसको संक्रमण दशकौंअघि देखिएको थियो । 'यसको अर्थ संसारभरका मानिसहरूमा केही हदसम्म रोग प्रतिरोधात्मक क्षमता विद्यमान छ,' डा. सुले भने ।

इंग्ल्यान्डको युनिभर्सिटी अफ इस्ट एंग्लियाका मेडिकल प्रोफेसर पल हन्टर भन्छन्, 'लगभग हरेक बच्चालाई उनीहरूको पाँचौं जन्मदिनसम्ममा एचएमपीभीको कम्तीमा एउटा संक्रमण हुन्छ र हामी जीवनभर धेरैपटक पुनः संक्रमण हुने आशा गर्न सक्छौं । त्यसैले समग्रमा भन्नुपर्दा, मलाई लाग्दैन कि अहिले योभन्दा गम्भीर विश्वव्यापी मुद्दाको कुनै संकेत देखिएको छ ।'

यद्यपि, चिकित्सकहरूले यसको संक्रमण हुन नदिन सावधानी अपनाउन आग्रह गरेका छन् । उनीहरूले भीडभाड हुने ठाउँमा मास्क लगाउन, सम्भव भएसम्म भीडभाडमा नजान, हातको सरसफाइमा ध्यान दिन र फ्लुको भ्याक्सिन लगाउन सुझाएका छन् । *बीबीसी*

**बाँकी पृष्ठ १ बाट ...**

**कुनै पनि ...**

६ अर्ब रुपैयाँभन्दा बढीको लगानी बोर्डको कार्यक्षेत्रभित्र पर्छ । उपाध्यायले कम रकमको लगानी भने आकर्षित भएको दाबी गरे । 'स्वचालित मार्गबाट स-सानो परिमाणमा भए पनि लगानी आकर्षित भएको छ,' उनले भने, 'यसलाई लगानी सम्मेलनको योगदान मान्न पनि सकिन्छ। लगानी यत्ति नै रकममा आयो भन्न नसकिए पनि लगानीको माहोल बनेको छ ।' सरकारले लगानी सम्मेलनकै दोस्रो दिन कुल पूँजी ५० करोड रूपैयाँसम्मको लगानी स्वचालित मार्ग (अटोमेटिक रूट)बाट स्वतः स्वीकृत हुने व्यवस्था लागू गरेको थियो । त्यसयता यो मार्ग भएर मुलुकमा सूचना तथा प्रविधि क्षेत्रमा विगत वर्षको तुलनामा बढी लगानी प्रतिबद्धता उद्योग विभागले प्राप्त गरेको छ । विभागमा चालू आर्थिक वर्ष २०८१/८२ को मङ्सिरसम्ममा स्वचालित मार्गबाट १३८ परियोजनामा २ अर्ब १३ करोड रूपैयाँको लगानी प्रतिबद्धता आएको छ । मुलुकमा सरकारले २/२ वर्षमा लगानी सम्मेलन गर्ने भने पनि यसो हुन नसकेको भन्दै उपाध्यायले थपे, 'सम्मेलनलाई नियमित प्रक्रियाको रूपमा अघि बढाउनुपर्छ । लगानी सम्मेलनबाट नेपाल लगानी भित्र्याउन जागरूक छ र लगानी भित्र्याउने मध्यस्थकर्तालाई मञ्च दिन्छ भन्ने सन्देश दिने हो, अहिले लगानीको रकमभन्दा पनि लगानीको माहोल, नेटवर्क विस्तार जस्ता कुरालाई ध्यान दिनुपर्छ ।'

अहिले बोर्डले लगानी सम्मेलन प्रत्येक २ वर्षमा गर्ने योजनाका अतिरिक्त कम्तीमा २ ओटा भए पनि क्षेत्र विशेष लक्षित अन्तरराष्ट्रियस्तरको सम्मेलन गर्ने योजना बनाएको छ । यसमा पूर्वाधार, पर्यटन, शहरी जस्ता कुनै एउटा क्षेत्र विशेषमा लगानीकर्तालाई आकर्षित गर्ने र अर्को कुनै देशबाट लगानी आकर्षित गर्न देश विशेष सम्मेलन गर्ने बोर्डको योजना रहेको उपाध्यायले बताए । यस्तै सम्मेलनका क्रममा आशयपत्र माग गरिएका १९ र मार्केट साउन्डिङ (लगानीकर्ताको प्रतिक्रिया संकलित) ९ परियोजना सहित कुल १५४ परियोजना प्रस्तुत गरिएको थियो । बोर्डले आशयपत्र माग गर्नका लागि राखेका परियोजनामा पोखरा अन्तरराष्ट्रिय सम्मेलन केन्द्र, चन्द्रागिरि-चित्लाङ-पालुङ-चितवन एक्सप्रेस वे, जानकी हेरिटेज होटेल एन्ड कल्चरल भिलेज प्रोजेक्ट, सुदूरपश्चिम सार्वजनिक यातायात परियोजना, बबरमल प्रशासनिक प्लाजा, नौमुरे बहुउद्देश्यीय परियोजना, कालिगण्डकी-२ जलाशय परियोजना, खिम्ती-ठोसे-शिवालय जलाशययुक्त परियोजना, भार्भुङ जलाशययुक्त परियोजना, दैजी औद्योगिक क्षेत्र, गौतमबुद्ध प्रसूति अस्पताल थिए ।

**करीव दुई ...**

मुलुकको निर्यात व्यापार वृद्धि गरी व्यापारघाटा कम गर्न विश्व बजारमा लाग्ने यस्ता व्यापार मेलामा सहभागी हुनैपर्ने मल्लको भनाइ छ । 'आफूले उत्पादन गरेको वस्तुलाई पसल वा उद्योगमा मात्रै राखेर त्यसले राम्रो बजार पाउन सक्दैन । त्यसैले विश्व बजारमा लाग्ने यस्ता ठूला व्यापार मेलामा सहभागी भएर आफ्नो उत्पादनको प्रचार गर्न जरुरी छ ।

निर्यात प्रवर्द्धनका लागि व्यापार मेला एक अनिवार्य शर्त जस्तै हो,' मल्लले आर्थिक अभियानसँग भने, '१७० देशबाट थोक व्यवसायी सामान खोज्न आउने भएकाले नेपाली उत्पादन र कला संस्कृतिलाई विश्व बजारमा चिनाउने एउटा उपयुक्त माध्यम पनि हो एम्बिएन्टे मेला ।' चीन, बंगलादेशलगायत देशका व्यवसायीलाई सरकारले नै मेलामा सहभागी हुन सहयोग गर्ने गरेको बताउँदै उनले नेपाल सरकारले पनि हाम्रा व्यवसायीलाई त्यस्तो सहयोग गर्ने हो भने निर्यात बढाउन अझ सहज हुने दाबी गरे ।

मेलामा एकपटक सहभागी भइसकेका प्रायः कम्पनीहरू फेरिफेरि पनि सहभागी भइरहने गरेको उनले सुनाए । उनका अनुसार विगत ४५ वर्षदेखि सहभागी हुँदै आएका नेपाली व्यवसायीहरू पनि यसपालि सहभागी हुँदै छन् । यस वर्ष नेपालबाट सहभागी हुन लागेका उद्यमीमध्ये करीब ३० प्रतिशत महिला छन् । एम्बिएन्टे बीटूबी मेला हो, जहाँ विक्रेताले उपभोक्तालाई सामान बिक्री गर्ने नभई उत्पादकले थोक व्यापारीसामु आफ्नो उत्पादन प्रदर्शन गर्छन् र मन परेमा थोक व्यापारीले उक्त सामान अर्डर गर्छन् । उक्त व्यापार मेलामा करीब ५ हजार व्यापारिक स्टल रहने आयोजकले जनाएको छ ।

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

**कर्पोरेट कार्यालय :**
तिनकुने, काठमाण्डौं
फोन : ०१-५१९९६६४, ५१९९६६५

**प्रोग्रेशिभ फाइनान्स लिमिटेडको बैंकिङ्ग तथा गैरबैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सार्वजनिक सूचना**

**(प्रकाशित मिति : २०८१/०९/२५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक)**

यस प्रोग्रेशिभ फाइनान्स लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घरजग्गा) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन २०८० को ई.प्रा.निर्देशन नं २/०८० को बुदा ११ को उपबुदा ४ (ङ) मा भएको "गैर बैंकिङ्ग सम्पत्ति सकार र लिलाम बिक्री सम्बन्धी" व्यवस्था बमोजिम बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक ब्यक्ति तथा संस्थाहरुले यस फाइनान्सबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको कम्तिमा १०(दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस संस्थाको कर्पोरेट कार्यालयमा रहेको Payable Auction deposit नामको खाता नं. ५०११०००००००५९२ मा जम्मा गरेको सक्कल भौचर गोप्य शिलबन्दी पत्रसाथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले **७ दिन भित्र** कार्यालय समयमा यस फाइनान्सको कर्पोरेट कार्यालय तिनकुने, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । यस फाइनान्स समक्ष प्राप्त हुन आएका बोलपत्रहरु ८ औं दिन अर्थात तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन । सो तोकिएको दिन विदा परेमा त्यसपछिको लगतै कार्यालय खुलेको दिन दिउसो ठिक ०२:३० बजे सोही स्थानमा बोलपत्र खोलिने छ । प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस फाइनान्समा सुरक्षित रहनेछ । बोलपत्र फारम एक प्रतिको रु.५००/- (फिर्ता नहुने गरी) मा यस फाइनान्सबाट खरिद गर्न सकिनेछ । साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ । उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नुहोला ।

**तपसिल**

१. मालपोत कार्यालय ईनरुवा, सुनसरीमा, दर्ता कायम रहेको सुनसरी जिल्ला ईटहरी न.पा वडा नं १६ साविक पकली गा.वि.स. वडा नं ६ स्थित कि.नं. ३५, १५८, ३६, २४९, २६७ र २६० को क्षेत्रफल क्रमशः ०-३-२, ०-१-१२, ०-०-१६.५, ०-०-१०, ०-१-१४ र ०-०-११.५ (विगाहा) जग्गा आदि सम्पूर्ण लिगलगापात समेत ।
२. मालपोत कार्यालय सुनसरीमा दर्ता रहेको सुनसरी जिल्ला, मधेषा गा.वि.स. वडा नं ५ स्थित कित्ता नं ५२८, ५१३ र ६२८ को क्षेत्रफल जम्मा ०-१-८-० (विगाहा) को जग्गा र सोमा वनेको घर आदि सम्पुर्ण लिगलगापात समेत ।
३. मालपोत कार्यालय बेलबारी मोरङ्गमा दर्ता रहेको मोरङ्ग जिल्ला मधुमल्ला गा.वि.स./न.पा वडा नं. ५ङ स्थित कि.नं. ४०५२ को क्षेत्रफल ०-०-१६-१ (विगाहा) जग्गा आदि सम्पुर्ण लिगलगापात समेत ।
४. मालपोत कार्यालय हेटौडा मकवानपुरमा दर्ता रहेको मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा वडा नं. ११ स्थित कि.नं. १५२८ को क्षेत्रफल ०-१२-९-० (विगाहा) जग्गा आदि सम्पुर्ण लिगलगापात समेत ।
५. मालपोत कार्यालय धुलिखेल, काभ्रेमा दर्ता रहेको काभ्रे जिल्ला वनेपा न.पा वडा नं १० स्थित कि.नं २८७१ को क्षेत्रफल ७४.७२ व.मी को जग्गा र घर आदि सम्पुर्ण लिगलगापात समेत ।
६. मालपोत कार्यालय धुलिखेल, काभ्रेमा दर्ता रहेको काभ्रे जिल्ला वनेपा न.पा वडा नं १ स्थित कि.नं १८३४ को क्षेत्रफल ६६७.७१ व.मी को जग्गा आदि सम्पुर्ण लिगलगापात समेत ।
७. मालपोत कार्यालय सिमरा बारामा दर्ता रहेको बारा जिल्ला पिप्रासिमरा गा.वि.स. वडा नं. २ स्थित कि.नं. ४४९३ को क्षेत्रफल क्रमशः ०-०-५-० (विगाहा) को जग्गा आदि सम्पुर्ण लिगलगापात समेत ।
८. मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला पंचकन्या गा.वि.स./न.पा वडा नं ५क हाल रत्ननगर न.पा वडा नं १३ स्थित कि.नं.४७६ को क्षेत्रफल ०-१-११.७५-० (विगाहा) (५३७.५६ बर्ग मिटर) जग्गा आदि सम्पूर्ण लिगलगापात समेत ।
९. मालपोत कार्यालय सिमरा, बारामा दर्ता कायम रहेको बारा जिल्ला जीतपुरसिमरा उप.मा.न.पा वडा नं २० साविक रामपुर (टोकनी) गा.वि.स. वडा नं ९क ईनर्वासिरा स्थित कि.नं १०४ को क्षेत्रफल ०-१०-४ (विगाहा) जग्गा आदि सम्पूर्ण लिगलगापात समेत ।
१०. मालपोत कार्यालय गुल्मीमा दर्ता कायम रहेको गुल्मी जिल्ला साविक पौदिअमराई गा.वि.स वडा नं ०३ हाल मुसिकोट न.पा वडा नं ०१ स्थित कि.नं १००३, १००५, ९९८ र ३८४ को क्षेत्रफल क्रमशः २-१३-२-२, ०-८-०-०, १-७-३-० र १-४-१-१ (रोपनी) जग्गा आदि सम्पूर्ण लिगलगापात समेत ।
११. मालपोत कार्यालय बेलबारी, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला साविक अमरदह गा.वि.स. वडा नं ४ग हाल पथरी शनिश्चरे न.पा. वडा नं ५ स्थित कि.नं.९५०, ९४९, १९७ र १२३९ को क्षेत्रफल क्रमशः १-११-३-०, ०-१०-०-०, ०-६-०-० र ०-१८-०-० (विगाहा) जग्गा आदि सम्पूर्ण लिगलगापात समेत ।
१२. मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला दमक न.पा वडा नं १७ स्थित कि.नं.६४८ को क्षेत्रफल ०-३-०-० (विगाहा) (१०१५.८९ बर्ग मिटर) जग्गा आदि सम्पूर्ण लिगलगापात समेत ।
१३. मालपोत कार्यालय रङ्गेली, मोरङ्गमा दर्ता कायम रहेको साविक मोरङ्ग जिल्ला सिजुवा गा.वि.स. वडा नं ८ क हाल रतुवामाई न.पा. वडा नं ६ स्थित कि.नं.१५० को क्षेत्रफल ०-१०-०-० (विगाहा) जग्गा आदि सम्पूर्ण लिगलगापात समेत ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय** : २०८१/१०/०२ बुधबार कार्यालय समयसम्म ।
**बोलपत्र खोलिने मिति र समय**: २०८१/१०/०३ बिहिबार दिनको २:३० वजे ।
**बोलपत्र खोलिने स्थान** : कर्जा असुली विभाग प्रोग्रेशिभ फाइनान्स लि, कर्पोरेट कार्यालय, तिनकुने, काठमाण्डौ, ।

### लघुवित्त कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस २४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ६५१० | ६७३५ | १७००.३ |
| २ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ३९४० | ४९३६.८ | १०४५ |
| ३ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | ३४६० | ४१८१ | २६४.९ |
| ४ | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २७०५ | २८९३ | ७७७ |
| ५ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | २६८०.१ | ४०२६.२ | ९२९ |
| ६ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २६०० | ३५०० | ७४४.८ |
| ७ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २५१९ | ३२२३ | १०६६ |
| ८ | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २४०० | ३३०० | ७३२.३ |
| ९ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २३५५ | २६४८.७ | १५३८.१ |
| १० | नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | २२९४ | २६४१ | १४९२.१ |
| ११ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७७ | २५३० | ६२० |
| १२ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७० | २५८८.३ | ७२१ |
| १३ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | १९५७ | २४२६.४ | ८३०.१ |
| १४ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | १८२४ | २३२७ | ७५० |
| १५ | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | १६८५ | १८७० | ७५१ |
| १६ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १६८० | १८१८ | ८३८.१ |
| १७ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १६१९.९ | १९६० | ७४७ |
| १८ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १५७०.१ | १९२३.९ | १०२९ |
| १९ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | १५६८.१ | २३६३.३ | ७८० |
| २० | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | १४४६.१ | १८५१ | ७९० |
| २१ | नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड | १३९५ | १७२७ | १०२७ |
| २२ | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १३८४ | १९२० | १२०५ |
| २३ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | १२८१ | १७३९ | ९७६ |
| २४ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | १२६४.९ | १७१६ | ७६५ |
| २५ | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | १२१६ | १८१५ | ७५० |
| २६ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड | ११४० | १४२८ | ७२० |
| २७ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०३८.७ | १४९१ | ५८३.१ |
| २८ | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | १०३० | १२८५ | ६२० |
| २९ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | १०१६.१ | ११९५ | ५८० |
| ३० | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | १००५.८ | १४४७ | ५४५.१ |
| ३१ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | ९९० | १४९२ | ६५० |
| ३२ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ९८५ | ११९० | ५०० |
| ३३ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ९४६ | १२५० | ५४१ |
| ३४ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | ९३९ | १४७०.८ | ५७२ |
| ३५ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ९०० | १२३२ | ६७० |
| ३६ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | ८७८ | ११७४ | ५६४.९ |
| ३७ | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | ८७५ | १२७१ | ५५८ |
| ३८ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | ८६६ | ११५५ | ८०० |
| ३९ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ८२२ | ११०५ | ७९० |
| ४० | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | ८१० | ११७७ | ६१६.९ |
| ४१ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ८०४ | ९७९.५ | ५१७.२ |
| ४२ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७९५.१ | १०९९ | ६७० |
| ४३ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७५२ | १००४ | ५६५ |
| ४४ | सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७५० | १२१४.८ | ६४१ |
| ४५ | एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड | ७१८.९ | ९१८ | ४८० |
| ४६ | नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | ६९९ | ९८८ | ५०४.५ |
| ४७ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड | ६९७ | ८९० | ५०३ |
| ४८ | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ६९३ | ९८० | ५१२ |
| ४९ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ६९० | ९३०.२ | ५७८.३ |
| ५० | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ६७५ | ९०७ | ५२०.३ |


## Kuwait मा रोजगार

कम्पनी: KUWAIT REQUESTS LIMITED COMPANY FOR CONSUMER ORDER DELIVERY

पूर्व स्वीकृत मितिः २०८१/०९/२४ चलानी नं.: ६०२३१०४९ LT No.: 316832

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | CLEANER INDOOR | 1 | 0 | साधारण | 120 | ५३,६८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २ | LIGHT DRIVERS | 15 | 0 | साधारण | 140 | ६२,६२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रु.१,५००।- कामदार आफैले | रु.७००।- कामदार आफैले | नि.शुल्क |

अन्तरवार्ता २०८१ माघ ३ गते (16 JAN, 2025) यस प्रा.लि. कार्यालय शान्तिनगर, काठमाडौंमा हुनेछ ।

विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

ईभ नेपाल ओभरसिज प्रा.लि.

श्रम ईजाजत नं. १०१३/०६८/६९

शान्तिनगर, काठमाडौं, फोन नं.: ४१०७५२०, ४६२२४३६

Email : evenpl34@gmail.com | www.evenepaloverseas.com

## INVITATION FOR QUOTATION

Himalayan Distillery Ltd. invites sealed quotation for 'Warehouse and Project site office construction and allied work' from the interested eligible and resourceful construction company having sufficient resources & experience in execution of similar type of works as details here under.

The complete set of documents can be received at free of cost from its Contact Office at Jawalakhel, Lalitpur or can be downloaded from the website of the company "www.himalayandistillery.com".

Interested construction company/firm must submit sealed quotation (hardcopy) at following address within 17th Jan, 2025. Proposals received after the deadline will not be considered for further evaluation.

1. **Project Location:** Solududhkunda Municipality-8, Pattale, Solukhumbu, Nepal
2. **Access Road of Site:** Connected with Sagarmatha Highway
3. **Scope of Work:** Supply of materials & services of the work
4. **Required Document:**
   - Valid company/firm registration certificate, Memorandum of Association (MOA) & Articles of Association (AOA), latest share structure (Share Lagat), latest company update certificate (Company Adhyawodhik)
   - VAT certificate
   - Latest tax clearance certificate
   - Company/Firm Profile
5. **Eligibility Criteria:**
   - **Experience:** Successful completion of minimum two project within last two years (Job completion certificate duly issued by the employer should be submitted with the document).

Further information can be obtained from office of the company at Jawalakhel, Lalitpur, Nepal.

**Address to submit proposal:**

**Himalayan Distillery Ltd.**
Contact Office, Uttar Bagaicha Marg, Jawalakhel, Lalitpur, Nepal
Contact No.: 01-5427465

*Himalayan Distillery Limited, reserves all the rights to accept or reject any or all the quotations fully or partially without assigning any reason whatsoever and is not bound to accept the lowest quotation.*


# नेप्सेसँगै बढ्यो कारोबार रकम

**अभियान संवाददाता**

काठमाडौं

साताको चौथो कारोबार दिन बुधवार पनि नेप्से परिसूचक ६ दशमलव ३८ अंक बढेर बन्द भएको छ । नेप्से २ हजार ६५३ दशमलव २३ विन्दुमा कायम भएको हो ।

यससँगै नेप्से लगातार ६ कारोबार दिन बढेको छ । कारोबार रकम पनि अघिल्लो कारोबार दिनको तुलनामा वृद्धि भएको छ । अघिल्लो कारोबार दिन रू. ५ अर्ब ३८ करोड बराबरको कारोबार भएकोमा यस दिन बढेर रू. ६ अर्ब ४० करोड पुगेको हो । पुस मसान्तको दबाब सकिएसँगै शेयर बजारमा सकारात्मक प्रभाव परेको लगानीकर्ता बताउँछन् ।

कारोबारमा आएका धितोत्रपमध्ये समृद्धि फाइनान्सको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा १० प्रतिशत वृद्धि भएको हो । कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. ७०८ दशमलव ४० पुगेको छ। त्यस्तै, दोस्रोमा सिन्धु विकास बैंकको शेयर मूल्य ९ दशमलव ९९ प्रतिशत बढेर रू. १ हजार ४९ दशमलव २० पुगेको छ ।

बुधवार सामुदायिक लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा १० प्रतिशत घटेको हो। कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. २ हजार ७० कायम भएको छ । त्यस्तै, दोस्रोमा बाराही हाइड्रोपावर पब्लिकको शेयर मूल्य ९ दशमलव ६९ प्रतिशत घटेर रू. ७७० मा झरेको छ।

सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा न्यादी हाइड्रोपावरले ओगटेको छ । यस कम्पनीको रू. २२ करोड ५३ लाख बराबरको कारोबार भएको हो । कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. ६४१ कायम भएको छ । सर्वाधिक शेयर खरीदविक्री हुने दोस्रोमा सिन्धु विकास बैंकको रू. १९ करोड ७७ लाख बराबरको कारोबार भएको छ ।

यस दिन कारोबारमा आएका १३ समूहगत सूचकमध्ये ६ समूहको सूचक बढेको छ भने बाँकी समूहको सूचक घटेको छ। तीमध्ये वित्त समूहको सूचक सबैभन्दा बढी ४ दशमलव ७० प्रतिशत वृद्धि भएको छ। यस आधारमा उक्त समूहका लगानीकर्ताले सर्वाधिक कमाएका छन् । बुधवार व्यापार समूहको सूचक सबैभन्दा बढी १ दशमलव ५६ प्रतिशत घटेको छ ।

**बजार पूँजीकरण बढ्यो**

बुधवार बजार पूँजीकरण रू. १० अर्ब ५९ करोडले बढ्दै रू. ४४ खर्ब ९१ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४३ खर्ब ९० अर्ब ३२ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा बुधवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये ४३ दशमलव शून्य ५ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. २ अर्ब ७५ करोड ८७ लाख बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा वित्त समूह रहेको छ। उक्त समूहको रू. ९० करोड ४९ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

बुधवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. ९६ करोड २९ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ५० करोड १ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ४६ करोड २८ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ३४ रहेको छ । जसबाट बुधवारको बजारमा रू. ४८ करोड ४३ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

### मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र

| बढेका धितोपत्र: धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | घटेका धितोपत्र: धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
|---|---|---|---|---|---|
| समृद्धि फाइनान्स कम्पनी लिमिटेड | ७०८.४० | १०.०० | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २,०७०.०० | -१०.०० |
| सिन्धु विकास बैंक लिमिटेड | १,०४९.२० | ९.९९ | बाराही हाइड्रोपावर पब्लिक लिमिटेड | ७७०.०० | -९.६९ |
| चिरख्वा हाइड्रोपावर लिमिटेड | ८३९.१० | ९.८३ | त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड | ६२०.०० | -६.१३ |
| सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | १,२६७.०० | ९.७० | दोल्ती पावर कम्पनी लिमिटेड | ७१४.०० | -५.३३ |
| न्यादी हाइड्रोपावर लिमिटेड | ६४१.०० | ९.३३ | दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड | ६०५.१० | -४.४८ |

### समूहगत परिसूचकमा आएको परिवर्तन

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | वित्त | ३,१२४.६९ | ४.७० |
| २ | विकास बैंक | ५,६०२.५७ | २.५३ |
| ३ | लघुवित्त | ५,०१९.३४ | १.५९ |
| ४ | जीवन बीमा | १२,८६७.३८ | ०.४७ |
| ५ | उत्पादन तथा प्रशोधन | ६,८२७.१३ | ०.४० |
| ६ | जलविद्युत् | ३,६८८.९३ | ०.२३ |
| ७ | होटल तथा पर्यटन | ६,६३०.०६ | -०.०६ |
| ८ | म्युचुअल फण्ड | २०.३२ | -०.१० |
| ९ | निर्जीवन बीमा | १२,६२२.३१ | -०.१३ |
| १० | बैंकिङ्ग | १,३९०.६१ | -०.२६ |
| ११ | अन्य | १,९३०.४७ | -०.२६ |
| १२ | लगानी | १०१.६२ | -०.३८ |
| १३ | व्यापार | ४,४९४.९० | -१.५६ |

### शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ४६.२८ | ५०.०१ | ९६.२९ |
| ३४ | २३.१० | २५.३३ | ४८.४३ |
| ४५ | २५.३३ | १९.१७ | ४४.५० |
| ६५ | ११.५० | ३१.८६ | ४३.३७ |
| ४२ | २२.४८ | १६.५७ | ३९.०६ |

### समूहगत कारोबार

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | २७५.८७ | ४३.०५ |
| २ | वित्त | ९०.४९ | १४.१२ |
| ३ | विकास बैंक | ६९.५९ | १०.८६ |
| ४ | लघुवित्त | ५१.१४ | ७.९८ |
| ५ | बैंकिङ्ग | ३९.६९ | ६.१९ |
| ६ | जीवन बीमा | ३३.३० | ५.२० |
| ७ | लगानी | २७.१८ | ४.२४ |
| ८ | निर्जीवन बीमा | १६.०० | २.५० |
| ९ | उत्पादन तथा प्रशोधन | १५.७९ | २.४७ |
| १० | अन्य | ९.२७ | १.४५ |
| ११ | होटल तथा पर्यटन | ४.६३ | ०.७२ |
| १२ | म्युचुअल फण्ड | ४.४८ | ०.७० |
| १३ | व्यापार | १.४० | ०.२२ |
| १४ | संस्थापक शेयर | १.१९ | ०.१९ |
| १५ | ऋणपत्र | ०.७१ | ०.११ |

### सर्वाधिक कारोबार भएका पाँच धितोपत्र

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| न्यादी हाइड्रोपावर लिमिटेड | २२.५३ | ६४१.०० |
| सिन्धु विकास बैंक लिमिटेड | १९.७७ | १,०४९.२० |
| सुपर मादी हाइड्रोपावर लिमिटेड | १८.०० | १,५४०.०० |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | १५.४२ | १,०७४.०० |
| नेपाल फाइनान्स लिमिटेड | १४.७४ | १,००१.१० |

# जोशी हाइड्रोपावरले बोलायो दुई आर्थिक वर्षको साधारणसभा

काठमाडौं (अस) । जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले आगामी माघ १५ गते दुई आर्थिक वर्षको वार्षिक साधारणसभा बोलाएको छ। कम्पनीले नवौं र दशौं वार्षिक साधारणसभा बोलाएको हो । तर, कम्पनीले लाभांशसम्बन्धी कुनै प्रस्ताव गरेको छैन ।

सभा काठमाडौंको सुकेधारास्थित सेलिब्रेशन हाइट्समा बिहान १० बजेबाट शुरू हुनेछ । सभाले आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्नुका साथै चालू आर्थिक वर्ष २०८१/८२ का लागि लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्नेछ ।

यस्तै, सभामा कम्पनीको रिक्त महिला १ सहित ३ जना सञ्चालकको निर्वाचन गर्ने एजेन्डा पनि छ । साधारणसभा प्रयोजनार्थ कम्पनीले माघ ३ गते गते बुक क्लोज गर्ने भएको छ । यस बुक क्लोजको आधारमा माघ २ गतेसम्म कायम शेयरधनीले सभामा भाग लिन पाउनेछन् ।


**जोशी हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको**
**नवौं र दशौं वार्षिक साधारण सभा बारेको सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८१/०९/२४**

यस कम्पनीको मिति २०८१/०९/२३ गते बसेको संचालक समितिको पच्चिसौं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम कम्पनीको नवौं र दशौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले सर्म्पूण शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध छ ।

**१. सभा हुने मिति, समय र स्थानः**
मिति : २०८१/१०/१५ गते
समयः बिहान १०:०० बजे
स्थानः सेलिब्रेशन हाईट, सुकेधारा, काठमाडौं ।

**२. छलफल तथा निर्णय गर्नुपर्ने विषयहरुः**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ. ब. २०७९/०८० र २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।
२. लेखा परीक्षक श्री G. Poudel & Associates, Chartered Accountants द्वारा तयार गरिएको लेखा परिक्षण प्रतिवेदन सहित आ. ब. २०७९/०८० र २०८०/०८१ को वार्षिक हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी परित गर्ने बारे ।
३. आगामि आ. ब.२०८१/०८२ को हर हिसाब लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति तथा परिश्रमिक निर्धारण गर्ने बारे ।
४. कम्पनीको रिक्त महिला-१ सहित ३ जना संचालक पदको लागि निर्वाचन गर्ने बारे ।
५. विविध ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी**

१. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनीमहानुभावहरुले सभाकक्षमा प्रवेश गर्नको लागि अनिवार्य रुपले प्रवेशपत्र, आफ्नो परिचय खुल्ने आधिकारिक परिचय पत्र(जस्तै नागरिकता वा अन्य आधिकारिक परिचय पत्र) सहित शेयरधनी उपस्थित हुनु पर्नेछ ।
२. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावले सभास्थलमा उपस्थित भई त्यहाँ रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । उपस्थिति पुस्तिका बिहान ९:३० बजेदेखि खुल्ला रहनेछ ।
३. सम्पूर्ण शेयरधनीमहानुभावहरुलाई साधारण सभाको सूचना सहित बार्षिक प्रतिवेदन, आर्थिक विवरण, प्रोक्सी फारम र प्रवेश-पत्र पठाउने व्यवस्था मिलाईएको छ । कुनै कारणवश शेयरधनीमहानुभावहरुले प्राप्त गर्न नसक्नु भएमा कम्पनीको कार्यालय, कालोपुल, काठमाडौं तथा शेयर रजिष्ट्रार(सिद्धार्थ क्यापिटल लि.)को कार्यालय, नक्साल, काठमाडौंबाट प्राप्त गर्न सकिनेछ ।
४. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/१०/०३ गते १ दिन कम्पनीको शेयर दाखिल खारेज बन्द रहने छ ।
५. कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनीधि मार्फत छलफल गर्न र मतदान गर्न सकिनेछ । प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा २४ घण्टा अगावै प्रतिनीधिपत्र कम्पनीको कार्यालय, कालोपुल, काठमाडौमा बुझाईसक्नुपर्नेछ ।
६. संचालक निर्वाचन सम्बन्धी तालिका साधारण सभा हुनु भन्दा ७ दिन अगावै कम्पनीको सूचनापाटी एवं वेबसाईट www.jhdc.com.np मा प्रकाशन गरिनेछ ।
७. साधारण सभा एवं संचालक निर्वाचन सम्बन्धी अन्य जानकारी आवश्यक परेमा कम्पनीको कार्यालय कालोपुल, काठमाडौमा कार्यालय समय भित्र ०१-४५६२८४४ मा सम्पर्क गर्न सकिनेछ ।


# सोल्टी होटलका शेयरधनीको बैंक खातामा नगद लाभांश जम्मा

काठमाडौं (अस) । सोल्टी होटल लिमिटेडले नगद लाभांश शेयरधनीहरूको बैंक खातामा पठाएको छ ।

कम्पनीले मङ्सिर १२ गतेसम्म हितग्राही खातामा बैंक खाता अद्यावधिक गराएका शेयरधनीलाई नगद लाभांश जम्मा गरिदिएको हो ।

होटलले हालसम्म पनि डिम्याट खाता र बैंक खाता अद्यावधिक नगरेका शेयरधनीलाई तुरून्त अद्यावधिक गर्न पनि आग्रह गरेको छ । कम्पनीले गत वर्षको नाफाबाट २६ दशमलव ८४ प्रतिशत नगद लाभांश (कर सहित) वितरण गर्ने प्रस्ताव पारित गरेको थियो ।

साथै कम्पनीले विभिन्न साधारणसभाबाट पारित भएको लिन बाँकी बोनस शेयर र नगद लाभांश समेत यस कम्पनीको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लिमिटेडमा सम्पर्क गरी लिन अनुरोध गरेको छ ।

### आईपीओ अपडेट

| कम्पनी | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. |
|---|---|
| दिन | २०८१ पुस २४ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | १८ लाख ४५ हजार |
| आवेदक संख्या | १९ लाख ६ हजार ७४८ |
| आवेदन परेको कित्ता | २ करोड ५१ लाख ९० हजार ३६० |
| आवेदन परेको रकम | २ अर्ब ५१ करोड ९० लाख ३६ हजार |
| निष्कासनको तुलनामा माग | १३.६५ गुणा |
| निष्कासन बन्द भएको मिति | २०८१ पुस २४ गते |
| विक्री प्रबन्धक | कुमारी क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी

### एशियाली शेयर बजारका सूचक (अपडेट : २०२५ जनवरी ८)

| स्टक एक्सचेन्ज | सूचकको नाम | इन्डेक्स | फरक प्रतिशत |
|---|---|---|---|
| बम्बई स्टक एक्सचेन्ज | बीएसई सेन्सेक्स | ७८,१४८.४९ | -०.०६% |
| नेशनल स्टक एक्सचेन्ज | निफ्टी ५० | २३,६८८.९५ | -०.०८% |
| जापान एक्सचेन्ज ग्रुप | निक्केइ २२५ | ३९,९८१.०६ | -०.२६% |
| हङकङ स्टक एक्सचेन्ज | हैंग सेंग | १९,२७९.८४ | -०.८६% |
| संघाई स्टक एक्सचेन्ज | संघाई एसई कम्पोजिट इन्डेक्स | ३,२३०.१७ | ०.०१६% |

### जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस २४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | ११२० | २४७५ | ११०५.७ |
| २ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. | ७८७.९ | १०६० | ५६६ |
| ३ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि. | ७३६ | ८२५ | ५२३ |
| ४ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. | ७०४ | ७३१ | ४१८.५ |
| ५ | सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ६४२ | ७०८ | ४४७.२ |
| ६ | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लि. | ६०९ | ७३२.२ | ४७३ |
| ७ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि. | ५८५ | ७७६.१ | ५२१.३ |
| ८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि. | ५१९ | ६१२ | ४१० |
| ९ | आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लि. | ४९० | ६०६ | ४१२.५ |
| १० | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. | ४५९ | ६४४ | ३९५.१ |
| ११ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ४५५.५ | ६०७ | ३६४.१ |
| १२ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि. | ४३४ | ६५४ | ४१२.१ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका 'अन्य' समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | ट्रेड टावर लिमिटेड | १,१५८,९८० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लि. | २०७९ असार १४ |
| २ | कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेड | ७५०,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० जेठ २८ |
| ३ | डिस मिडिया नेटवर्क लिमिटेड | १३,५८४,९५५ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार १२ |
| ४ | आइएमई लिमिटेड | १,०००,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार २९ |
| ५ | हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी लि. | १,१२५,००० | २८८ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० पुस ६ |
| ६ | पियोर इनर्जी लिमिटेड | १,६००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लि. | २०८० माघ २९ |
| ७ | नेपाल ब्रोडकास्टीङ्ग च्यानल लिमिटेड | १,०००,००० | ५० | एनआइएमबि एस क्यापिटल लि. | २०८१ जेठ २१ |
| ८ | कैलाश हेलिकप्टर सर्भिसेस लिमिटेड | ३५०,००० | ३२७ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |
| ९ | छाया देबी कम्प्लेक्स लिमिटेड | १,४३७,५०० | ४०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ भदौ २ |
| १० | बिजनेस ईन्टरेष्ट ग्रुप अफ इण्डष्ट्रिज लिमिटेड | ४,५००,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार २ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका होटल तथा पर्यटन समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | एपेक्स हस्पिटालिटी लिमिटेड | २,४००,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० असोज १२ |
| २ | होटल फरेष्ट इन लिमिटेड | ९,८००,००० | १०० | एन आई सी एशिया क्यापिटल लि. | २०८० कात्तिक १५ |
| ३ | अर्किड होल्डिङ्ग्स लिमिटेड | ११,५००,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० मङ्सिर १३ |
| ४ | अन्नपूर्ण केबल कार लिमिटेड | ३,१००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० पुस १६ |
| ५ | बन्दीपुर केबलकार एण्ड टुरिजम लि. | ३,०६०,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. | २०८१ जेठ २२ |
| ६ | अकामा होटल लिमिटेड | ४,५००,००० | ५० | सानिमा क्यापिटल लिमिटेड | २०८१ असार २६ |
| ७ | ठमेल प्लाजा होटल एण्ड सुइट्स लि. | १,०००,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. | २०८१ कात्तिक २१ |

**धितोपत्र बोर्डमा पाइपलाईनमा रहेका म्युचुअल फण्ड**

| क्र.सं. | म्युचुअल फण्डको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | योजना व्यवस्थापक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | एनआईसी एशिया इक्विटी लिङ्क्ड इन्भेष्टमेण्ट स्किम | १००,०००,००० | १० | एनआईसी एशिया क्यापिटल लि. | २०८० असार ३१ |
| २ | सिटिजन्स सदाबाहार योजना | ५०,०००,००० | १० | गरिमा क्यापिटल लिमिटेड | २०८१ असोज २ |
| ३ | एमबिएल इक्विटी फण्ड | १२०,०००,००० | १० | माछापुच्छ्रे क्यापिटल लिमिटेड | २०८१ असोज २१ |
| ४ | रिलायबल समृद्धि योजना | १००,०००,००० | १० | रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेड | २०८१ मङ्सिर १२ |
| ५ | आरविवि फोकस ४० | १००,०००,००० | १० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ पुस १४ |
| ६ | सिटिजन्स सन्तुलित योजना | १००,०००,००० | १० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ पुस १९ |
| ७ | हिमालयन दीर्घकालीन बचत योजना | १००,०००,००० | १० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत १९ |
| ८ | एनआई ३१ | १५,०००,००० | १० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०७९ चैत १६ |
| ९ | सानिमा फ्लेक्सी फण्ड | १००,०००,००० | १० | सानिमा क्यापिटल लिमिटेड | २०८० असार १७ |
| १० | ग्लोबल आइएमई समुन्नत योजना-२ | १२०,०००,००० | १० | ग्लोबल आइएमई क्यापिटल लि. | २०७९ चैत १९ |
| ११ | प्रभु सिस्ट्मेटिक इन्भेष्टमेण्ट स्किम | ४०,०००,००० | १० | प्रभु क्यापिटल लिमिटेड | २०७९ कात्तिक ३० |


बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

## सामाजिक विकास कार्यालय

**भैंसेपाटी, ललितपुर**

## सामुदायिक पुस्तकालय सवलीकरण अनुदान कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८१/०९/२५ गते)**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा सञ्चालित सामुदायिक पुस्तकालयहरुको सबलीकरण अनुदान वितरण गर्ने कार्यक्रम रहेकोले सामुदायिक पुस्तकालय सबलीकरण अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ बमोजिमका शर्तहरु पुरा गरेका सामुदायिक पुस्तकालयहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र (२०८१ माघ २ गते कार्यालय समय भित्र) उल्लेखित कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी संलग्न गर्नुपर्ने कागजातहरु सहित यस कार्यालयमा प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र पेश गर्न सकिनेछ ।

सामुदायिक पुस्तकालय सवलीकरण अनुदान सम्बन्धी कार्यविधि, २०८१ सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको वेबसाईट http:www.mosd.bagamati.gov.np र शिक्षा विकास निर्देशनालयको वेबसाइट http://edd.bagamati.gov.np मा उपलब्ध छ ।

**कार्यालय प्रमुख**



## कालिगण्डकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**पूर्तिघाट, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१/०९/२५**

यस कालिगण्डकी गाउँपालिका गुल्मीबाट विभिन्न मितिमा प्रकाशन भएको सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका देहायको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भै मूल्यांकन समितिबाट स्वीकृतिका लागि सिफारिस भै आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं | कामको विवरण | प्रभावग्राही देखिएको बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ. कर र PS सहित) |
|---|---|---|---|---|
| 1 | KRM-NCB-W-2081-2082-7 | Construction Of Arbeni Ward Office Building For Kaligandaki Rural Municipality | Aarav and Company Pvt. Ltd | NRS 8287480.47 |

**प्रमुख प्रशासकीय अधिकृत**



## धितो लिलाम सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

यस सहकारी संस्थाबाट बिभिन्न मितिमा तपाई ऋणीले लिएको कर्जाको तोकिए बमोजिम साँवा, ब्याज र किस्ता नतिरको हुँदा तपाईहरुको नाममा पटक पटक संस्थाको तर्फबाट लिखित तथा मौखिक तरताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै सोच नदेखिएको र मिति २०८१।०७।२९ मा राष्ट्रिय दैनिक पत्रिका **आर्थिक अभियान**मा ३५ दिने सूचना प्रकाशित हुँदा समेत बेवास्ता गर्नुभई ऋणको साँवा ब्याँज र हर्जना दस्तुर समेत तिर्न नआउनु भएकोले धितो लिलाम सम्बन्धि यो सार्वजनिक सूचना जारी गरिएको छ। उक्त कर्जा र सोमा लाग्ने साँवा, ब्याज, हर्जना रकम तथा लिलाम हुने मिति सम्मका अन्य दस्तुर समेत आजका मितिले ३५ दिन भित्र सम्बन्धित ऋणी स्वंय वा प्रतिनिधि मार्फत चुक्ता गर्न आउनु होला अन्यथा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ तथा संस्थाको विनियम अन्य प्रचलित कानून बमोजिम संस्थाको लेना रकम असुल उपर गर्नको लागि सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिम यस संस्थाका नाममा धितो दृष्टि बन्धक रहेको अचल सम्पत्ति (धितो) यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिनका दिन वा सो दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट कार्यालय खुलेको दिन संस्थाको कार्यालय ल.पु.जि.ल.पु.म.न.पा.वडा नं. १५ सातदोबाटोमा लिलाम बिक्री गर्ने ब्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। लिलाम बिक्री गर्दा लेना रकम नपुग भएमा **ऋणी तपाई रामजी हुमेगाई तथा जमानीकर्ता नवराज हुमागाईका** अन्य चल अचल सम्पत्तिबाट बाँकी रकम असुल उपर गरीनेछ। लिलाम सकार गर्ने ब्यक्ति, फर्म वा कम्पनीले लिलाम सकार गर्दा लिलाम कबुल गरेको मुल्यको १०% रकम सोही बखतमा धरौटी बापत बुझाउनु पर्ने छ र बाँकी रकम ७ दिन भित्र चुक्ता गर्नु पर्नेछ, बाँकी रकम ७ दिन भित्र चुक्ता नगरे उक्त धरौटी रकम जफत गरी वा कोही कसैले लिलाम प्रकृयामा सहभागी नभएमा संस्था आफैले उक्त धितो सकार गरी सम्बन्धित कार्यालय मार्फत दाखिल खारेज गरीने ब्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| क्र.स. | ऋणीको तिनपुस्ते बिवरण | जमानीकर्ता को तिनपुस्ते बिवरण | धितो सुरक्षणको बिवरण |
|---|---|---|---|
| १. | **ऋणी :- रामजी हुमेगांई**<br>बुवा :- दिल बहादुर हुमेगांई<br>बाजे :- मिन बहादुर हुमेगांई | **जमानी :- नवराज हुमागाई**<br>बुवा :- रामजी हुमेगाई<br>बाजे :- दिल बहादुर हुमेगांई | काभ्रेपलान्चोक जिल्ला शारदाबतासे गा.वि.स.वडा नं. ६ हाल पनौति नगरपालिका वडा नं.१०<br>कि.नं. २२६ क्षे.फ.३-१३-२-२ जग्गा कित्ता ----------------१<br>ऐ.ऐ. कि.नं. २२७ क्षे.फ. ४-८-०-० जग्गा कित्ता -------------१ |

**सिञ्चित बचत तथा ऋण सहकारी संस्था लि.**
सातदोबाटो -१५, ललितपुर फोन नं. ०१- ५४५४१५४


**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुबीमा समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लि. | २०८१ भदौ २० |
| २ | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लि. | २०८१ भदौ २४ |
| ३ | प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लि. | २०८१ असोज २० |
| ४ | स्टार माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लि. | २०८१ मङ्सिर ९ |
| ५ | लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लि. | २०८१ मङ्सिर २० |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लगानी समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | बरूण इन्भेष्टमेण्ट लिमिटेड | २,४७५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० पुस २५ |
| २ | सिड इनर्जी लिमिटेड | १,५९८,५०० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० चैत ४ |
| ३ | शिवम होल्डिङग्स लिमिटेड | ११,६००,००० | २१० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |


## हिमालयन बैंक लिमिटेड, महाराजगंज शाखाको
## धितोमा रहेको चल अचल सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनपर्ने, साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भूक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी २०७३ ले दिएको अधिकार प्रयोग गरि मिति २०८०।०२।०५ को कारोवार राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरि ऋण चुक्ता गर्न आउन सूचित गर्दा समेत ऋण चुक्ता गर्न आउनु नभएकोले, धितोमा रहेको चल सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्नको लागि १५ दिने सूचना प्रकाशित गर्दा समेत लिलाम बिक्रि हुन नसकेकोले बैंकको नाममा धितो लेखिदिएको तपसिल बमोजिमको चल सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फाराम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिन्छ । साथै ऋणी कम्पनी, सोका संचालक तथा ब्यक्तिगत जमानतकर्ता एवम् सम्बद्ध सबैलाई धितो दिएको सम्पत्ति लिलाम विक्री हुने ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ । प्रकाशित सूचनाको म्याद भित्र ऋणी कम्पनी, सोका संचालक, ब्यक्तिगत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रकृया अगाडी बढाइनेछ । बोलपत्र खोलिने दिन ऋणी/बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिक्रीको प्रकृया अगाडि बढाउन कुनै बाधा पर्ने छैन । साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम विक्री हुन नसकी बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानून बमोजिम असुलीको कारवाही अगाडी बढाइने व्यहोरा समेत पूर्वजानकारीको लागि सूचित गरिन्छ ।

**तपसिल**

**ऋणीको नाम**

नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. १८६६५७/०७४/०७५ मिति २०७४।१२।१५ मा दर्ता रहेको **नेपाल उड इण्डष्ट्रिज प्रा. लि (ऋणी)**
**सञ्चालक तथा व्यक्तिगत जमानी दिने: राजकुमार बस्नेत**
**ब्यक्तिगत जमानत दिने: अनुरुपा क्षेत्री बस्नेत**

(बौद्ध स्थित धितोको बिबरण)

| क्र.श. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| (क) काठहरु : | | | |
| १. | लहरे पिपल, अन्य काठ चिरान + फन्टा (चर्केको) | ७X७X५ | २४५ कि.भी. |
| २ | सिसौ चौकस | ५X३X४ | ६० कि.भी. |
| ३ | लहरे पिपल चौकस (मक्किएकों/कुहिएको) | १०X४X६ | २४० कि.भी. |
| ४. | लहरे पिपल चिरान (पानीले भिजेको मक्कीएको) | १०X६X६ | ३६० कि.भी. |
| ५. | टिक (मिक्स) | १०X६X७ | ४२० कि.भी. |
| ६. | टिक (मिक्स) | ५X६X३ | ९० कि.भी. |
| ७. | खोटे सल्लो<br>७X८X९= ५०४ कि.फी<br>७X८X८.५= ४७५ कि. फी<br>७X८X१०= ५६० कि.फी (कुहिएको) | | १५३९ कि.भी. |
| ८. | खोटे सल्लो (चौकस) | ८X५X३ | १२० कि.भी. |
| ९. | सिसौ र टिक (चिरान) | १०X४X४ | १६० कि.भी. |
| १० | सल्लो (चौकस) | ८X७X६ | ३३७ कि.भी. |
| ११ | सिसौ (मिक्स चिरान) कुहिएको | ८X५X४ | १६० कि.भी. |
| १२ | कर्मा (हल्लो) फन्टा (ठुलो) | ८X५X३ | १२० कि.भी. |
| १३. | काइयो चिरान १०X५X४= २००X२ (ठाँउ) मक्किएको | १०X५X४ | ४०० कि.भी. |
| १४. | सिसौ, लहरे पिपल, काइयो चिरान | ४X२X७ | ५६ कि.भी. |
| १५. | बिभिन्न जातको मिक्स (सिसौ, लहरे पिपल, चिरान मक्किएको) | १२X४X४ | १९२ कि.भी. |
| १६. | साल, बिगेट, चौकस | ४X२X३ | २४ कि.भी. |
| १७. | काइयो चिरान | ९X३X६ | १६२ कि.भी. |
| १८. | मिक्स फन्टा ठुलो/मक्कीएको दाउरा | ९X५X५ | २२५ कि.भी. |
| १९. | साल, सिसौ मिक्स चिरान | ९X५X२ | ९० कि.भी. |
| २०. | मिक्स काठको स्ट्रिप (दाउरा ५-७ फिट) | | २५०० के.जी. |
| २१. | मिक्स टिक (मुठा ३ फिट) | | २००० के.जी |
| २२. | साल काठ बिग्रीएको बिभिन्न साइजको दाउरा | | १५०० के.जी. |
| २३. | बिभिन्न जातको (साल, सिसौ मुठा) | | २००० के.जी. |
| २४. | साल, अस्ना, (कु-काठ स्ट्रिप), दाउरा, घर बनाउन, लिस्टीको लागि | | ३००० के.जी. |
| २५. | सिसौ, चौकस (दाउरा प्रयोग) | | ३०० के.जी. |
| २६. | काइयो, लहरे पिपल (बिभिन्न साइजको मुठा मक्कीएको) | १५X२.५X५ | १८७ कि.भी. |
| (ख) मेशिन तथा उपकरणहरु | | | |
| १. | बन्जु मेशिन | | १ सेट |
| २. | गल्लाडर मेशिन | | १ थान |
| ३. | भाती | | १ थान |
| ४. | दुई घोडाको मोटर | | १ थान |
| (ग) कार्यालयमा रहेका सामानहरु | | | |
| १. | कम्प्युटर सेट | | ४ थान |
| २. | फोटोकपी मेशिन (ब्रदर) | | १ थान |
| ३. | राउण्ड सोफा सेट | | १ थान |
| ४. | टि.भि. (सि.४) | | १ थान |
| ५. | अफिस टेबल | | १ थान |
| ६. | टि टेबल | | १ थान |
| ७. | फाइल र्‍याक | | ३ थान |
| ७. | फाइल र्‍याक | | ३ थान |

(कागेश्वरी मनोहरा स्थित धितोको बिबरण)

| क्र.श. | विवरण | परिमाण |
|---|---|---|
| १. | सखुवा (चौकस फन्टा) | २५२ कि.भी. |
| २. | सखुवा (स्ट्रिप) | २५०० के.जी. |
| ३. | सल्लो (लोकल) | ४०० कि.भी. |
| ४. | बिभिन्न जातका काठ दाउरा (चिलाउने, पिपल आदी) | ५०,००० के.जी. |
| ५. | लहरे पिपल चिरान चौकस | २४५ कि.भी. |
| ६. | सल्लो गालिया | ४० कि.भि. |
| ७. | कु-काठ गोलिया (ठुलो) | २,००० के.जी. |
| ८. | रानी सल्लो (चिरान) | १२८ कि.भी. |
| ९. | सखुवा जर्ना चिरान | २,५०० केजी |
| १०. | कु-काठ चिरान (बिभिन्न थरीका चौकस) | ४५० कि.भी. |

चिरान सम्वन्धी मेशिन तथा उपकरणहरु

| क्र.श. | विवरण | परिमाण |
|---|---|---|
| १. | बेन्जु चिरान मेशिन (नाम नखुलेको सानो) | १ थान |
| २. | चिरान मेशिन ठुलो | १ थान |
| ३. | तराजु | १ थान |
| ४. | साइजर मेशिन (नाम नखुलेका) | १ थान |
| ५. | कटर मेशिन (नाम नखुलेको) | १ थान |
| | जम्मा | ५ थान |

**लिलामीका शर्तहरू :**

लिलामीका शर्तहरु :

१. बोलपत्र फाराम यस बैंकको तपसीलमा उल्लेखित शाखाबाट कार्यालय समयभित्र रु. १,०००/-(फिर्ता नहुने) तिरी खरिद गर्न सकिनेछ ।

२. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | बोलपत्र पेश गर्ने स्थान | खोलिने स्थान |
|---|---|---|---|
| मिति २०८१।१०।०२ कार्यालय समय सम्म | मिति २०८१।१०।०३ अपरान्ह २:०० वजे | महाराजगंज शाखा, काठमाडौं | महाराजगंज शाखा, काठमाडौं |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
कर्जा असुली विभाग, कमलादी,
फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
बिहीवार, २५ पुस २०८१ | Thursday, 9 January 2025
आर्थिक अभियान

# सिमेन्टको मूल्यमा 'कार्टेलिङ' भएको छैन

**हालै सिमेन्ट तथा डण्डी उद्योगहरूले उत्पादनको मूल्य बढाएपछि भाउ नघटाइए आन्दोलन गर्नेसम्मको चेतावनी निर्माण व्यवसायी महासंघले दिँदै आएको छ । सिमेन्ट उत्पादकले 'कार्टेलिङ' गरी एक महीना अवधिमै पटक पटक गरी सिमेन्टमा प्रतिबोरा २०० रूपैयाँभन्दा बढी र डन्डीमा प्रतिकेजी १५ रूपैयाँसम्म मूल्य वृद्धि गरेको आरोप निर्माण व्यवसायीको छ । अर्कोतिर, निर्माण सुस्ताएको कारण सिमेन्ट तथा डण्डीको माग घटिरहेको छ र ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड्स (बिआईएस)को गुणस्तर प्रमाणपत्र लिनुपर्ने व्यवस्थाले सिमेन्टको भारत निर्यात पनि अवरूद्ध बनेको छ । प्रस्तुत छ, यिनै विषयमा केन्द्रित रहेर आर्थिक अभियानका हिमा वि.कले नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष तथा जेबी ग्रुपका प्रबन्ध निर्देशक रघुनन्दन मारूसँग गरेको कुराकानीको सार ।**



रघुनन्दन मारू
अध्यक्ष
नेपाल सिमेन्ट उत्पादक संघ

**सिमेन्टको माग छैन भनेर तपाईंहरूले नै भन्दै आउनुभएको छ । तर माग नभएका बेला मूल्य घटाएर माग सृजना गर्नुपर्नेमा किन मूल्य ह्वात्तै बढाइयो ?**

पहिले सिमेन्ट विक्रीको चक्र हेरौं । बर्खायाममा माग हुँदैन । त्यो बेला नगद प्रवाह कायम गर्न र खर्च धान्न सिमेन्ट उद्योगले कम मूल्यमै भए पनि सिमेन्ट विक्री गरे । अहिले तिहारपछि भने मागमा वृद्धि आएको छ । माग कम हुँदा मूल्य कम भएको हो । अहिले माग बढ्दा मूल्य बढेको छ । यो स्वाभाविक प्रक्रिया हो । अहिले निर्माण गतिविधि बढ्दा मागमा वृद्धि छ । यद्यपि यसअघि अफ-सिजनमा सिमेन्ट उद्योगीहरूले घाटा बेहोरेका थिए । यसलाई मूल्य बढेको भन्दा पनि समायोजन भन्नु उपयुक्त हुन्छ । किनभने गतवर्ष अर्डिनरी पोर्टल्याण्ड सिमेन्ट (ओपीसी) प्रतिबोरा ७५० रुपैयाँको हाराहारीमा विक्री भएको थियो । यो वर्ष भने ओपीसीको मूल्य कम छ ।

**सबै सिमेन्ट उद्योगले किन एकैपटक मूल्य बढाए ? यो कार्टेल भएन र ?**

अहिलेको मूल्य समायोजनलाई कार्टेलिङ भन्नै मिल्दैन । कार्टेलिङमा उद्योगीहरू मिलेर एउटा मूल्य कायम गर्छन् । तर अहिले यस्तो भएको छैन । बजारमा सिमेन्टको मूल्यमा एकरूपता छैन । उद्योगले आफ्नै किसिमले क्षमता र उत्पादन लागतअनुसार यसको मूल्य निर्धारण गरेका छन् । निर्माण व्यवसायीले आरोप लगाए जसरी मूल्यमा कार्टेलिङ भएको आधार छैन । बर्खायाममा भन्दा अहिले सिजनमा सिमेन्टको मूल्य अवश्य बढेको छ । उत्पादन लागतको कुरा गर्दा, नेपाल विद्युत् प्राधिकरणले अघोषित लोडसेडिङ गरेको छ । १२/१२ घण्टाको लोडसेडिङ सिमेन्टसहितका अन्य उद्योगले पनि खेपिरहेका छन् । लामो समय लोडसेडिङ हुँदा उद्योगले जेनेरेटर प्रयोग गरेर उत्पादन गरेका छन् । सिमेन्ट उद्योग निरन्तर चल्नुपर्ने प्रकृतिको उद्योग हो । बन्द गर्न सकिँदैन । उत्पादन लागत निकै बढेको छ ।

**उद्योगमन्त्रीको कार्यकक्षमा हालै भएको बैठकमा सिमेन्ट उद्योगीहरू ओपीसी प्रतिबोरा ७०० र पिपिसी ६०० रूपैयाँमा बेच्न सहमत भएको निर्माण व्यवसायीले बताएका छन् । यस्तो सहमति भएको हो ?**

पूर्वाधार निर्माणको सिजनमा सिमेन्टको मूल्य बढ्यो भनेपछि निर्माण व्यवसायी महासंघसहित उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीलगायतको सहभागितामा छलफल भएको हो । त्यसबेला सिमेन्टको समग्र मूल्यमा केही हेरफेर गर्ने भनिएको थियो । अहिले ओपीसीको ७०० रुपैयाँ र पिपिसीको ६०० रुपैयाँभन्दा कममै विक्री भइरहेको छ ।

अर्कोतर्फ, नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा चारओटा सिमेन्ट उद्योग सूचीकृत छन् । चारओटै कम्पनीको चालू आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रैमासिक वित्तीय विवरण अनुसार नेप्सेमा सूचीकृत सिमेन्ट उद्योगले पहिलो त्रैमासिकमै १० करोड रुपैयाँदेखि ५१ करोड रुपैयाँसम्म खुद नोक्सानी बेहोरेका छन् । यो अवस्था पनि हेरिनुपर्‍यो । अहिले आएर मूल्य वृद्धि भयो भन्ने विषय अनावश्यक हो । जब कि आज उत्पादन लागतमा हरेक क्षेत्रबाट प्रभावित परेको छ ।

**सिजनकै बेला सिमेन्ट उद्योगीले सिमेन्टको मूल्य बढाएको भन्दै निर्माण व्यवसायीले निर्माणका काम ठप्प पार्ने चेतावनी दिएका छन् । यस्तोमा मूल्य घटाउने कि नघटाउने ?**

निर्माण व्यवसायीले काम ठप्प गराउने भनाइ सार्वजनिक गर्नु आश्चर्यको कुरा हो । किनभने उनीहरूले बोलपत्र लिँदा नै वर्षभरिका लागि गरिएको सिमेन्टको अधिकतम मूल्यलाई आधार बनाएका हुन्छन् । त्यो मूल्यमा त हामी पुगेकै छैनौं नि । जस्तै- बर्खामा मूल्य कम हुन्छ र हिउँदको समयमा सिमेन्टको मूल्य केही बढी हुन्छ । उनीहरूले बोलपत्र लिँदा नै अधिकतम मूल्यलाई आधार मानेर बोलपत्र हाल्छन् । यसरी सिमेन्टका भाउ केही बढ्दैमा उनीहरूको लागत धेरै बढ्दैन । सिमेन्टको उत्पादन लागत घट्छ भने यसको मूल्य स्वतः घट्छ । मूल्य बजारले तय गर्नेछ ।

**अहिले सिमेन्ट उद्योगको क्षमता उपयोगको स्थिति के छ ?**

अहिलेसम्मको तथ्यांक हेर्दा नेपाली सिमेन्ट उद्योगको उत्पादन क्षमता वार्षिक २ करोड ५० लाख मेट्रिक टन छ । सिमेन्ट उद्योगको उत्पादन क्षमता बढे पनि सोही किसिमले यसको उपभोग भने बढेको छैन । अहिले वार्षिक करीब ८० लाख टन सिमेन्ट खपत भएको छ । सिजन मानिने मङ्सिरदेखि जेठ-असार महीनामा दैनिक औसत २० हजार मेट्रिक टन सिमेन्ट खपत हुन्छ । अहिले सिजनमा सिमेन्ट उद्योगले कुल क्षमताको औसतमा ४० प्रतिशत मात्र उत्पादन गर्दै आएका छन् ।

**नेपाली सिमेन्ट उद्योगले भारतमा सिमेन्ट निकासी गर्न लागेको साढे २ वर्षभन्दा बढी भइसकेको छ । त्यसले नेपाली सिमेन्ट उद्योगलाई के कसरी योगदान दिएको छ ?**

अवश्य पनि, भारत निर्यात खुला भएसँगै हामी उत्साहित र आशावादी नै छौं । सरकारले पनि कानूनी रूपमा सहायता र अनुदान समेत दिने घोषणा गर्‍यो । यद्यपि भारततर्फ सिमेन्ट निर्यात निर्बाध रूपले हुन सकेन । सरकारले दिने भनेको ८ प्रतिशतसम्मको अनुदान रकम पनि पाउन सकेका छैनौं । अहिले क्लिंकर र सिमेन्ट गरेर ७-८ ओटा उद्योगले भारतमा निकासी गरिरहेका छन् । भविष्यमा भारततर्फ निकासी गर्ने उद्योगको संख्या बढ्नेछ । ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड्स (बिआईएस) सर्टिफिकेट पाएमा सिमेन्ट उद्योगमा ठूलो राहत पुग्नेछ ।

**भारतमा सिमेन्ट निर्यात हुँदै गर्दा अहिले कतिपय उद्योगले बिआईएस नवीकरण गराउन नसकेको र नयाँले पाउन चुनौती खेपेका छन् । यो अवस्थामा कहिलेदेखि सहजै निर्यात गर्न सकिएला ?**

बिआईएस दिन भारतको सम्बद्ध निकायले गुणस्तरका सूचक खोज्छन् । गुणस्तरको कसीमा नेपाली सिमेन्ट भारतीय सिमेन्टको दाँजोमा कुनै कुरामा पनि कम छैन । मुख्य कुरा प्रक्रियागत समस्या देखिएको छ । जस्तै- भारतबाटै अवरोध देखिँदै आएको छ । यस विषयमा सिमेन्ट उत्पादक संघ तथा उद्योगीहरू मिलेर नेपालस्थित भारतीय राजदूतावासलाई पनि जानकारी गराउने तयारीमा छौं । बिआईएस प्राप्तिको विषय पुस २६ र २७ गते हुने वाणिव्य सचिवस्तरीय वार्तामा पनि बलियो रूपमा उठोस् भन्ने चाहेका छौं ।

> सिमेन्टको मूल्य बढेको भन्दा पनि समायोजन भन्नु उपयुक्त हुन्छ ।

> बिआईएस प्रमाणपत्र लिने प्रक्रिया डेढ-दुई वर्षदेखि पेन्डिङमा छ ।

> आन्तरिक खपत नभएपछि निर्यातको बाटो खोजेका हौं । सिमेन्ट उद्योगीले निर्यातअनुसारको अनुदान नपाउने हो भने भारतमा निकासी गर्न सकिँदैन ।

> अनुदान पाउँदा राहत हुन्छ भनेर निर्यात शुरू गरिएको हो । अनुदान नपाएमा सिमेन्ट निर्यातमा उत्पादकहरू उत्साहित हुँदैनन् ।

> अहिले सिमेन्ट उद्योगमा विदेशी मात्र होइन, स्वदेशी लगानी समेत आवश्यक छैन ।

बिआईएस प्रमाणपत्र लिने प्रक्रिया डेढ दुई वर्षदेखि पेन्डिङमा छ । नयाँ १०/१२ ओटा उद्योगले बिआईएस प्रमाणपत्र लिन निवेदन दिइसकेका छन् । भारतको उत्तर प्रदेश (युपी)को सीमा क्षेत्रमा पर्ने जिल्ला र विहार क्षेत्र नेपाली सिमेन्ट निर्यातका बजार हुन् । मूल्यभन्दा पनि गुणस्तरका कारण भारतीय उपभोक्ताले रुचाएका छन् । यद्यपि भारतीय सिमेन्टको मूल्यसँग हामीले प्रतिस्पर्धा गर्न सक्दैनौं । किनकि हाम्रो उत्पादन लागत बढी छ । तर, नेपाली सिमेन्टको गुस्तरीय हुँदा भारतीय सिमेन्टसँग प्रतिस्पर्धा गर्न गाह्रो हुँदैन । अर्कोतर्फ, भारतले नेपाली ट्रकलाई भारतीय सीमाबाट डेढदेखि २०० मिटरसम्म पहुँच दिएमा सिमेन्टको लजिस्टिक लागत कम पर्छ । नेपाली ट्रक गोरखपुर र लखनऊसम्म पुऱ्याउन सके मूल्य पनि कम पर्छ ।

**अहिले निर्यात अनुदान पाइने व्यवस्थाले सिमेन्ट उद्योगीले निर्यातलाई प्राथमिकता दिएका छन् । सरकारले यस्तो अनुदान नदिने हो भने निर्यात गर्न सकिन्छ कि सकिँदैन ?**

निर्यातमा अनुदान दिनेगरी सरकारले कार्यविधि नै बनाएको छ । तर अहिलेसम्म उद्योगीले यसबाट लाभ लिएका छैनन् । निर्यातमा अनुदान नपाउने हो भने उत्पादकलाई खासै फाइदा छैन । भारतीय सिमेन्टसँग प्रतिस्पर्धा गर्न सहज छैन । सरकारले व्यवसायीलाई प्रोत्साहित गरेर अनुदान दिँदा राहत हुन्छ भनेर निर्यात शुरू गरिएको हो । अनुदान नपाएमा सिमेन्ट निर्यातमा उत्पादकहरू उत्साहित हुँदैनन् ।

**सिमेन्टको लगानीलाई अहिले जोखिमपूर्ण भन्न थालिएको छ । किनभने आन्तरिक खपत नै कम छ । निकासीमा पनि बारम्बार अवरोध भएको देखिन्छ । सिमेन्टको लगानीलाई कत्तिको सुरक्षित देख्नुहुन्छ ?**

२०७२ सालको विनाशकारी भूकम्पपछिको पुनर्निर्माणदेखि सिमेन्ट उद्योगमा लगानी र उत्पादन क्षमता पनि बढेको छ । तर बजारमा यसको माग नै बढाउन सकिएको छैन । यस हिसाबले हेर्दा अहिले सिमेन्ट तथा क्लिंकरमा गरिएको लगानीलाई सुरक्षित भन्न मिल्दैन । अहिले हामी निकै समस्यामा छौं । समयमै बैंकको ब्याज तिर्न सकिएको छैन । हामीले बैंकको ऋण तिर्न राष्ट्र बैंकका गभर्नरलाई भेटेर ऋणको 'रिसेड्युलिङ'का लागि आग्रह गरिरहेका छौं । सिमेन्टको लगानीलाई सुरक्षित बनाउन सरकारले पनि अग्रसरता देखाउनुपर्छ । कंक्रिटका सडक बनाएर स्वदेशमा सिमेन्टको खपत बढाउन सकिन्छ । यसले बिटुमिनको आयातमा भइरहेको खर्च रोकिनेछ । मुख्य राजमार्गमा कंक्रिट सडक बनाउन नसकिए पनि सहायक राजमार्ग, स्थानीय तहका भित्री सडकमा प्रयोग गर्न सकिन्छ । कंक्रिट सडक टिकाउ पनि हुने भएकाले यसलाई प्रोत्साहित गर्नुपर्छ । त्यससम्बन्धी ऐन पनि बनाउनुपर्छ । जलविद्युत् विकासमा पनि सिमेन्टको खपत बढाउन सकिन्छ । तत्कालै गर्नुपर्ने त निर्माण व्यवसायीलाई सरकारले गरेको कामको भुक्तानी दिनुपर्छ, जसले गर्दा उनीहरूले निर्माणका काम अघि बढाउन सकून् ।

**तपाईंको उद्योग (शिवम् सिमेन्ट)को उत्पादनको स्थिति के छ ? निर्यातको योजना पनि छ ?**

अहिले शिवम् सिमेन्टको उत्पादन अवस्था सकारात्मक नै छ । शिवम् सिमेन्ट अहिले लोकप्रिय र सफल ब्राण्ड बनेको छ । आन्तरिक खपत नै राम्रो छ । उपभोक्ताको आवश्यकता र रुचिअनुसार गुणस्तरीय सिमेन्ट दिन सकेका छौं । हाम्रो सिमेन्ट उद्योगको उत्पादन क्षमता प्रतिदिन ३ हजार टन छ । उत्पादन भने प्रतिदिन १ हजार ६०० टन हुन्छ । नारायणगढदेखि पुर्वको बजारमा शिवम् सिमेन्ट पुगेको छ । अहिले निर्यात गरेका छैनौं । निर्यात गर्ने योजना छ । यसका लागि निकै पहिला नै बिआईएस प्रमाणपत्र लिइसकेका छौं । भारतीय बजारमा पीपीसीको माग उच्च छ । तर हामीले अहिले ओपीसी सिमेन्ट उत्पादनमा बढी केन्द्रित छौं । पीपीसी उत्पादन गर्ने योजना पनि छ ।

**शिवम् सिमेन्ट र चिनियाँ कम्पनी होङ्शीबीचको संयुक्त उपक्रम (जोइन्ट भेञ्चर)बाट पनि सिमेन्ट उत्पादन भइरहेको छ । यी दुई उद्योगबीचको सम्बन्ध कस्तो छ ?**

'होङ्शी' ब्राण्डको सिमेन्ट होङ्शी शिवम् सिमेन्ट प्रालिले उत्पादन गर्छ । त्यस उद्योगमा हामी लगानीकर्ता मात्र हौं । त्यसमा हाम्रो ३० प्रतिशत शेयर छ । बाँकी चिनियाँ लगानीकर्ताको हो ।

**नेपाली सिमेन्ट क्षेत्रमा ठूलो वैदेशिक लगानी भित्र्याउनुभयो । त्यसले सिमेन्ट उद्योगमा के फरक पाऱ्यो ? अब विदेशी लगानी आवश्यक छ कि छैन ?**

अहिले सिमेन्ट उद्योगमा विदेशी मात्र होइन, स्वदेशी लगानी समेत आवश्यक छैन । किनभने हामीसँग ठूलो क्षमता छ । अहिले तत्काल लगानी गर्ने अवस्था र आवश्यकता दुवै देखिँदैन । अहिले मुलुकमा स्थापित सिमेन्ट उद्योगको संख्या ६५ पुगेको छ । यी उद्योगको कुल उत्पादन क्षमता २ करोड ५० लाख टन प्रतिवर्ष छ । यस्तै लगानी पनि ३ खर्ब रुपैयाँ पुगेको छ ।

## सन् २०२४ मा मनास्लु क्षेत्रमा साढे १० हजार विदेशी पर्यटक

गोरखा । उत्तरी गोरखाको मनास्लु क्षेत्रमा एक वर्षमा १० हजारभन्दा बढी विदेशी पर्यटक घुम्न पुगेका छन् । मनास्लु क्षेत्रमा सन् २०२४ मा १० हजार ६०५ जना विदेशी पर्यटकले भ्रमण गरेको मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालय (एमक्याप)का संरक्षण अधिकृत एवं सूचना अधिकारी भुवनराज ओभ्फाले जानकारी दिए । अघिल्लो वर्ष सन् २०२३ को तुलनामा गतवर्ष एक हजार चार सय २८ जना बढी विदेशी पर्यटक मनास्लु क्षेत्रको भ्रमणमा पुगेको उनले बताए । 'अघिल्लो वर्ष ९ हजार एक सय ७७ विदेशी पर्यटक मनास्लु क्षेत्र घुम्न पुगेका थिए,' उनले भने, 'गतवर्ष अहिलेसम्मकै सबैभन्दा विदेशी पर्यटकले मनास्लुको भ्रमण गरेका छन् ।'

मनास्लु क्षेत्र घुम्न पुग्ने पर्यटकमा दक्षिण एशियाली क्षेत्रीय सहयाग संगठन (सार्क) राष्ट्रका भन्दा तेस्रो मुलुकका विदेशी पर्यटकको संख्या बढी रहेको उनको भनाइ छ । सन् २०२४ मा फ्रान्सबाट सबैभन्दा धेरै एक हजार तीन सय ३५ जना विदेशी पर्यटकले मनास्लु क्षेत्रको भ्रमण गरेको पाइएको छ । गतवर्ष मनास्लु भ्रमण गर्ने विदेश पर्यटकमध्ये एक हजार एक सय ८१ जना जर्मन र सात सय ९६ जना अमेरिकी नागरिक रहेको कार्यालयको तथ्यांक छ । 'सार्क राष्ट्रमध्ये भारतबाट सबैभन्दा धेरै एक सय ५९ जना पर्यटकले मनास्लु पदयात्रा गरेका छन्,' अधिकृत ओभ्फाले भने । त्यस्तै नेदरल्याण्ड्स, बेलायत, अष्ट्रेलिया, स्पेन, चीनलगायत देशका पर्यटक मनास्लु क्षेत्र घुम्न गएको उनको भनाइ छ । मनास्लु पदमार्गमा घुम्न जाने पर्यटक नुब्री भ्यालीतर्फ कुल्छुमन (काल) ताल, विश्वको आठौं अग्लो मनास्लु हिमाल र वीरेन्द्र तालको अवलोकन गर्दै लार्केपास गरेर मनाङ पुग्न सक्छन् । त्यस्तै चुमभ्यालीतर्फ विश्वकै सर्वाधिक चर्चित शृंगी हिमाल, राजेन गुम्बालगायत गुम्बाको अवलोकन गर्न सकिन्छ । मनास्लु क्षेत्रमा प्राकृतिक सौन्दर्यसँगै पर्यटकले हिमचितुवा, नाउर, घोरल, डाँफे, मुनाल, चौंरी लगायत जीवजन्तु अवलोकन गर्न पाउँछन् । *रासस*

## पुलचोक-गोन्द्राङ ६ लेन सडकको काम ९५ प्रतिशत सम्पन्न

सूर्यप्रसाद अधिकारी
चितवन



पुलचोक-गोन्द्राङ सडकलाई ६ लेनमा विस्तार गर्ने काम अन्तिम चरणमा पुगेको छ । सडक डिभिजन भरतपुरका अनुसार ९५ प्रतिशतभन्दा बढी काम सकिएको हो । अहिले सडकका डिभाइडरमा रङ लगाउने, लाइनिङ गर्ने, बत्ती जडान गर्ने लगायत फिनिसिङका काम भइरहेको छ । तेस्रोपटक थपिएको म्यादमा सडक विस्तारको काम सम्पन्न हुने भएको छ । सडक विस्तारको म्याद यही पुस मसान्तसम्म रहेको छ ।

'फिनिसिङ हुँदै छ, अर्को लेयरको इनामेल पेन्ट्स लगाउने काम भइरहेको छ । 'भाटभटेनी सुपरमार्केट अगाडि एक तहको कालोपत्र हुन बाँकी छ,' सडक डिभिजन भरतपुरकी इन्जिनियर शिला न्यौपानेले भनिन्, 'अब धेरै काम बाँकी छैन । भुक्तानीका लागि निर्माण व्यवसायीले बिल पेस गर्न बाँकी छ, दशैं पछाडि हामीले भुक्तानी दिएका छैनौं । त्यतिबेला ९० प्रतिशतजति भुक्तानी गरिसकेका थियौं,' उनले भनिन् । निर्माण व्यवसायीलाई दिन थप आठ करोड रुपैयाँ सरकारसँग माग गरिएको उनले बताइन् ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत पर्ने यस सडकमा दुईओटा एक्सप्रेस लेन र दुईओटा सर्भिस लेन बनाइएका छन् । सडक विस्तारका क्रममा भरतपुर ओरालोको उचाइ घटाइएको छ । सडक विस्तारको जिम्मा पाएको इण्डो सगुन जेभीका इन्जिनियर सुनिल ढुंगानाका अनुसार भरतपुर ओरालोको उचाइ ६० सेन्टिमिटरदेखि १ दशमलव २ मिटरसम्मले घटाइएको हो ।


यो सडक विस्तारको लागत १ अर्ब ७६ करोड रुपैयाँ रहेको छ । सडकको दायाँ-बायाँ ११ दशमलव ५ मिटरको एक्सप्रेस लेन रहेको छ । त्यसको बीचमा ३ देखि ४ मिटरको मेडियन छ, जहाँ दुबो र बिरुवा लगाइसकिएको छ ।

एक्सप्रेस लेनको छेउमा दुवैतर्फ ठूला नाली छन् । नालीभन्दा बाहिर दुवैतर्फ ६ मिटरसम्मको सर्भिस लेन रहेको छ । सर्भिस लेनबाहिर दुवैतर्फ ३ देखि ४ मिटरको फुटपाथ रहेको छ । बजार क्षेत्रमा सर्भिस लेनमा मात्र नभई एक्सप्रेस लेनमै समेत सवारीसाधन पार्किङ गरिँदा बजार अव्यवस्थित बनेको छ । एक्सप्रेस लेन लामो दूरीका सवारीसाधन र सर्भिस लेन छोटो दूरीका सवारीसाधन सञ्चालनका लागि निर्माण गरिएको हो ।

### तथ्यांकोवाच

### रू. १२ करोडको च्याउ आयात

आर्थिक वर्ष २०८०/८१ मा नेपालमा १२ करोड ३५ लाख मूल्य बराबरको करीब ४१६ टन च्याउ आयात गरेको छ । आयातित च्याउका मुख्य स्रोत मुलुकहरू चीन, भारत र थाइल्याण्ड रहेका छन् । च्याउ आयातमार्फत रू. ४ करोड ८३ लाख बराबरको राजस्व संकलन भएको छ । यस तथ्यांकले नेपालमा व्यावसायिक च्याउ उत्पादनको अवसर रहेको पुष्टि गर्दछ ।



आर्थिक वर्ष २०८०/८१ मा नेपालमा च्याउ आयात मूल्य रू. हजार

| देश | परिमाण केजी | आयात मूल्य | आयात राजस्व |
|---|---|---|---|
| चीन | ३१०,९७५ | ८०,७१४ | ४०,३६३ |
| भारत | ९७,२३८ | ३४,९२५ | ५,४४८ |
| हङकङ, चीन | २४ | ७ | २ |
| सर्बिया | ४० | २९० | ७५ |
| थाइल्याण्ड | ६,६३५ | ६,२४५ | १,९४७ |
| संयुक्त राज्य अमेरिका | ० | ० | ० |
| क्यानडा | ० | १ | ० |
| फ्रान्स | ४ | १२ | ३ |
| दक्षिण कोरिया | २०४ | ३७५ | ९७ |
| म्यासेडोनिया | ३० | ३७७ | ९८ |
| अन्य | ४६८ | ४९३ | २४४ |
| संयुक्त अरब इमिरेट्स | १९२ | १११ | ५५ |
| कुल | ४१५,८१० | १२३,५४८ | ४८,३३१ |

*स्रोत : भन्सार विभाग*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर